# लाहुर्निप स्मारिका

# २०७९

नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)
काठमाडौं, नेपाल

**Lawyers' Association for Human Rights of Nepalese Indigenous Peoples (LAHURNIP)**

# लाहुर्निप स्मारिका
# २०६९

**सम्पादन**

अधिवक्ता शान्ति कुमारी राई

**सम्पादन मण्डल**

अधिवक्ता दिनेशकुमार घले
अधिवक्ता शंकर लिम्बू
अधिवक्ता भिम राई
अधिवक्ता टहल थामी
अधिवक्ता मनोज आठपहरिया

**प्रकाशन**

नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

# लाहुर्निप स्मारिका

## २०७९

**सम्पादन** : अधिवक्ता शान्ति कुमारी राई

**प्रकाशन** : नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)

**संस्करण** : प्रथम वि.सं. २०७९ कार्तिक (१००० प्रति)

**सर्वाधिकार** : © लाहुर्निप, २०७९

**आवरण/सज्जा** : यति इन्टरप्राइजेज मो. ९८५१०८४३९३

ईमेल yetienter2016@gmail.com

**मुद्रण** : बी.एल. प्रेस, बागबजार, काठमाडौं

ISBN: 987-9937-1-2997-8

**सम्पादकीय** ..........................................................................................

"**मागेर अधिकार पाइदैन, लडेर लिनु पर्छ**" भन्ने उक्तिलाई आत्मसात् गर्दै २०५१ सालदेखि आदिवासी अधिकार तथा आदिवासी मानव अधिकार प्राप्तिको लागि लाहुर्निप लडिरहेको कुरा सम्बन्धित सबैमा अवगत नै छ ।

लाहुर्निपको लडाईंमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विद्वत् वर्ग, संघसंस्था मानव अधिकारकर्मी, आदिवासी अधिकार अभियन्ता, पत्रकार, सचेत नागरिक समाजलगायत सबै पक्ष, सबै क्षेत्र र सबै समुदायबाट हरतरहको साथ सहयोग, परामर्श र समर्थन प्राप्त भइरहेकोले लाहुर्निप २८ वर्ष पूरा गर्न आज सफल भएको छ । लाहुर्निपले २५ वर्ष पूरा गरी **रजत वर्ष**को उपलक्ष्यमा **लाहुर्निप-स्मारिका** नामक पत्रिका प्रकाशन गर्न जमर्को गरिएकोमा बीचमा विश्व-महामारी (Pendamic) कोभिड-१९ (कोरोना) को प्रकोपको कारणले प्रकाशन कार्य स्थगित हुन पुग्यो ।

हाल लाहुर्निपको २८ वर्ष पूरा हुँदै गर्दा उक्त स्मारिका प्रकाशन गर्न लागिएको छ। यो स्मारिका प्रकाशनार्थ विभिन्न व्यक्तिहरूसंग लाहुर्निप वारेको लेख/रचना उपलब्ध गराउन आग्रह गरिएको थियो, सो आग्रह अनुसार आफ्नो कार्य व्यस्तताको बावजूद विभिन्न लेखक महानुभावहरूले आफ्नो लेख/रचनाहरू उपलब्ध गराउनु भएको छ । लाहुर्निपको रजत वर्षको उपलक्ष्यमा स्मारिका प्रकाशनार्थ माग गरिए बमोजिम प्रायः धेरैजसो लेख/रचनाहरू २०७६ सालमा नै प्राप्त हुन आएको थियो । यी लेख/रचनाहरू जस्ताको तस्तै अहिले यहाँ प्रकाशित गरिएको छ ।

यस स्मारिकामा विभिन्न विद्वान लेखकहरूको विभिन्न लेख/रचनाहरू स्मारिकाको **खण्ड-'क'** मा र लाहुर्निपले २८ वर्षको अवधिभित्र के, कस्तो, किन, कहाँ, कसरी, कति क्रियाकलाप/कार्यहरू सम्पन्न गर्‍यो भन्ने जानकारी तथा **लाहुर्निप-परिचय** सम्बन्धी छोटो विवरण-लेख **खण्ड-'ख'** मा प्रस्तुत गरिएको छ ।

लाहुर्निपको आग्रहलाई सहर्ष स्वीकार गरी आफ्नो अमूल्य लेख/रचना उपलब्ध गराउनु भएकोमा देशी-विदेशी लेखक महानुभावहरूप्रति कृतज्ञता जाहेर गर्दै लाहुर्निप धन्यवाद ज्ञापन गर्दछ। साथै यो स्मारिका प्रकाशन गर्ने क्रममा यति इन्टरप्राइजेजका प्रो. श्री श्यामकुमार गुरुङद्वारा आवश्यक सुझाव तथा सहयोग प्राप्त भएको र लाहुर्निप-कार्यसमितिका सहकर्मी साथीहरू तथा कर्मचारीहरूद्वारा सल्लाह, सुझाव र साथ सहयोग प्राप्त भएकोमा सबैप्रति लाहुर्निप धन्यवाद व्यक्त गर्दछ ।

# विषयसूची


| क.सं. | विधा | लेखक/पंक्तिकार | पृष्ठ |
|---|---|---|---|
| **खण्ड–क** | | | |
| १. | आदिवासीको अधिकार सम्बन्धी आन्दोलनमा..... | डा. कृष्णबहादुर भट्टचन | १ |
| २. | Obscurity of Human Rights and Access to...... | Dr. Bal Bahadur Mukhiya | ४ |
| ३. | संस्थापक अध्यक्षसंग अन्तरवार्ता | अधिवक्ता दुर्गाप्रसाद सुब्बा | ११ |
| ४. | आदिवासी जनजाति आन्दोलनमा लाहुर्निपको भूमिका | बमकुमारी बुढामगर | १३ |
| ५. | लाहुर्निप : मेरो दृष्टिमा | अधिवक्ता टंकबहादुर राई | १६ |
| ६. | लाहुर्निप- नेपालका आदिवासीहरूको मानव..... | गोपाल देवान | १७ |
| ७. | मोरङ जिल्लाका आदिवासी जनजाति गतिविधिः विगत.. | देवराज चौधरी | २० |
| ८. | निस्वार्थ सहयोग | उत्तबहादुर थापा | २४ |
| ९. | LAHURNIP-The Pioneering Indigenous...... | Dr. Siddharth Akali | २५ |
| १०. | Collaborating to enhance land rights of.... | Maarit Rostrom | २९ |
| ११. | नेपालको आदिवासी-अधिकारको लागि अन्तर्राष्ट्रिय.... | अधिवक्ता शंकर लिम्बू | ३० |
| १२. | लाहुर्निप, मानव अधिकार तथा पहिचान | अधिवक्ता दिनेशकुमार घले | ४५ |
| १३. | लाहुर्निपमा मेरो अनुभव र कार्यहरू | अधिवक्ता भिम राई | ५२ |
| १४. | A Journey of LAHURNIP......... | Adv. Tahal Thami | ६६ |
| १५. | लाहुर्निपद्वारा दायर मुद्दाहरू | अधिवक्ता मनोज राई | ७३ |
| १६. | २८ वर्ष | अधिवक्ता शान्ति कुमारी राई | ८६ |
| **खण्ड–ख** | | | |
| १७. | लाहुर्निप-परिचय | शाकुरा (अधिवक्ता) | ९५ |
| १८. | क. लाहुर्निपद्वारा आयोजित कार्य/कार्यक्रम सूची | लाहुर्निप | १०२ |
| १९. | ख. लाहुर्निपद्वारा प्रकाशित पुस्तक/पत्रपत्रिका सूची | लाहुर्निप | १२५ |
| २०. | वर्तमान कार्य समितिको फोटो | लाहुर्निप | १२८ |
| २१. | वर्तमान कर्मचारीको फोटो | लाहुर्निप | १२९ |
| २२. | विभिन्न संघसंस्थाद्वारा प्रदान गरिएको सम्मानपत्र तथा प्रशंसापत्रहरू | लाहुर्निप | १३० |


**स्मारिकामा मुद्रित सामग्रीहरूमा अभिव्यक्त धारणाहरू पंक्तिकार/लेखकका निजी हुन् ।**

# खण्ड–क

# आदिवासीको अधिकार सम्बन्धी आन्दोलनमा लाहुर्निपको योगदान



डा. कृष्ण भट्टचन

## पृष्ठभूमि

उसबेला भर्खरै स्थापना भएको लाहुर्निप, निपडिस्क र आ.वि.स.ले १ सेप्टेम्बर १९९५ का दिन ललितपुरस्थित स्टाफ कलेजको अडिटोरियममा संयुक्त रुपमा आयोजना गरेको एक गोष्ठीमा मैले **नेपालमा आदिवासीको स्थिति र पुनःस्थापना** शीर्षकको कार्यपत्र प्रस्तुत गरेको थिएँ। त्यसबेला नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)को अफिस डिल्लीबजारमा थियो। त्यसबेलादेखि लाहुर्निप र लाहुर्निपका साथीहरू-संस्थापक अध्यक्ष दुर्गाप्रसाद सुब्बादेखि धेरै अघिदेखि अहिलेसम्म कार्यरत शंकर लिम्बू, शान्ति कुमारी राई, दिनेशकुमार घले, भीम राई, टहलबहादुर थामी, लक्ष्मी राई, अमृता थेबे, दुर्गामणि राई (याम्फु), मनोज राई (आठपहरिया) आदिसंग मेरो सहकार्य जारी छ। विगत २५ वर्षको समयतिर फर्केर हेर्दा अहिलेसम्ममा संस्थागत रुपमा लाहुर्निपका धेरै राम्रा पक्षहरू उजागर भइरहेका छन्। केही उदाहरणहरू निम्नप्रकार छन्।

## आदिवासीको आधारभूत मूल्य मान्यताहरूमा प्रष्टतासहित अडिगः

लाहुर्निप आदिवासीको आधारभूत मूल्य-मान्यताहरू खासगरी सामुहिक अधिकार, सामुहिक जीवन पद्धति, आत्मनिर्णय, स्वायत्तता, स्वशासन, प्रथाजन्य कानून, भूमि, भू-भाग र स्रोतमा स्वामित्व र नियन्त्रणको अधिकार, स्वतन्त्र, अग्रीम जानकारीसहितको मन्जुरीको अधिकार, आदिवासी ज्ञानलगायतका सम्बन्धमा प्रष्टतासहित अडिग छ। आदिवासीका कैयन अरु संघसंस्थाका कैयन नेताहरूजस्तो पद, पैसालगायतमा लोभ वा डरको कारणले लाहुर्निप बिचलित भएको देखिएको छैन। यो नै लाहुर्निपको ठूलो नैतिक बल हो। आदिवासीका राष्ट्रिय मात्र नभएर अन्तर्राष्ट्रिय संघसंस्थाहरू र नेताहरूले लाहुर्निपलाई विश्वास गर्नुको कारण र आदिवासीको मानव अधिकार विरोधी राज्य, सरकार र नेपालमा कार्यरत अन्तर्राष्ट्रिय सहयोगी संस्थाहरू लाहुर्निपसंग तर्सनुको कारण पनि यहीं हो- जस्तो लाग्दछ।

## आदिवासीको मुद्दामा कानूनी लडाईंको कमाण्डरः

आदिवासीको मानव अधिकार, आदिवासी हक/अधिकारहरू प्रथाजन्य कानूनका साथै अन्तर्राष्ट्रिय र राष्ट्रिय कानूनसंग सम्बन्धित भएकोले हक/अधिकारलाई राज्य पक्षले उल्लंघन गरेमा, अर्थपूर्ण तरिकाले कार्यान्वयन नगरेमा, वा व्यापारिक कम्पनी र अन्यले दुरुपयोग गरेमा स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय अड्डा-अदालतहरूमा कानूनी लडाईं लड्नु पर्ने हुन्छ। विधायिका संसद्मा प्रस्तुत, छलफल र पारित हुने विधेयक/ऐन वा संविधान संशोधन र यसको कार्यान्वयनबाट उत्पन्न हुने आदिवासीको अधिकारको हनन्का सम्बन्धमा कानूनी लडाईं लड्न पर्ने हुन्छ। संविधानसभाले

संविधानको मस्यौदा गरेको बेला आदिवासी सभासद्लाई आदिवासीको अधिकार सम्बन्धमा सुझाव र संशोधन प्रस्ताव पेश गर्न सहयोग गर्नका लागि 'विज्ञ समूह' (Expert Group) बनाएर सहयोग गरेको थियो ।

हालै काठमाडौं उपत्यकामा नेवार आदिवासीको थातथलोमा सडक विस्तार, फाष्ट ट्रयाक, आउटर रिङ्गरोड, स्मार्ट सिटीलगायतका परियोजनामार्फत नेवारलाई आफ्नै थातथलोबाट उठीबास गर्ने राज्यको षड्यन्त्र विरुद्ध सर्वोच्च अदालतमा रीट हाल्न र अन्तर्राष्ट्रिय मानव अधिकार निकायहरूमा उजूरी गर्न, गैरकानूनी सडक विस्तार विरुद्धको नेवार आदिवासीको आन्दोलनलाई सक्दो सहयोग दिएको, सर्वोच्च आदालतको कारणले कालीमाटी, कलंकी सडक विस्तार रोकिएको, आईएलओमा उजूरी दर्ता भएपछि 'त्रि-पक्षीय विवाद समाधान समिति' बनाएको आदिबाट कानूनी लडाईंमा लाहुर्निपको सहयोगी भूमिका विशिष्ट देखिन्छ । त्यस्तैगरी मर्स्याङ्दी करिडोर २२० केभी विद्युत प्रसारण लाईनका विरुद्ध एफपिक एण्ड राइटेस ग्रुपले लाहुर्निपको सहयोगमा लगानीकर्ता युरोपियन ईन्भेष्टमेण्ट बैंकलाई दिएको उजूरीपछि बैंकले उच्चस्तरीय टोली पठाएर स्थलगत सत्य तथ्य जाँच गरेको र एफपिक गर्नका लागि आवश्यक प्रोटोकल बनाइएर सहयोग गर्न लाहुर्निपलाई अनुरोध गरेकोबाट आदिवासीको मुद्दामा लाहुर्निप कानूनी लडाईंको कमाण्डर भएको सबैले महशूस गरेको देखिन्छ ।

**आदिवासी समुदाय केन्द्रित जनवकालतः**

लाहुर्निपले आदिवासी समुदायलाई केन्द्रमा राखेर सहयोग गर्ने जनस्तरको प्रतिरोध आन्दोलन प्रशंसनीय छ । समुदाय आफैं राजनीतिक दल वा अन्य कारणले विभाजित सबैलाई दलको स्वार्थबाट बाहिर रहेर सामुहिक हित र अधिकारको लागि एक हुन उत्प्रेरणा र सहयोग गरेर बलियो बनाउने प्रयास पनि प्रशंसनीय छ ।

**सामुहिक अधिकारवादी आन्दोलनः**

लाहुर्निपको अर्को राम्रो काम भनेको कानूनी सवालमा मात्र सीमित नभएर सामुहिक अधिकारको आन्दोलनमा होमिनु हो । सामुहिक अधिकारको आन्दोलन हाँक्ने अन्य जातीय संघसंस्थाहरू, राजनीतिक दलको चंगुलमा फँसेर 'जातीय चाडमा विदा देऊ र खोसेको आरक्षणको अधिकार फिर्ता गर' भन्ने जस्ता तपसीलका आन्दोलनमा मात्र टाउको फुटाउने गरी लागेको बेला भूमि, भू-भाग र स्रोतमा स्वामित्व र नियन्त्रणको अधिकार, स्वतन्त्र, अग्रीम जानकारीसहितको मन्जुरीको अधिकार, प्रथाजन्य स्वशासन पद्धतिको अधिकार लगायतका सामुहिक अधिकारका आधारभूत मुद्दाको आन्दोलनमा होमिनु भनेको लाहुर्निपले ऐतिहासिक दायित्व निर्वाह गर्दै आइरहेको देखिन्छ ।

**स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय तहसम्म सबै पक्षबाट पहिचान र सम्मानः**

लाहुर्निपले अहिलेसम्ममा आदिवासी र विरोधीलगायतका सबै पक्षबाट आदिवासीको हक/अधिकारमा निरन्तर अथक रुपमा केन्द्रित भएर काम गर्ने संस्थाको रुपमा आर्जन गरेको विश्वास पनि एउटा महत्वपूर्ण उपलब्धि हो-लाहुर्निप आफैं र आदिवासी आन्दोलन दुवैको ।

**कानूनी मुद्दा, जनवकालत र आन्दोलनबीच सन्तुलित तालमेलः** लाहुर्निपले कानूनी मुद्दा, जनवकालत र आन्दोलनबीच सन्तुलित तालमेल गर्न सकेको देखिन्छ । सुनसरीको थारुहरूको डम्पीङसाईट विरुद्धको सफल आन्दोलन होस् वा विराटनगरको बिराट पोल्ट्री फार्मले गरेको वातावरण प्रदुषण विरुद्धको सफल आन्दोलन होस् वा नेवारले गरेको अवैधानिक सडक विस्तार विरुद्धको सफल आन्दोलन होस्, लाहुर्निप सबैमा कानूनी मुद्दा, जनवकालत र आन्दोलनबीच सन्तुलित तालमेल राख्न सफल भएको देखिन्छ ।

**वास्तविक अर्थमा टीमवर्कः** आदिवासी र अन्य संस्थामा काम गर्ने टीमबीचको एउटा देखिने फरक अन्य प्रायमा बोर्डका सदस्यहरू आफैंबीच वा बोर्डका सदस्यहरू र स्टाफबीच परियोजना कार्यान्वयन, अध्ययन, अनुसन्धान, विदेशमा सहभागिता, आर्थिक कुराहरूमा विवाद, किचलो भएर एक-अर्काको खुट्टा तान्ने, गुटबन्दी गर्ने र एकले अर्कोलाई काम गर्न बाधा अवरोध हाल्ने गरेको देखिन्छ । यसको विपरीत लाहुर्निपमा एक-अर्कोलाई सहयोग गर्ने, विशेषज्ञताको आधारमा कार्य गर्ने/गराउने र सम्बद्ध सबैलाई संलग्न गराउने भएकोले अरुभन्दा फरक र सफल देखिन्छ ।

**मानव अधिकार उल्लंघनको अनुगमन र प्रतिवेदनः**
टीकापुर काण्डमा राज्य पक्षबाट थारु आदिवासी विरुद्ध भएको ज्यादतिदेखि मधेश आन्दोलनको बेला राज्य पक्षबाट भएका मानव अधिकार उल्लंघनका घटनाका सम्बन्धमा लाहुर्निपले स्थलगत अध्ययन गरी प्रतिवेदन सार्वजनिक गर्ने जस्ता उल्लेखनीय कार्यहरू गर्दै आएको छ ।

**दूरगामी महत्वको आदिवासी सवालमा कार्यशाला, अन्तरक्रिया, परामर्श गोष्ठी, अध्ययन अनुसन्धान, प्रकाशन र कोर्ष सन्चालनः**
लाहुर्निपले आदिवासीको अधिकारको सम्बन्धमा दूरगामी महत्वको आदिवासी सवालमा कार्यशाला, अन्तरक्रिया, परामर्श गोष्ठी, अध्ययन, अनुसन्धान र प्रकाशन गर्ने गरेको पाइन्छ । नेपालको संविधान (२०७२) लाई आदिवासीको दृष्टिकोणबाट चिरफार गरेर '**कालो संविधान**'को रुपमा कालो कभरपेजमा छापिएको पुस्तकको महत्व धेरै छ । आदिवासी सवाल र विधि, आदिवासी र कानून, आदिवासी दर्शन, आदिवासी महिलाका सम्बन्धमा नयाँ पुस्ताका नेता तथा बौद्धिकहरूलाई ज्ञान पुस्तान्तरण गर्न तयारी गरिरहेको र अन्ततः आदिवासी कलेज हुँदै आदिवासी विश्वविद्यालय चलाउनेसम्मको दूरदृष्टि राखेको पनि समसामयिक देखिन्छ ।

पुनश्चः लाहुर्निपले सुधार गर्नुपर्ने कुराहरूमा वेवसाईटलाई प्रभावकारी रुपमा अपडेट गरी आवश्यक सूचना, जानकारी, लेख/रचना, प्रतिवेदन, अदालतको फैसला आदि सहज उपलब्ध हुनेगरी सुधार्न भने जरुरी छ ।

# Obscurity of Human Rights and Access to Justice in Nepal



Dr. Bal Bahadur Mukhia[1]

It is a great pleasure for me to have been given an opportunity to write article for the Journal to be published by Lawyers' Association for Human Rights of Nepalese Indigenous Peoples (LAHURNIP). This article may entail some errors for which the author of this article may be forgiven as it has been written in very hurriedness situation. The writer of this miniature article believes that the upcoming journal of LAHURNIP will be milestone achievement, on the basis of LAHURNIP's consistent work of advocacy to promote human rights and fundamental freedoms since its inception.

## 1. Introduction

Sanctity of person has important place and human being occupies the focal position of all the movement and development of society. Man can be understood only as a part of properly functioning social whole (Acquinas). There are certain basic values of human existence which are self evident irreducible basic goods and practical reasonableness is required to achieve human good (Finnis). Right to dignified life, self protection and preservation cannot be retracted. Men are equal and free to act, derive certain natural rights i.e right to life, liberty and property (John Locke). Liberalism is the situation that promotes and protects liberty of people (Martin P. Goldings). Each person is to have an equal right to the most extreme total system of basic liberties compatible with a similar system of liberty for all which focuses at the priority of liberty, social and economic inequalities are to be arranged so that they are both reasonably expected to be everyone's advantage and attached to the positions and others open to all (John Rawls). Ronald Dworkin has evolved a thesis of rights which gives absolute priority to individual rights. Robert Nozick (individual libertarian) asserts to establish minimal state which calls for limited to tapering functions. Liberty is almost by definition, abstract, it is measured by the absence of control or restraint, fear, by contrast, is immediate and palpable (David Cole). Liberalism based on neutrality takes as fundamental the idea that the government must not take sides of moral issues and it supports only such egalitarian measure as can be shown to be the result of that principle. Liberalism based on equality takes as fundamental that government treats its citizens as equally and insists on moral neutrality only to the degree that equality requires. Post-modernism contemplates the exhilarating the moment of rapture as well.

Based on the aforementioned discourse it may be affirmed that human rights includes all the natural rights of human being, and these are gift from nature and are inalienable rights of human being.

---

1. Professor of Law, Tribhuvan University, Advocate & Authorized Translator. Email: balbahadurm0@gmail.com.

UNESCO published in 1968 a collection of text from different cultural traditions and periods of history tried to draw the universality of the notion of individual rights or as the title puts it "The Birth right of Man". Individual worth can be found in the work of sages, philosophers, prophets and poets. International human rights regime consists of those international norms, process, institutional arrangements as well as activities of domestic and international pressure groups directly related to promoting respect for human rights.

Every person shall, immediately after birth, be **recognized as a person** and be entitled to exercise rights under law until he or she survives[2]. **Right to Name**[3]**:** (1) Every person shall, immediately after birth, have right to name and be entitled to use the given name respectfully. (2) Every person shall have the right to defend his or her name, reputation and prestige and such right shall not be transferable to others. (3) No person may abuse another's name. **To attain competency**[4]**:** (1) Every person who attains eighteen years of age shall be considered to become a major, and shall, in the same capacity, be considered to be legally competent. (2) A person who is competent under sub-section (1) may, subject to law, exercise, bear and discharge any right, obligation and duty whatsoever.

## 2. Notion of Human Rights and Justice

2.1 **Human Rights**: Three kinds of rights such as human rights, fundamental rights and legal rights are important subject matters in the jurisprudential studies and these rights are required to be recognized and realized by every civilized state. ***Human right*** includes all the natural rights of human being. Every individual needs immunity from direct or indirect injuries, immunity from arbitrary coercion, immunity from mental, physical, emotional injuries, immunity of the feelings and susceptibility including desire for privacy. With the fast developing civilization and modernization vulnerability is also increasing. The aim of all political association is the conservation of the natural and inalienable rights of man (The French Declaration of Rights of Citizen 1789). These rights are liberty, property, sanctity and resistance to oppression. A number of international conventions have been adopted respecting the sanctity of person. Regarding the philosophical foundation of the concept of human rights the main stream of human rights origin has been found in the liberal democratic traditions.

Guarantee of human rights after II World War has occurred in the world and all human rights are universal, indivisible, and interdependent. International community treats human rights globally in a fair and equal manner. The opening words of Universal Declaration of Human Rights (UDHR), 1948 express a conception of man. All human beings are born free and equal in dignity and rights. Since the adoption of UDHR), 1948 including various Conventions

2. Muluki Civil Code, Sec.30, 2015 (2074 B.S)
3. Ibid Sec.31
4. Ibid, Sec. 32.

and Declarations concerning human rights that deal with ***inter alia*** genocide, elimination of racial non-discrimination, abolition of slavery, civil and political rights, economic, social and cultural rights, right to seek asylum, right of disabled, right against torture, inhuman, degrading treatment, right of child labour, elimination of discrimination against women, right of refugee incorporating the principle of ***non-refoulment*** etc. have been endorsed.

A development of human rights has been one of evolution. A concern for civil and political rights which was the 18th century was gradually matched by a demand for social, economic and cultural rights. The third generation of human rights is increasingly recognized as a legitimate universal aspiration for human kind rights to peace, development and clean environment protected from destruction. In 1961 UN General Assembly adopted the Declaration on the Right to Development. Fourth generation of human rights is recognized as humanitarian law and refugee law. The international community treats human rights globally in a fair and equal manner. It is the duty of states regardless of their political, economic and cultural system to protect and promote human rights and fundamental freedoms. Article 55 of the Charter of the United Nations Organization in (c) provides universal respect for and observation of human rights and fundamental freedoms for all without distinction as to race, sex, language or religion. International Covenant on Civil and Political Rights (ICCPR) in Article 6(1) mentions that every human being has the inherent right to life which shall be protected by law and no one shall be arbitrarily deprived of his life. Everyone is entitled to all rights and freedoms.

Non-derogable rights listed in the UDHR[5] and ICCPR are: Rights to life, liberty and security of persons, Freedom from torture, or cruel, inhuman and degrading treatment and punishment, Freedom from slavery or servitude, Recognition as a person before law, Freedom of thought, conscience and religion, Freedom from arbitrary arrest and detention, Freedom from inference in privacy of home and family. The Helsinki Final Act known as CSCE process regards the predominance of human rights and fundamental freedoms and benefits of such an expansion of human rights and freedoms should be equally accessible to all categories of population. Human rights law provides a set of universal standards that states must observe in their treatment of people under their jurisdiction. Nepal has ratified more than 23 International Human Rights Instruments including the ILO Convention 169.

**2.2 Justice:**

Justice is an ultimate value of jurisprudence. Justice is one of the complex principles in jurisprudential studies. It is true that person with grievances are those who raise the issue of justice (Cahn). Justice is never given, it is always the task to be achieved (Fredrich). Man is found always in search of justice. The idea of Aristotle has been still considered as superior when compared to other people's idea his pioneer analysis of justice still found serving. In the process of evolution justice came to be

---

5. UDHR is a customary international law that has gained binding status though it is a morally obligatory law in nature.

honoured as the "supreme principle of all principles" (John Rawls). According to Rawls the primary subject of justice is the basic structure of society, or exactly, the way in which the major social institutions distribute fundamental rights and duties and determine the division of advantages from social cooperation. According to him, the political institutions and principal economic and social arrangements are made by major institutions. Thus the legal protection of freedom of thought and liberty of conscience, competitive markets, private property in the means of production, and the monogamous family are examples of major social institutions. To him, these major institutions define men's rights and duties and influence their life prospects, what they can be and how well they can hope to do. The basic structure is the primary subject of justice.

The conception of justice argued for demands by Rawls are (i) the maximization of liberty subject only to such constraints as are essential for the protection of liberty itself. In other words, liberty can be restricted only for the sake of liberty. (ii) Equality for all, both in the basic liberties of all social life and also in the distribution of all forms of social goods, subject only to the exception that inequalities may be permitted if they produce the greatest possible benefit for those least well off in a given scheme of inequality (the difference principle) and (iii) Fair equality of opportunities and elimination of all inequalities of opportunities based on birth or wealth.

**3. Obscurity in Guaranteeing human rights, fundamental freedom and Access to Justice in Nepal**

As Nepal being endowed with beautiful landscape, panoramic view of Himalaya, lofty mountains, attractive water resources, rich bio-diversity, diverse culture and pleasant climate, and multi-racial, multi-lingual, multi-cultural and multi-religious having geographical diversity characteristics including the expression of full commitment to fundamental rights incorporating in Article 16-47 in the Constitution of Nepal 2015(2074 B.S) there are a lot of challenges and issues in ensuring human rights and fundamental freedoms to, generally, all categories of population, and particularly, including the indigenous peoples and other minority groups. Right against torture has been guaranteed by the UDHR, ICCPR and European Convention on Human Right 1950 at regional level. Right Against Torture has been enshrined in Article 22 of the existing Constitution of Nepal. Nepal has acceded to the Convention Against Torture, and other Cruel, Inhuman or Degrading Treatment or Punishment 1984 and Nepal has Torture Compensation Act 1996 as well. The Country (Muluki) Criminal (Code) Act 2017(2074 B.S), Country (Muluki) Criminal Procedure (Code) Act 2017(2074 B.S) and Criminal Offence (Punishment and Sentencing) Act 2017 (2074 B.S) which have come into operation from the month of August 17, 2018 (Bhadra 1, 2075 B.S), The Country (Muluki) Criminal (Code) Act 2017(2074 B.S) has added new provisions relating to offense against slavery, genocide, match fixing, allegation of witch, expelling from house during menstruation period (chhaupadi pratha), social exclusion, inhuman treatment, offense against public health and offense related to untouchability which were not previously included in the laws of Nepal. An internal conflict proliferated in Nepal, humanitarian law was seen

violated with increasing frequency- torture, rape, murder, threats, inhuman treatment, rampant violence, insecurity, hostile situation, internal displacement, domestic violence, women and girls in trafficking, massive human rights violation had been in occurrence in Nepal.

There is the existent of another struggle for guaranteeing the exercise of ***non-derogable rights*** in Nepal as listed in UDHR and ICCPR as mentioned above. The Article 17(1) of the existing Constitution provides that no personal shall be deprived of his or her personal liberty except in accordance with law and as Nepal being the Party to many human rights instruments should follow the provisions of due process of law while indicting any Nepali citizen and it may be pertinent to recall the idea of Stammler who envisaged that man must be treated as an end himself not as the mere object of an arbitrary will, John Locke also contemplated that government can never have a right to destroy, enslave or designedly to impoverish subjects, albeit, there are multiple occurrences of arbitrary arrest and detention occurred in the country, a few to mention are extra-judicial execution (Manoj Pun been said to have called gangster was shot dead at Devdaha Municipality of Rupandehi District on February 21, 2018), likewise, impunity, violation of human rights and problem of providing transitional justice, multiple cases of rape, grave violation of human rights, for instance, Doromba incidence, Madi incidence, Maina Sunar case, Nirmala Pant's case (Nirmala Pant was being raped and murdered, but the culprits were not been apprehended by the Nepal police department as of November, 2019). Furthermore, on the Women's Day i.e March 8, 2018 Radha Chaudhary, aged 18 years, resident of Ghodaghodi municipality 5 of Kailali district was being thrashed repeatedly in the morning when the victim was sweeping the court- yard alleging her witch, the Villagers remained mere spectators This type of act was very disgusting. In the past also some of the tragic incidence of punishing women alleging practicing of witch-craft took place in far-flung rural areas of Nepal.

Supreme Court of Nepal delivered the verdict in the case ***Liladhar Bhandari et.al v. Government of Nepal et.al 2009*** that impunity during the conflict violation of human rights can not be tolerated, the government must be accountable and take responsibility to ensure remedy for rights violation during the conflict. In the case ***Jayakishor Lal v. District Police of Dhanusha, Janakpur,*** 2009 said that transitional justice and right to remedy must be established. Common Article 3 of the Geneva Convention 1949 and Protocol II to General Convention applies to the non-international armed conflict. In this connection, the Supreme Court delivered verdict regarding the domestication of of IHL, in the case ***Rajaram Dhakal v. Office of the Prime Minister et.al***.(2007). Regarding torture, the court ordered the Government of Nepal to criminalize torture and provide compensation to victim in the case of ***Rajendra Ghimire et.al v. Office of the Prime Minister et.al*** (2007) and the Supreme Court in the case of ***Rabindra Prasad Dhakal v. the Government of Nepal et.al*** (2007) ordered the Government to enact legislation to protect persons from enforced disappearance.

The Supreme Court of Nepal in the case of ***Bhim Prasad Oli v. Prime Minister and Council of Ministers (Writ No.3394, 2005 (2061 B.S)*** issued direction to the Government of Nepal to determine the flawless policy taking the responsibility of providing compensation to the enforced disappeared persons during the ten years of insurgency in Nepal and to provide relief materials without any discrimination. When we talk about ***the political will and Justice*** as the two sources of law in pursuance of this it would be better to cite one case in Nepal in which two persons were found innocent as per the decision of the Supreme Court of Nepal after being imprisoned for a period of 8 (eight) years and six months, viz. Bhupdwoj Basnet, aged 73 years and Nayaendra Bahadur Rai, aged 63 years et.al were sent to prison on October 23, 2008 (Kartik 7, 2065 B.S) by the order of the District Court, Solukhumbu indicting them accused of committing murder Lok Bahadur Bishwoikarma by a gun. Appeal was submitted at the Appellate Court, Rajbiraj (now High Court) approved the decision of the district court lessening 5 (five) years in case of Bhupdwoj as being old aged. They also said that they had to spend twelve hundred thousand rupees in searching for justice. Finally, the Supreme Court decided that they were found not guilty, so, questions may arise where the lacunae in justice system- investigation system or prosecution system ?

Nepal Communist Party (Maoist) declared Peoples War in Nepal particularly from February 13, 1996 to December 31, 2006, during that period human rights violation was escalated and 13347 people were killed, thousands of people were displaced and equally many hundreds of people faced enforced disappearance. Preamble of the ***UN Declaration on the Protection of All Persons from Enforced Disappearance,*** 1992 has defined, "Enforced disappearances occurs in the sense that persons are arrested, detained or abducted against their will or otherwise deprived of their liberty by officials of different branches or levels of Government or by organized group or private individuals acting on behalf of, or with the support, direct or indirect ,consent or acquiescence of the Government, followed by a refusal to disclose the fate or whereabouts of the persons concerned or a refusal to acknowledge the deprivation of their liberty, which places such persons outside the protection of the law." Rome Statute (ICC) deals with genocide, crime against humanity, war crimes and crime of aggression"[6] The Government of Nepal and Communist Party of Nepal (Maoist) signed the Comprehensive Peace Accord (CPA) on November 21, 2006.

After the establishment of the **Commission of Investigation on Enforced Disappeared Persons (CIEDP) and Truth and Reconciliation Commission (TRC)** established on February 11, 2015 (Magh 28, 2071 B.S) altogether **60,695** cases have been filed (57753 at the CIEDP and 2942 cases relating search of the disappeared persons at the TRC). **Commission of Investigation on Enforced**

6. PROF. DR. BAL BAHADUR MUKHIA, COMPARATIVE JURISPRUDENCE PART-I (Revised ed), Malati and Tamanna Mukhia, Kathmandu, Nepal, 413, (July 19, 2019)

**Disappeared Persons (CIEDP) and Truth and Reconciliation Commission (TRC**) Act 2014 aims mainly to find out and publish the incidents of grave violation of human rights committed during the armed conflict, create environment conducive for sustainable peace and development enhancing the spirit of good faith and tolerance in the society, provide reparation to the victims and to recommend for legal action against those found involved in the serious offences. The number of the disappeared citizens is not found uniform. The number of the disappeared citizens is not found uniform. The number of disappeared person as per the Record of Ministry of Peace and Reconstruction is 1723, NHRC is 988, ICRC is 1334, Family of Society of Fighters is 1095 and CIEDP is 2942 respectively.

**4. Conclusion**

Administration of justice and application of rule of law concept in reality is very weak and judicial system seemed to have been lacking to be pro-poor and pro-oppressed. Large mass of people are economically and educationally deprived and the other hand leadership has been the synonym of power and acquisitiveness, post and facility oriented instead of job and result oriented. The primary objective of modern government is administration of justice is required to be ensured. Legal certainty and procedural fairness are fundamental requirement of good governance. Observation of rule of law, transparency of law, timely changes and modification of law, effective implementation of laws, fiscal discipline, eradication of poverty, exploitation, discrimination, protection of life, liberty and property, accountability of the government to the Parliament, competent and independent judiciary, effective and efficient use of human and physical resources, result and service oriented programs, equitable distribution of opportunity are necessary for improvement of easy access to justice and strengthen rule of law in the country.

Traditional judicial behavior resembling to the bureaucratic traditionalism has to be replaced by judicial activism. Libertarian activism and equalitarian activism are needed. It is expedient to make judiciary effective, efficient, hardworking, disposal oriented, intelligent for speedy dispensation of justice. For this scientific management of courts is necessary and to equip the courts with following requirements new technology like computerization system, cases storage, tracking and retrieval system, case flow management, listing, batching. effective and efficient mobilization of men, money, materials and method. To simplify court procedures in order to avoid dilatory procedures, maintain professional ethics, eradicate mal practices. Free legal aid is required to be made effective for genuine, poverty ridden and needy people. Judiciary has to be socially motivated and to play a activist role to provide easy access to justice by initiating and establishing or making arrangement to institutionalize effective Free Legal Aid to indigent, poor people they cannot afford high priced lawyers, costly litigation and rigorous of ***locus standi*** limitations. Alternative Dispute Resolution (ADR) is required to be persuaded.

## संस्थापक अध्यक्षसंग अन्तरवार्ता



**अधिवक्ता दुर्गाप्रसाद सुब्बा**
(संस्थापक अध्यक्ष)

आमा यशोदा इजम तथा बुबा जगतमान सुब्बाको माहिलो छोराको रुपमा मिति २००४ भाद्र ४ मा ताप्लेजुङ जिल्ला साविक थेचम्बु गा.वि.स. वडा नं.-३ आवेबुङ्मा जन्म भई काठमाडौं जिल्ला काठमाडौं, महानगरपालिका वडा नं.-४ बालुवाटार निवासी हाल न्यूयोर्क, अमेरिका बस्ने एम.ए., बी.एल.डिग्री प्राप्त, २९ वर्ष कानून व्यवसाय र ७ वर्ष प्राध्यापन गरेका, किरात याक्थुङ चुम्लुङ-अमेरिका, जनजाति महासंघ-अमेरिकाको पूर्व सल्लाहकार तथा एन.आर.एन.ए.को पूर्व Board of Director, नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) का संस्थापक अध्यक्ष अधिवक्ता दुर्गाप्रसाद सुब्बासंग 'लाहुर्निप स्मारिका' सम्पादन मण्डलको प्रतिनिधिले गरेको सम्वाद यहाँ प्रस्तुत गरिएको छ ।

✂ तपाई हाल न्यूयोर्क अमेरिकामा बस्नुहुन्छ । नेपाल फर्कने योजना के छ ?

⌘ २/४ वर्ष भित्रमा फर्कने सोंचाइमा छु । हेर्दै जाऊँ, कस्तो हुन्छ ।

✂ नेपालको पूर्वी दुर्गम क्षेत्र ताप्लेजुङ्मा जन्मी त्यो बेलामा नै उच्च शिक्षा हासिल गर्न सफल हुनु भएको देखिन्छ भने कानूनमा स्नातक डिग्री चाहिं कहिले प्राप्त गर्नुभयो ?

⌘ विगत वि.स. २०२९ सालमा अर्थशास्त्रमा स्नातकोत्तरको उपाधि हासिल गरेपछि कानून अध्ययनतर्फ लागें । २०३० मा कानून स्नातकको प्रथम भाग र २०३१ सालमा कानून स्नातकको दोस्रो भाग पूरा गरी कानूनमा स्नातकको डिग्री प्राप्त गरेको हुँ ।

✂ तपाईले कहिलेदेखि अदालतमा वकालत गर्न शुरु गर्नु भयो ? तपाईको ल फर्म कहाँ थियो र नाम के थियो ?

⌘ मैले गत २०३३ सालमा सर्वोच्च अदालतबाट कानून व्यवसायीको इजाजत प्राप्त गरी गतः २०३४ सालदेखि काठमाडौंमै वकालत शुरु गरेको हुँ । शुरुमा भू.पू. न्याय कानूनमन्त्री स्व. नरेन्द्रकुमार प्रधान, नूतन थपलियासमेत भएको 'सिद्ध कानूनी सेवा' नामक ल फर्मबाट वकालत शुरु गरें । त्यसपछि आफैले ल फर्म स्थापना गरी विभिन्न ठाउँमा सार्दै काम गरियो ।

✂ नेपालको आदिवासीहरूको मानव अधिकार र आदिवासी अधिकारवारे तपाईमा कसरी चेतना संचार भयो ?

⌘ आफू स्वयं एउटा कानून व्यवसायी भएको र 'अधिकार' विषय एउटा कानून व्यवसायीलाई स्वभावतः चासो, सरोकार र महत्वको विषय भएको र नेपालका आदिवासीहरूको मानव अधिकारको स्थिति अत्यन्तै दर्दनाक, पीडाजन्य एवं अपमानजनक रहे/भएकोले सो क्षेत्रमा संगठित ढंगले काम गर्न चेतना संचार भएको हो ।

✂ लाहुर्निप संस्था स्थापना गर्ने दूरदृष्टि (VISION) तपाईकै हो । यो संस्था स्थापना गर्ने विचार तपाईमा कसरी आयो ?

⌘ त्यो समय हामी आदिवासी जनजाति वकिलहरू कमी-कमी नै थियौं । आदिवासी वकिल (कानून व्यवसायी) हरूलाई आदिवासीहरूको मानव अधिकार सम्बन्धी प्रश्नमा बढी ध्यान दिन, चासो, सरोकार अभिवृद्धि गर्न/गराउन जरुरी थियो। यस उद्देश्यका लागि आदिवासी वकिलहरूलाई संगठित गरी संस्थागत ढंगबाट समाजलाई योगदान गर्न प्रेरित गर्नु समयको माग थियो। उल्लिखित सोंचाई भन्नु होस् या उल्लिखित अवधारणाको विकास हुनुको पछाडि मूलतः नेपालका आदिवासीहरूलाई सत्ता पक्षले युगौं-युगदेखि गरिआएको उपेक्षा, विभेद, दमन, शोषण र अपमानजनक व्यवहार नै अवधारणागत विकासको स्रोत थिए र हो।

✂ 'लाहुर्निप' संस्था स्थापना गर्ने संस्थापक अध्यक्ष तपाई नै हुनुहुन्छ। त्यो समयमा तपाईलगायत अरु को-को हुनुहुन्थ्यो ?

⌘ 'संस्था' २०५१ साल पौष २३ गते गठन भएको हो। यो संस्था मेरो अध्यक्षतामा गठन भएको थियो। समितिको विभिन्न पदाधिकारीको नाम, पद सम्झना रहेन।

✂ यो संस्था कहिले, कहाँ दर्ता भएको छ ?

⌘ यो संस्था २०५१ साल फागुन १८ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता भएको हो।

✂ तपाईले यो संस्थालाई के को लागि जन्म दिनु भएको हो ?

⌘ माथि नै उल्लेख भइकेको छ कि 'नेपालका आदिवासीहरूको मानव अधिकार संरक्षण एवं सम्वर्द्धन' का लागि उक्त संस्थाको जन्म भएको हो।

✂ तपाईले जन्म दिएको संस्था के फलेफूलेको जस्तो लाग्छ ?

⌘ संस्था क्रमिक ढंगबाट अगाडि बढिरहेको जस्तो लाग्छ।

✂ तपाईको हेराई र बुझाईमा 'लाहुर्निप' के गर्दैछ ?

⌘ राष्ट्रिय स्तरमा आदिवासीहरूको अधिकारका लागि संस्था पहिलेभन्दा बढी सक्रिय एवं व्यापक बन्न गएको छ। धेरै आदिवासीहरू आफ्नो मानव अधिकार संरक्षण, सम्वर्द्धनका प्रश्नमा 'लाहुर्निप' संस्थालाई आफ्नो प्रतिनिधि सरह महशूस गर्न पुगेको प्रतीत हुन्छ। संस्थाको अन्तर्राष्ट्रिय उद्देश्य प्राप्तिको क्षेत्रमा आपसी सम्बन्धको विकास र विस्तार गर्दै जानमा अपेक्षाकृत सफलता हासिल गर्न सफल भएको छ।

✂ 'लाहुर्निप' अहिले अन्तर्राष्ट्रियकरण भइसकेको भन्छन् अरु। यसमा तपाईको भनाई र दृष्टिकोण कस्तो छ ?

⌘ अन्तर्राष्ट्रियकरण गर्न/गराउनमा धेरै हदसम्म सफलता हासिल गरेको छ।

✂ नेपालका आदिवासीहरूको मानव अधिकार हनन् विरुद्ध 'लाहुर्निप' ले लगातार काम गर्दै आएको पनि साढेदुई दशक भइसक्यो। यसमा तपाईलाई कस्तो अनुभूति भइरहको छ।

⌘ सन्तोष लागेको छ। 'संस्था' जन्मन गाह्रो हुन्छ। जन्मेपछि बाँच्न, बचाउन, हुर्काउन झनै गाह्रो हुन्छ। विरासतलाई बचाउँदै अगाडि बढोस् भन्ने मेरो धेरै-धेरै शुभकामना।

⌘ 'लाहुर्निप' को अहिलेको अवस्था हेर्दा, बुझ्दा तपाईलाई कस्तो लाग्छ ? यसमा तपाईको सल्लाह, सुझाव तथा प्रतिक्रिया केही छन् कि ?

⌘ 'संस्था' को जिम्मेवारीलाई जति बढी प्राज्ञिक, ओजनदार बनाउन सकिन्छ र कामको बाँडफाँडलाई जति बढी चुस्त एवं वैज्ञानिक बनाउन सकिन्छ, उति नै बढी उपयोगी हुने गर्दछ । संगठन पक्ष सर्वाधिक महत्वपूर्ण हुने हुनाले यसको संगठन पक्षलाई अद्यावधिक, विस्तार र विकास गर्दै लैजानसमेत उतिकै जरुरी एवं वान्छनीय हुन्छ ।

⌘ २०७६ साल 'लाहुर्निप' को Silver Jubilee हो । यस वारेमा तपाईको सन्देश/भनाई के छ ?

⌘ वर्तमान 'कार्य समिति' लाई हार्दिक बधाई तथा संस्थाको उत्तरोत्तर प्रगतिको लागि धेरै-धेरै शुभकामना । ⌘⌘

# आदिवासी जनजाति आन्दोलनमा लाहुर्निपको भूमिका



**बमकुमारी बुढामगर**
(पूर्व-रापंस)

**पृष्ठभूमिः**
नेपालमा आदिवासी जनजातिहरूको आदिम शासन सभ्यता चल्दै रहेको अवस्थामा पश्चिम नेपालबाट आर्यहरूको प्रवेश भई १२ औं शताब्दीतिर खासगरी मगर जातिको आडमा प्रवेश गर्दै बसोवास गरेको मानिन्छ । अठार मगरात भाषा (पाङ)मा विशाल भूमिहरूको नामका अर्थ पाइएबाट बुझ्न सकिन्छ । हाल सूचीकृत भएका आदिवासी जनजाति ५९ वटा समूह र अरु सूचिकृत हुन पहल गरिरहेका आदिवासी जनजातिका साझा सवालहरूको पैरवी गर्न गठित लाहुर्निप संस्था मानव अधिकारको पक्षमा उभिएको छ । हाल कार्यान्वयनको लागि प्रस्तावमा रहेको नेपालको संविधान (२०७२) बारेमा सवाल उठाउन र आवश्यक विषय संशोधन गराउन कार्यरत रहेको उक्त संस्था आदिवासी जनजातिको **आशाको केन्द्र** मानिएको छ । गत १० वर्ष चलेको सशस्त्र द्वन्द्व र सशक्त जन-आन्दोलनमा राजनीतिक शक्ति र सामाजिक संगठनहरूको संयुक्त प्रयासबाट नेपाल देशको परिवर्तन सम्भव भएको हो, सो समय लाहुर्निप संस्था साधक भई स्थापित भएको हो । लाहुर्निप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्याख्या र कार्यान्वयन गराउन नेपाल सरकारलाई बाध्य बनाउदै आएको छ । आदिवासी जनजातिको अधिकार सम्बन्धी पारित संयुक्त राष्ट्र संघीय घोषणापत्र (UNDRIP), २००७ अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ (ILO 169) जस्ता दस्तावेज पालना गराउन महत्वपूर्ण भूमिका खेल्न लाहुर्निप संस्था सक्रिय रहदै आएको छ ।

**नेपालको संविधान** (२०७२) **कार्यान्वयनः**

नेपालको संविधान (२०७२) नेपालका आदिवासी जनजातिहरूको ठूलो भौतिक तथा अभौतिक, अर्को अर्थमा मूर्त तथा अमूर्त संस्कृति प्रयोग भएर यो रुपमा आएको हो । अझै पनि कार्यान्वयनको लागि प्रस्तावमा रहेको हुँदा राजनीतिक संस्थामा प्रत्यक्ष सहभागी रहेका आदिवासी जनजाति नेताहरूले आफ्नो भूमिकालाई ऐतिहासिक महत्वका साथ उभ्याउन जरुरी छ । किनभने संविधान अन्तर्गत धेरै कानून बनाउने क्रममा विगतकै शासनमा प्रयोगमा रहेका धेरै कानूनहरूलाई घुमाउरो तरिकाले जन-अनुमोदन गराउने काम भइरहेको छ । यो अभ्यास संघीय सरकारमा भइरहेको छ भने स्थानीय सरकारमा राजनीतिक अभिमुखीकरण प्रशिक्षणको अभावमा सरकार चल्दैछ । संघबाट केही पदाधिकारीहरू खटाएर पठाइयो भने आँखा चिम्लेर समर्थन गर्ने अवस्था रहेको छ । प्रदेश सरकार नामाकरणको जाल बुन्न पहिलो जिम्मेवारी ठान्दैछ । १० वर्षीय सशस्त्र द्वन्द्व र सशक्त जन-आन्दोलनमा पहिचानको झुट्टा आशा देखाएर ऊर्जा खर्च गराई अन्तमा पंचायती शासन संरचनाकै अंचल र विकास क्षेत्रको नामाकरण नै कायम हुँदैछ । संघीय लोकतन्त्र भनेको के हो ? यसको अर्थ नै धरापमा पारिदैछ । दुई पटक गठन भएको संविधानसभा २०६४ र २०७० लाई अध्ययन गऱ्यो भने अघिल्लोको तुलनामा पछिल्लो गठन खस्किएको मानिन्छ । राजनीतिक सहमतिको अभावमा शक्तिपृथकीकरणको सिद्धान्त विपरीत निर्णय गरी न्याय क्षेत्रका प्रमुख व्यक्तिको नेतृत्वमा सरकार प्रमुख बनाई दोस्रो पटक संविधानसभाको सम्पन्न निर्वाचन २०७० मा गठन भयो । २०६४ मा गठित संविधानसभा अन्तर्गत '**आदिवासी जनजाति ककस**' बनाई आदिवासी जनजातिका अधिकार सुनिश्चित गर्नका लागि भएका महत्वपूर्ण कामको लागि लाहुर्निप संस्थाको अहम् भूमिका रह्यो । विडम्बना ! तत्काल बाबुराम भट्टराईको नेतृत्वमा रहेको सरकारले २०६९ जेठ १४ गतेका दिन २०६४ मा गठित संविधानसभा विघटन गरियो । देशमा अन्योलको स्थिति आयो । राजनीतिक सहमति गर्न १७ (सत्र) पटकसम्म सरकारको नेतृत्व कुन दलले लिने ? भनी प्रधानमन्त्री पदको निर्वाचन गरियो । कसैको पक्षमा आवश्यक मत प्राप्त हुन सकेन । अन्तिममा तत्कालीन प्रधानन्यायधीश खिलराज रेग्मीको अध्यक्षतामा सरकार बनाई निर्वाचन कार्य अगाडि बढाइयो । विस्तारै संविधान निर्माणको साथै वि.सं. १९१० को मुलुकी ऐनलाई विभिन्न कोणबाट सक्रिय बनाउदै आदिवासी जनजातिका परम्परागत मान्यता र संस्कृति कमजोर गराउने काम भयो । यस बेला लाहुर्निप आफ्नो भूमिकामा पछाडि हटेन । आदिवासी जनजातिको मानव अधिकारका लागि बहश, अन्तरक्रिया, प्रकाशन जस्ता कार्यमा प्रसंशनीय काम गरेको छ । बरु सामाजिक संस्थाहरूमा कार्यरत नेताहरू राजनीतिक भागबण्डा र केही शक्तिको प्रभावमा परेका छन् भन्न सत्यता नै मानिन्छ । वर्तमान राजनीतिक सत्तामा जसरी हुन्छ, आर्यमूलक जाति सहभागी गराइएको छ । तल्लो इकाई/वडामा एकजना दलित महिला सदस्य सहभागी गराउदा ७५३ स्थानीय पालिकाको कम्तीमा ५ वटा वडा पर्दछन् भने त्यो ठूलो सहभागिता हो । तर आदिवासी जनजाति घनावस्तीमा समेत आरक्षण छैन, जुन

परम्परागत साँस्कृतिक अधिकारलाई उपेक्षा गरिएको छ, जनसंख्यालाई प्रतिनिधित्वको मुख्य आधार बनाई, आदिवासी जनजातिको मुख्य थातथलोमा प्रतिनिधि संख्या उल्लेखनीय रुपमा कटौती भएको छ, जसको परिणाम भविष्यमा खराब प्रभाव पर्नेछ। कुनै राष्ट्रिय वा अन्तर्राष्ट्रिय महत्वका विषयमा मतदान गर्ने अवस्था परेमा पहिचानको अर्थ जनाउने भूमिमा बस्ने जनता अल्पमतमा पर्ने अवस्था पर्न जान्छ। वर्तमान अवस्थामा अवसरको पछि मात्र लागेर समुदाय बिर्सनु भविष्यको अन्धकार बाटो रोज्नु जस्तो हो।

**लोकतन्त्रको मर्म र भावनाः**

बहुजातीय, बहुसाँस्कृतिक देश नेपालको लोकतन्त्र बहाली त्यसरी मात्र हुन्छ, जसरी जनताले खुशी र सरल तरिकाले आफ्नो भाषा तथा संस्कृतिलाई व्यवहारमा पाउँछन्। वर्तमान संविधानमा राज्य पुनः संरचना भएको नामाङ्कन र सीमाङ्कनहरू सम्बन्धित ठाउँमा बसोवास गर्ने जातिहरूका भाषाबाट परिचित नामलाई उल्लेख नगरी संस्कृत र खसभाषाको अर्थ आउने नाम राखिएका छन्। विभिन्न धार्मिक तथा साँस्कृतिक चाडपर्वका दिनहरू विदा दिन अप्ठारो मानी कुन दिन विदा पर्छ भन्ने कुरामा सरकारी कार्यालयमा काम गर्ने कर्मचारीहरूसमेत जानकारी-विहीन रहेका छन्। लोकतन्त्र कसरी बहाली हुन्छ ? यसको कार्यान्वयन गर्ने संयन्त्र नै सक्षम छैन भने संविधान "हात्तीको देखाउने दाँत" मात्र हो त ? भन्ने प्रश्न उठ्ने गरेको छ। चपाउने दाँतले मात्र पेट भरिन्छ, देखाउने दाह्राले होइन। राष्ट्रिय जनावर मानिएको गाईको मासु खाने तमाम समुदाय छन्, कट्टर हिन्दू धर्मका अनुयायीहरूद्वारा संचार माध्यममा पत्रकार र वक्ताबीच एउटै धार निर्माण गरी, "धर्म निरपेक्ष वारेमा आन्दोलन भएकै छैन", भन्दै लोकतन्त्रको सही बहाली विरुद्धमा आवाज उठाउदै छन्। जनयुद्धमा सोझा, सिधा जनताले आफ्नो वस्तीमा खाइपाई आएका खाद्य वस्तुहरूमध्ये एक गाई/गोरुको मासुलाई उपयुक्त साधन बनाउने अवसरवादी नेताहरू चूप लागेर बस्दछन्, बोल्ने फूर्सद पाउँदैनन्। उनी नखाऊन्, तर खाँदै आएका जनताको मुख बुजो लाउन मिल्दैन।

लाहुर्निप संस्थाको हालको भूमिका अत्यन्त महत्वपूर्ण छ। आदिवासी जनजातिहरू आफ्नो धरातल बिर्सेर क्षणभरको सुविधामा अलमल गर्नु भएन। राष्ट्र र राष्ट्रियता हाम्रो हातमा छ। नेपालको हावापानीमा विभिन्न ठाउँमा भेष-भूषाबाट परिचित भई वातावरणीय अनुकूल बिचरण गर्न जानेका छौं। राजमार्ग केन्द्रित ५ वटा राजधानीहरूको लागि थप अवसर प्राप्त तथा हिन्दू संस्कृतिको समृद्धिको सपना बोक्ने वर्तमान राजनीतिक अवस्था छ। अब प्रस्तावित संविधान आदिवासी जनजातिको लागि बिरालो नभएको घन्टी जस्तो बनेको छ। संघ/संगठन चलाउदै आएका नेताहरू पार्टीको पुच्छर होइन, सामाजिक संगठनको टाउको हुँ, भन्ने प्रत्येक नेताले सोंचेर अघि बढ्नु पर्छ। साथै प्राविधिक तथा कानूनी सहयोग लिन लाहुर्निप संस्थाको ढोका पनि चौबीसै घण्टा खुला रहनु पर्दछ।

# लाहुर्निप : मेरो दृष्टिमा



टंकबहादुर राई

नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)ले आदिवासी अधिकार प्राप्तिको निम्ति विभिन्न प्रकारका कार्यहरू आफ्नो स्थापना कालदेखि गर्दै आएको, जसको संक्षिप्त विवरण यहाँ प्रस्तुत गरिएको छ।

**अदिवासी अधिकारको वकालतः**
आदिवासी अधिकारको विभिन्न क्षेत्रमा न्यायलयलगायत यस संस्थाले दृढतापूर्वक वकालत गर्दै आएको छ। आदिवासी अधिकारलाई कुण्ठित या कमजोर पार्ने कुनै पनि प्रकारको कार्यको प्रतिरोध गरेको छ।

**अन्तर्राष्ट्रिय मंचमा पहुँचः**
नेपालका आदिवासीहरूले भोगिरहेको स्थिति, उनीहरूले अधिकार उपभोग गर्न पाएको वा नपाएको स्थिति वारे अन्तर्राष्ट्रिय मञ्चमा जानकारी गराउनमा लाहुर्निपले यथासक्य प्रयास गरेको छ।

**मानव अधिकार वारे जानकारीः**
देशमा आदिवासी अधिकार बारे देशको सबै भाग र सबै समूहमा पर्याप्त चेतना नदेखिएको अवस्थामा आफ्नो अधिकार वारे जानकारी प्रदान गर्न गोष्ठी, प्रशिक्षण, अन्तरक्रियामार्फत प्रयास गरेको छ।

**रोजगारीको अवसर प्रदानः**
कैयौं आदिवासीहरू स्वदेशमा बेरोजगार रहनु परिरहेको अवस्थामा यस संस्थाले विभिन्न पदहरू सिर्जना गरी सो पदहरूमा आदिवासीहरूलाई राम्रो रोजगार प्रदान गर्दै आएको देखिन्छ।

**सरकारको ध्यानाकर्षणः**
आदिवासी अधिकार सम्बन्धमा सोको उपभोग आदिवासीहरूले उचित मात्रामा नपाएको स्थितिमा त्यसतर्फ सरकारको ध्यानाकर्षण गराएको छ।

**दवाबमूलक कार्यक्रमः**
आदिवासीहरूको अधिकारलाई कुण्ठित गराउने कार्य देशको सत्ताधारी, प्रतिपक्ष वा कुनै पनि पार्टी वा समूहबाट भएमा त्यसलाई रोक्न दवाबमूलक कार्य गर्दै आएको छ।

**सत्ताको गलत दवाबको प्रतिरोधः**
आदिवासीहरूको नाममा स्थापना गरिएका विभिन्न नामधारी संस्थाहरू क्रमशः कुनै पार्टीको भातृ संस्था, सहयोगी वा कठपुतली संस्थाको रुपमा परिणत भई केही व्यक्तिको स्वार्थ पूरा गर्ने र पार्टीहरूको चाकरी गर्ने वा ती पार्टीमा पदोन्नति गर्ने माध्यमको रुपमा संस्थालाई प्रयोग गर्ने प्रवृत्ति बढिरहेकोमा त्यस प्रकारको दवाबको प्रतिरोध यस संस्थाले गर्ने प्रयास गर्दै आएको छ।

**उपर्युक्त बुँदाहरू-जसका सबल पक्षहरू छन् भने निम्न केही कमजोर/दुर्बल पक्षहरू पनि छन्ः**

**अन्तर्राष्ट्रिय अनुदानमा आधारित हुनुः**
यो संस्थाको मूल आयस्रोत आदिवासीसंग सम्बन्धित अन्तर्राष्ट्रिय संस्था (INGO) रहेको छ र यो स्रोत बन्द हुनासाथ यो संस्थाको गतिविधि ठप्प हुने सम्भावना रहेको देखिन्छ।

**विवादास्पद प्रतिनिधित्व**

आदिवासीसंग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय मंचमा यस संस्थाले प्रतिनिधि पठाउने गर्दै आएकोमा आदिवासी अधिकार वारे ठोस योगदान गरिसकेका व्यक्तिहरू पनि रहेका छन् भने कतिपय आदिवासी अधिकार वारे योगदान नगरेका वा कम योगदान गरेका वा सो अधिकार वारे कमै जानकारी प्राप्त व्यक्ति पनि रहने गरेको छ। यसले गर्दा आदिवासीको प्रतिनिधित्व विवादास्पद रहने सम्भावना देखिन्छ।

सारांशमा भन्नुपर्दा केही कमजोरी भए पनि यस संस्थाको मूल स्वरुप सकारात्मक रहेको वा यसमा सबल पक्षकै बाहुल्य रहेको छ र आदिवासी अधिकारको क्षेत्रमा यसले गर्दै आएको प्रयास प्रशंसनीय छ।

# लाहुर्निप– नेपालका आदिवासीहरूको मानव अधिकाररुपी रुक्षाकवच



**पत्रकार गोपाल देवान**
आदिवासी मानव अधिकार प्रतिरक्षक, क्षेत्रीय संयोजक

"आदिवासी मानव अधिकार सम्बन्धी आन्दोलन सिद्धान्तबाट होइन, समस्याबाट उठान हुनु पर्दछ" भन्ने लाहुर्निपले विकास गरेको अवधारणाबाट म प्रवाभित भएँ र लाहुर्निपसंग निकट हुन पुगें। लाहुर्निपसंग मेरो आबद्धता जहिलेदेखि भयो, मेरो जीवनमा एउटा फड्कोको शुरुवात् भएको छ। मैले २०४३ सालमा एसएलसी पास गरेपछि पंचायती निरङ्कुताका काला कानूनहरूको अध्ययन गरेर त्यो व्यवस्था ढाल्ने सङ्कल्पसहित कानून विषयको अध्ययन आरम्भ गरेको थिएँ। पछि प्रथम ऐतिहासिक जन-आन्दोलन, २०४६ को सशक्त धक्काले पंचायती व्यवस्था धोद्रो परेको रुखजस्तै ढल्यो। त्यसपछि मैले कानूनको अध्ययन गर्नु पर्छ भन्ने ठानिन। मेरो अध्ययनको पहिलेदेखि अहिलेसम्म जागीर खानु नभएर एउटा लक्ष्यको आपूर्ति रहिआएको छ। तर जब लाहुर्निपसंग सम्पर्कित भएँ, मैले महत्व नदिएर छाडिराखेको मेरो कानून सम्बन्धी अध्ययन लाहुर्निपका साथीहरूको अभिप्रेरणाका कारण पुनः शुरु गरें। किनकी उत्पीडन, बहिष्करण, अन्याय, विभेद्को एउटा पाटो सकिए पनि अर्को पाटो त ज्यूँकात्यूँ रहेछ। अब मैले अध्ययनको अर्को लक्ष्य भेट्टाएँ र मैले एल.एल.बी. सकाएको छु।

पहिले वर्गीय विभेद्को लागि राजनीतिक सङ्घर्षमा होमिएको मैले लाहुर्निपमा आएर जातीय पहिचानको लागि आफ्नो शक्ति र क्षमता खर्च गर्नुपर्ने तत्वज्ञान प्राप्त गरें र जातीय मूक्तिका लागि कानूनी लडाईंमा होमिएको छु। यो नयाँ बाटो र दिशा मलाई लाहुर्निपले दिएको हो। वास्तवमा नेपालका उत्पीडित, बहिष्कृत, विभेदित र शोषित आदिवासी समुदायहरूको सामुदायिक मानव

अधिकारको एकमात्र **रक्षाकवच हो- लाहुर्निप ।** लाहुर्निपको अवधारणा नै नेपालका आदिवासी समुदायहरूको अधिकार स्थापित गर्न कानूनी लडाईं लड्नु हो र अहिले म स्वयं लाहुर्निपको दिशा निर्देशनमा नेपालका आदिवासी समुदायहरूको विपक्षमा रहेका नेपाल राज्यका कानूनहरूका साथै विश्वका आदिवासीहरूको हितमा रहेका अन्तर्राष्ट्रिय कानूनहरूको अध्ययन मात्र गरिरहेको छैन, तिनीहरूको कार्यान्वयनका लागि लाहुर्निपको **क्षेत्रीय आदिवासी मानव अधिकार प्रतिरक्षक** भएर व्यावहारिक रुपमा परिचालित पनि भइरहेको छु ।

लाहुर्निपसंगको साक्षात्कार मेरो लागि एउटा नयाँ यात्रा भएको तथा एउटा गतिको शुरुवात् हो तथा नयाँ दिशाको पहलकदमी हो । त्यसैले म अहिले नेपालका उत्पीडित, बहिष्कृत, विभेदित र शोषित आदिवासी समुदायहरूको सामुदायिक (सामुहिक) मानव अधिकारको एकमात्र रक्षाकवचरुपी लाहुर्निपमा आबद्ध भएर नेपालका आदिवासी समुदायहरूको मानव अधिकार स्थापित गर्न कानूनी लडाईं लडिरहेको छु । यो लडाईंको दुईवटा आयामहरू छन् । पहिलो आयाम- आदिवासी मानव अधिकार, मानव अधिकार नै होइन, अर्थात् सामुदायिक (सामुहिक) मानव अधिकारको कुनै सैद्धान्तिक वा वैचारिक आधार छैन भन्ने ढोङ्गी मान्यता विरुद्ध लड्दै मानव अधिकारको क्षेत्रमा पछिल्लो समयमा अवतरित अवधारणा भए पनि यो अहिलेको विश्वमा सबैभन्दा अहम् र सशक्त मानव अधिकार हो भन्ने कुरा स्थापित गर्नु हो । दोस्रो आयाम- आदिवासी मानव अधिकार सम्बन्धी लडाईं आदिवासी जनसमुदायहरूमै आफ्ना मानव अधिकारको वारेमा सचेतना अभिवृद्धि गर्नु हो । लाहुर्निपको एक प्रतिबद्ध आदिवासी मानव अधिकार प्रतिरक्षकको रुपमा काम गर्ने सन्दर्भमा अहिले मैले गरिरहेको कामहरू यहीं दुई आयाममा केन्द्रित रहेका छन् ।

शुरुवाती दिनमा राष्ट्रिय मानव अधिकार आयोगबाट समेत मान्यता नदिइएको आदिवासी मानव अधिकार वारे अहिले आयोगभित्रै आदिवासी मानव अधिकार डेस्क स्थापना भएको छ । लाहुर्निपको कानूनी लडाईको यो एउटा महत्वपूर्ण जीत हो । लाहुर्निपले देशका विभिन्न भागहरूमा भएका आदिवासीहरूको भूमि, संस्कृति र प्राकृतिक स्रोतहरूमाथिको अतिक्रमण विरुद्ध बारम्बार स्थलगत रिपोर्टहरू तयार गरी मानवअधिकार आयोगका विभिन्न तहहरूमा प्रस्तुत गरेपछि मात्र आयोगले आदिवासी मानव अधिकारप्रति मान्यता दिएको हो । आदिवासी मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ (आई.एल.ओ. महासन्धि-नं.१६९, १९८९) आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र (युएनड्रीप), २००७ र सबैखाले विभेद् विरुद्धका महासन्धिलगायतका अन्य प्रतिज्ञापत्र, घोषणापत्रहरूको आधारमा लाहुर्निपले लड्दै आएको कानूनी लडाईंको प्रतिफल नै आयोगको सकारात्मकता हो ।

लाहुर्निपले नेपालका आदिवासीहरूको मानव अधिकार रक्षाका लागि कानूनी लडाईं लड्ने सन्दर्भमा तीनवटा आयामहरूमा काम गर्दै आइरहेको छ । पहिलो हो-सचेतना । यस अन्तर्गत लाहुर्निपले राष्ट्रिय, क्षेत्रीय, स्थानीय र अन्तर्राष्ट्रिय स्तरका कानूनी तथा आदिवासी मानव अधिकारसम्बन्धी सचेतना कार्यक्रम, गोष्ठी, तालीम र सेमीनार गर्दै आएको छ । दोस्रो मानव अधिकार हनन्का घटनाहरूको स्थलगत अवलोकन, प्रतिवेदन तयारी, सम्बन्धित सरकारी निकायमा दर्ता र कानूनी

उपचारका लागि कानूनी परामर्श एवं मुद्दा दायर गर्ने काम हो । यस अन्तर्गत देशभरि रहेका लाहुर्निप मानव अधिकार प्रतिरक्षकहरूले विनापारिश्रमिक र विनासुविधा स्वयंसेवा गरिरहेका छन् । लाहुर्निपको यो एक सबल पक्ष हो । यो कार्यले देशका विभिन्न भागमा भएका आदिवासी मानव अधिकार हनन्का घटनाहरू-जस्तो कि हाईड्रो पावरका कारण विस्थापन, हाईटेन्शन लाईनका कारण स्वास्थ्यमाथि असर तथा भूमिबाट उठीबास, आदिवासी पहिचान र ज्यूँदो इतिहासरुपी चिहानहरूको विनाशटीकरण, थारु जातिको साँस्कृतिक भूमि अतिक्रमण, वन्यजन्तु आरक्ष, सैनिक ब्यारेक, विकासका विविध आयोजनाहरूका नाममा हुने अतिक्रमण र विस्थापनलाई नियन्त्रण र नियमन गर्ने, रोक्ने र उत्पीडित आदिवासी समुदायहरूलाई उचित क्षतिपूर्ति र मुआब्जा दिलाउने काम गर्दै आइरहेको छ। कानूनी लडाईंको यो आयाममा आदिवासी मानव अधिकार हनन्का घटनाहरू वारे लाहुर्निपले जेनेभास्थित अन्तर्राष्ट्रिय निकायमा जानकारी गराएको थियो ।

लाहुर्निपको कानूनी लडाईंको तेस्रो आफूले गरेका विभिन्न कामहरूको दस्तावेजीकरण र त्यसको नियमित प्रकाशन हो । लाहुर्निपले देशका विभिन्न भागमा भएका आदिवासी मानव अधिकार हनन्का घटनाहरूको प्रतिवेदन, आदिवासी मानव अधिकार हनन् विरुद्ध भएका आदिवासी समुदायको सङ्घर्षका गाथा, आदिवासी मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानूनहरू वारेमा प्रकाशनहरू पनि गरिरहेको छ । यी यस्ता लिखित र प्रकाशित दस्तावेजहरू हुन्, जसले नेपालका उत्पीडित, बहिष्कृत, विभेदित र शोषित आदिवासी समुदायहरूको सामुदायिक (सामुहिक) मानव अधिकार स्थापना गर्न थप बल पुऱ्याउदछन् र आदिवासीहरूलाई मानव अधिकार प्राप्तिको लडाईंमा इन्धन थप्ने काम गर्दछ ।

लाहुर्निपले आदिवासी मानव अधिकार स्थापना गर्ने सन्दर्भमा माथिका तीन आयामिक कामहरूका साथै एउटा महत्वपूर्ण अवधारणाको विकास गरेको छ । नेपालका आदिवासीहरू जतिसुकै उत्पीडित भए पनि राजनीतिक पार्टीहरूमा विभाजित छन् । समुदायको स्वार्थभन्दा व्यक्तिगत स्वार्थ भजाउन कुनै न कुनै पहिचान विरोधी, जातीय मुक्ति विरोधी पार्टीहरूमै आबद्ध रहेका छन्, जसले गर्दा आदिवासी मानव अधिकार सम्बन्धी आन्दोलन उठान गर्दा पार्टीगत रुपमा विभक्तीकरण हुने गर्दछ । यो अत्यन्त दुःखदायी कुरा हो । नेपाली समाजमा पार्टीको पकडहावी रहेसम्म यसलाई बदल्न सकिन्न । त्यसले लाहुर्निपले विकास गरेको अवधारणाले भन्छ- ‘आदिवासी मानव अधिकार सम्बन्धी आन्दोलन सिद्धान्तको आधारमा होइन, समस्याको आधारमा उठान हुनु पर्दछ ।’ सिद्धान्तले समुदायलाई विभाजन गर्छ । समस्याले भने एकता गराउछ किनभने समस्याले सबैलाई उस्तै चोट दिन्छ, उहीं दुःखाई हुन्छ । त्यसैले यो वा त्यो पार्टीभन्दा पनि आफ्नो समुदायको अधिकार स्थापना गर्ने क्रममा समुदायको साझा समस्यामा केन्द्रित हुनुपर्दछ ।’ लाहुर्निपको यो अवधारणाको आधारमा काम गर्दा मैले धेरै मुद्दामा सहजता र सफलता प्राप्त गरेको छु। यो अवधारणालाई आदिवासी समुदायहरूबीच अझ बलियो गरी स्थापना गर्न सकियो भने आदिवासी समुदायहरू संगठित हुनेछन् र आदिवासी अधिकारको लडाईं सशक्त बन्नेछ ।

# मोरङ जिल्लाका आदिवासी जनजाति गतिविधिः विगत र वर्तमान



देवराज चौधरी

**परिचयः**

नेपाल आदिवासी जनजाति महासंघ, जिल्ला समन्वय परिषद्, मोरङको गठन २०६४ साल श्रावण २४ गते विश्व आदिवासी दिवस ९ अगष्टको दिन पारेर मोरङ जिल्लामा संगठित २० वटा जातीय संस्थाहरू मिलेर विराटनगरको वीरेन्द्र सभागृहमा श्री देवराज चौधरीको अध्यक्षतामा ११ सदस्यीय समिति निर्वाचित भएको थियो । यो प्रथम ऐतिहासिक समिति थियो । त्यस समयमा मोरङमा ६५ गाउँ विकास समिति, १ उप-महानगरपालिका रहेको थियो भने हाल १७ वटा पालिकाहरू रहेका छन् । सबै पालिकाहरूमा नेपाल आदिवासी जनजाति महासंघ गठन भइसकेको छ ।

**गतिविधिः**

यस नेपाल आदिवासी जनजाति महासंघ मोरङले आफ्नो परिचयको लागि २०६४ सालको दशैं, तिहार र छैठ् पर्व पारेर प्रशासनिक कार्यालय, औद्योगिक व्यापारिक प्रतिष्ठान, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दलहरूलगायतलाई निमन्त्रणा गरेर शुभकामना आदान- प्रदान, चियापान साथै साँस्कृतिक पहिचान झल्कने गरी परिचयात्मक कार्यक्रम गरेको थियो । त्यसलगतै २०६४ साल माघ २४ गते विराटनगरको शहीद रंगशालामा १५ हजार आदिवासी जनजाति भेला भई बृहत् आदिवासी जनजाति साँस्कृतिक कार्यक्रम गरेका थिए । त्यसपछि महासंघले ६५ वटै गाउँपालिका र १ उप-महानगरपालिका विराटनगरमा समिति विस्तार गर्ने कार्य गर्दै गएको थियो ।

त्यसलगतै महासंघले विराटनगरको अतिथि सदनमा ILO No. 169 बारे तालीम तथा रक्तदान कार्यक्रमको आयोजना गऱ्यो, सो तालीममा विराटनगरस्थित UNMIN (United Nation Mission in Nepal) कार्यालयका कर्मचारीहरू सृजना सुब्बा र अंशु गुरुङले आदिवासी जनजाति महासंघका पदाधिकारी र जातीय संस्थाहरूलाई प्रशिक्षण दिएका थिए । त्यसपश्चात् जिल्ला विकास समिति मोरङमा प्रतिनिधित्व गर्ने राजनैतिक दलहरूलाई र मोरङ जिल्लाका प्रशासनिक कार्यालय र विषयगत कार्यालयका प्रमुखहरूलाई ILO No. 169 र UNDRIP, 2007 बारे लाहुर्निपका उपाध्यक्ष-अधिवक्ता दिनेश घले र सचिव अधिवक्ता शंकर लिम्बूले प्रशिक्षण दिनु भएको थियो ।

नेपाल आदिवासी जनजाति महासंघ, मोरङका पदाधिकारीहरू तथा जातीय संस्थाहरूले तालीम, प्रशिक्षण लिइसकेपछि महासंघ मोरङले प्रत्येक गाउँ विकासहरूमा समिति गठन गर्दै प्रशिक्षण दिने काम गऱ्यो । प्रशिक्षणपश्चात् जिल्ला महासंघले जि.वि.स.बाट, गाउँ महासंघले गाउँ विकासबाट नगर महासंघले नगरबाट बजेट छुट्याउने साथै बजेट लिएर कार्यक्रम गर्न सफल तथा सक्षम भएर आफैं कार्यक्रम गर्न थाले । जिल्ला महासंघले विदेशी INGO हरू Action Aid लगायत धेरैसंग आफैं प्रस्ताव (Proposal) हालेर कार्यक्रम गरेको थियो ।

**प्रशिक्षण तथा सफलताः**

नेपाल आदिवासी जनजाति

महासंघ मोरङले प्रशिक्षण गरेपश्चात् र नेपालका आदिवासीहरूको मानव अधिकार सम्वन्धी वकिल समूह (लाहुर्निप)का वकिलहरूले कानूनी बाटो देखाएपछि सक्षम भएर आफ्नो अधिकारको लागि आवाज उठाउन र कानूनी उपचारका लागि भिड्न थाले। आदिवासी जनजातिहरूको लागि सिफारिश दिने काम गरियो। आदिवासी जनजातिहरूलाई गाउँ विकास समिति र नगरपालिकाहरूबाट बजेट छुट्टयाउने व्यवस्था गरियो। जिल्ला विकास समितिमा नेपाल आदिवासी जनजाति महासंघको सिफारिशमा एकजना उपाध्यक्ष र चारजना सदस्यहरू मनोनित गराउने काम गरियो। आयमूलक/शीपमूलक तथा चेतनामूलक कार्यक्रमहरू जिल्लाभरी संचालन गरियो। नेपाल आदिवासी जनजाति महासंघले जिल्ला विकास समिति मोरङबाट बजेट लिई आवश्यकता अनुसार जातीय संस्थाहरूलाई बजेट दिने काम गरियो।

**प्रथम– डंग्राहा फोहोर मैला प्रशोधन परियोजना:**

मोरङ जिल्लाको डंग्राहा गा.वि.स. वडा नं. ५ मा नेपाल सरकार र फिनल्याण्ड सरकारको सहयोगमा २७ विघा जग्गा खरिद गरी ९८ करोडको लागतमा बनाउन लागेको क्षेत्रीय फोहोर मैला प्रशोधन परियोजनाको कारणले थारुहरू विस्थापन हुने देखेर नेपाल आदिवासी जनजाति महासंघ मोरङले विरोध शुरु गऱ्यो।

- ❖ १३ अक्टोबर, २०११ मा पहिलोपल्ट पत्रकार महासंघसंग मोरङमा पत्रकार सम्मेलन गरी खारेजीको माग गरियो।
- ❖ विभिन्न चरणमा नेपाल आदिवासी जनजाति महासंघ, थारु कल्याणकारिणी सभा र नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)का वकिलहरूसंग परामर्श र सल्लाह सुझाव लिने काम गरियो।
- ❖ १६ अक्टोबर, २०११ मा नेपाल आदिवासी जनजाति महासंघ मोरङ र थारु कल्याणकारिणी सभाले संयुक्त रुपमा बृहत् विरोध ऱ्याली विराटनगरमा प्रदर्शन गऱ्यो।
- ❖ १७ अक्टोबर, २०११ मा क्षेत्रीय फोहोर मैला प्रशोधन परियोजनामा ज्ञापनपत्र बुझाइयो।
- ❖ ४ नोभेम्बर, २०११ मा जिल्ला विकास समितिको हलमा सर्वदलीय संयन्त्रको बैठकमा खारेजीको माग गर्दै विरोधपत्र बुझाइयो।
- ❖ १४ अप्रील, २०१२ मा सरकारका प्रतिनिधि र आदिवासी जनजाति महासंघ र संघर्ष समितिबीच ल्याण्डफिल्ड साईटमा गएर छलफल गरियो।
- ❖ त्यसपश्चात् आदिवासी जनजाति महासंघका पदाधिकारी र सरकारी प्रतिनिधि आई.एल.ओ.का कन्ट्री डायरेक्टर, फिन्ल्याण्ड दूतावासका प्रतिनिधि, फिनल्याण्ड सरकारको प्रतिनिधि, नेपाल सरकारको माननीय सभासद्लगायत विभिन्न चरणमा छलफल, वार्ता तथा टेलिभिजन वार्ता भयो।
- ❖ अन्त्यमा फिनल्याण्ड सरकारको महामहिम राजदूत विराटनगर आएर पत्रकार सम्मेलन गरी नेपाल सरकारलाई सहयोग नगर्ने गरी सम्झौता तोडियो, प्रोजेक्ट खारेज भयो।

**दोस्रो– थारुहरूको आस्थाको केन्द्र ग्रामथान:**

महेशपुर ग्रामथान पूजा, थारुहरूको परम्परागत धार्मिक, साँस्कृतिक आस्थाको केन्द्र, प्रत्येक साल बैशाख १६ गते थारु, राजवंशीलगायतका आदिवासीहरूले थानमा जाँड, रक्सी, बोका, परेवा,

सुंगुर चढाएर पूजा गर्ने चलन रहेको छ । अहिलेसम्म पनि यो प्रचलन चलिआएको छ । २०६७ साल बैशाख १६ गते स्थानीय थारुहरूले पूजा गर्दै मेला गरिरहेको समयमा प्रहरी हवल्दार कप्लेश्वर स्वर्णकारलगायत घिनाघाट चौकीबाट खटिएको प्रहरीले जाँड, रक्सी चढाउन नदिने र मेला कमिटीसंग पैसा मागेकोले विवाद भई तत्कालै प्रहरी नायब उपरिक्षक डी.एस.पी. रेवती ढकालको आदेशमा ५ गाडी प्रहरी परिचालन गरी मेलामा जाने र पूजा गर्नेलाई लाठीचार्ज गरी घाइते बनाएको र केही बच्चाहरूलाई पक्राउ गरी यातना दिएको विरोधमा नेपाल आदिवासी जनजाति महासंघ मोरङले जिल्ला अदालत मोरङमा क्षतिपूर्ति र सजायँको माग दावी गर्दै २०६७ बैशाख २८ गते सम्मानित जिल्ला अदालतमा मुद्दा दायर गरियो ।

२०६८ जेष्ठ ९ गते माननीय न्यायाधीश मेघनाथ भट्टराईको इजलासमा लाहुर्निपका सचिव अधिवक्ता शंकर लिम्बूले बहश गरेपछि नेपाल सरकारबाट पीडितलाई क्षतिपूर्ति वापत १५ हजार र प्रहरीलाई सचेत गराउने निर्णय भएको उदाहरणीय जीत भएको थियो ।

**तेस्रो– उर्मिला राजवंशी हत्या प्रकरणः**

मोरङ जिल्ला विराटनगर ४ बस्ने राजकुमार राजवंशीका पत्नी २७ वर्षे उर्मिलादेवी राजवंशीलाई जिल्ला मोरङ विराटनगर वार्ड नं. ४ बस्ने किरणसिंह बस्नेतले हिमगिरी सो इण्डष्ट्रिजमा काम दिएर आफ्नै घरमा काम गराउने गरेकोमा मिति २०६९ साल असोज २१ गतेको राति आफ्नै घरमा बलात्कार गरी हत्या गरेको सो बिहान प्रहरीले नाङ्गै अवस्थामा मृतक फेला पारेको र सो मुद्दामा आदिवासी जनजातिहरूले आन्दोलन गरेपछि मात्र किरणसिंह बस्नेतलाई नियन्त्रणमा लिई मुद्दा चलाएको थियो । २०६९ साल कार्तिक २० गते सम्मानित जिल्ला अदालतबाट पुर्पक्षमा राख्ने आदेश भएको थियो । यो मुद्दामा उर्मिलादेवी राजवंशीको तर्फबाट मोरङमा कुनै पनि कानून व्यवसायीले मुद्दा बहश गर्न नमानेकोले लाहुर्निपका वकिलहरू अधिवक्ता भिम राई र अधिवक्ता लक्ष्मी राई, आदिवासी अभियन्ता वकिलहरू अधिवक्ता राजकुमार राजवंशी र अधिवक्ता शान्ति मोदीले बहश गर्नु भएको थियो । किनकी किरणसिंह बस्नेत पहुँचवाला पूर्व-वनमन्त्री बद्री बस्नेतको छोरो हो । पछि सो मुद्दा ८ पौषमा पहुँचको बलमा पुनरावेदन अदालतका माननीय न्यायधीश गोपालप्रसाद पराजुलीले २०६९ फागुन १० मा बहश सुनी काठमाडौं गएको र पछि २०६९ फागुन १७ गते पहिलेकै न्यायधीशलाई साथमा राखी इजलास गठन गरी २०६९ फागुन २० गते प्रमाण नपुगेको देखाई किरणसिंह बस्नेतलाई थुना मूक्त गरिदियो । पछि पीडित र नेपाल आदिवासी जनजाति महासंघ मोरङले न्यायधीश गोपालप्रसाद पराजुली विरुद्ध न्याय परिषद्मा उजूर गरियो र सर्वोच्च अदालतमा पुनः लाहुर्निपकै अधिवक्ताहरू दिनेश घले, शंकर लिम्बू, भिम राई र लक्ष्मी राईले बहश गरेपछि पुनः थुनामा राख्ने आदेश भयो । यसरी अधिकार स्थापित गराइयो ।

**चौथोः विराट पोल्ट्री फार्मः**

रंगेली नगरपालिकाको बेतौनामा ३५ विघा जग्गामा अरबौंको लगानीमा राज्य सत्तामा रहेका नेता र शक्तिमा रहेका उच्च ओहोदाका कर्मचारीहरूले संचालन गरेको विराट पोल्ट्री फार्मले त्यस वरपरका गाउँवस्ती र आदिवासी जनजातिलगायतका समूहहरू झिंगाबाट आतंकित भएका थिए । सम्बन्धित स्थानीय समुदायले केही गर्दा पनि सो उद्योग बन्द गर्न सकेन र पछि नेपाल

आदिवासी जनजाति महासंघमा उजूरी गरे । त्यसपछि महासंघले लाहुर्निपसंग कानूनी परामर्श लिएर आन्दोलन र मुद्दा गरेपछि सो उद्योग बन्द भयो र स्थानीयले झिंगा आतंकबाट मूक्ति पाए ।

**पाँचौं– सिर्सीयाका सन्थाल समुदाय घरबारविहीनः**

जहदा गाउँपालिकाको लक्ष्मणीयादेखि तरिगामा हुँदै भारतको सीमानासम्म जाने सडक विस्तार हुँदा सडक किनारामा बसोवास गरेका सिर्सीयाका सन्थाल समुदाय घरबारविहीन भयो । यो सन्थाल समुदायको लागि गाउँपालिकादेखि अदालत हुँदै विदेशी निकायसम्म भिड्दै, पहल गर्दै गर्दा नेपाल आदिवासी जनजाति महासंघको पहल र लाहुर्निपको कानूनी सहायताबाट हाल सिर्सीयाका सन्थाल समुदायलाई सोही ठाउँमा रहेको सन्थालहरूको समाधिस्थल नजिक अढाई विघा जग्गामा LWF र गाउँपालिकाकै सहयोगमा ३२ घर सोलार ट्वाइलेट/बाथरुमसहितको घर बनाई घरधनी बनाइयो ।

**छैठौं– अवैध रुपमा निकासीः**

केराबारी नगरपालिकाको लेटाङ्गस्थित चिसाङ खोलामा माफियाहरूले ढुंगा र गिटी भारत तथा बंगलादेश लाँदै गरेकोमा नेपाल आदिवासी जनजाति महासंघको पहलमा रोकियो ।

**सातौं– महासंघको भवन शिलान्यास तथा उद्घाटनः**

मोरङ जिल्लाको केरौन गाउँविकास हाल कानेपोखरी गाउँपालिकामा नेपाल आदिवासी जनजाति महासंघ केरौनको माग अनुसार नेपाल आदिवासी जनजाति महासंघ मोरङको पहलमा जि.वि.स. मोरङ र कानेपोखरी गाउँपालिकाको सहयोगबाट जिल्ला महासंघका अध्यक्ष देवराज चौधरीद्वारा शिलान्यास भई २ तल्ले भवन लाहुर्निपका उपाध्यक्ष अधिवक्ता दिनेश घलेले उद्घाटन गरी संस्थाको भवन निर्माण भएको उदाहरणीय काम गरिएकोछ ।

**अन्तर्राष्ट्रिय तालीम गोष्ठीमा सहभागिताः**

नेपाल आदिवासी जनजाति महासंघ मोरङका अध्यक्ष, उपाध्यक्ष र सल्लाहकारलगायतले लाहुर्निपको सिफारिशमा विभिन्न अन्तर्राष्ट्रिय तालीम र गोष्ठीहरूमा सहभागी भई आवश्यक ज्ञान र शीप आर्जन गर्न सक्षम भएका छन् । अध्यक्ष देवराज चौधरीले संयुक्तराष्ट्र संघको तयारी बैठक थाइलैण्डमा, अष्ट्रेलियाको आयोजनामा डिप्लोमेसी ट्रेनिङ्ग प्रोग्राम, युनिभर्सिटी अफ न्यू साउथ वेल्समा, विश्व बैंकको आयोजनामा मलेसिया इन्टरनेशनल फिनान्सीयल ईन्ष्टिच्युशन फिलिपिन्समा, मानव अधिकार परिषद्को ३३ औं सेशन, स्वीट्जरल्यण्डमा सहभागिता जनाएर, उपाध्यक्ष दिलबहादुर थेबे कतारको दोहामा, सल्लाहकार अधिवक्ता राजकुमार राजवंशी मलेसियालगायतमा सहभागी भई तालीम लिएका छन् । त्यसैले हामी मोरङ जिल्लामा रहेका नेपाल आदिवासी जनजाति महासंघ (जातीय संस्था), आदिवासी मानव अधिकार प्रतिरक्षकहरूले नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)ले गरेको योगदानलाई कदर गर्दै आभारीका साथ २५ वर्ष पूरा भएको लाहुर्निपको रजत वर्ष (Silver Jubilee) को उपलक्ष्यमा शुभकामना व्यक्त गर्दै प्रगतिको कामनासहित आगामी दिनहरूमा पनि लाहुर्निपको साथ सहयोगको अपेक्षा राखिएको छ ।

लेखकः
पूर्वअध्यक्ष- नेपाल आदिवासी जनजाति महासंघ मोरङ
हाल- आदिवासी मानव अधिकार प्रतिरक्षक क्षेत्रीय संयोजक, लाहुर्निप

# निस्वार्थ सहयोग



उत्तबहादुर थापा

२०६७ सालदेखि निरन्तर रुपमा नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)को सहयोगी हातहरू बढिरहेको २०७६ सालसम्ममा नौवर्ष पूरा भएछ । विश्व बैंकको लगानीमा खिम्ती-ढल्केबर २२० के.भी. विद्युत प्रसारण लाईनबाट उत्पीडनमा परेका सिन्धुली जिल्ला अन्तर्गत पर्ने साविक रतनचुरा गा.वि.स. वडा. नं. १ र २, विजयछाप, खानी निगाले साविक भद्रकाली गा.वि.स. वडा नं. १, २ र ३, ढुङ्गेभन्ज्याङ्ग भद्रकाली, मुढेखर्क, पीपलभन्ज्याङ्ग, चियाबारी, साविक रानीचुरी गा.वि.स. वडा नं. १ फिटिङ्ग, कमलामाई नगरपालिकामा पर्ने वडाहरू वडा नं. ४ सानो करकरे, वडा. नं ६ अँधेरी, वडा नं. ७ बर्देउटार, माझीटार, ठूलीटार, बुकरडाँडा, वडा नं. १० माइस्थान करकरेसम्मको पीडित समुदायहरूले उठाउदै आएका मागहरूको सुनुवाई स्थानीय प्रशासन, परियोजना, नेपाल सरकार कतैबाट पनि नभएपछि कानूनी बाटाहरूको अवलम्बन गरी डाईभर्शन गर्ने/गराउने वा मुआब्जा उपलब्ध गराउने प्रक्रियामा नेपाल आदिवासी जनजाति महासंघ, जिल्ला समन्वय परिषद् सिन्धुली र स्थानीय पीडित समुदायहरूको अनुरोधमा नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)को निःशर्त, निस्वार्थ सहयोगमार्फत १०३ जना पीडितहरूबाट सर्वोच्च अदालतमा उजूरी दर्ता गरिएको थियो । राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी, संयुक्त राष्ट्रसंघ जेनेभास्थित मानव अधिकार समितिमा उजुरी, अमेरिकाको वाशिङटन डिसीस्थित विश्व बैंकको इन्स्पेक्शन् प्यानलमा उजुरी दर्ता गराउन सफल भएको थियो । प्यानलबाट दुईपटक अनुगमन तथा निरीक्षण गरिएको थियो । लाहुर्निपमार्फत एकाउन्टेबिलीटी (Accountability) काउन्सिलको पनि सहयोग रहेको थियो । नेपाल सरकार, परियोजना र स्थानीय प्रशासन सुरक्षा निकायमा गई बलपूर्वक, पीडित समुदायहरूको सहमति, सहकार्यबिना एकतर्फी ढंगले परियोजना प्रसारण लाईन अगाडि बढाउने क्रममा निर्घात कुटपिट र धरपकड गरी जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा हिरासतमा रहेका पीडितहरूलाई निःशर्त छुट्टाउन र घाइतेहरूको औषधि उपचार गराउन, प्रशासनिक दमन रोक्न, पीडितहरूको जायज माग सम्बोधन गराउन दवाबमूलक कार्यक्रम गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट जनदवाब सिर्जना गर्न सगरमाथा टेलिभीजन, ए.बी.सी टेलिभीजन, राष्ट्रिय दैनिक राजधानीलगायतका पत्रपत्रिकाहरूमार्फत व्यापक रुपमा दमनको विरोध गरी पीडित समुदायहरूलाई दमनबाट रोक्न र हिरासतबाट निःशर्त छुट्टाउन सफल भएकै हो । मुआब्जाको लागि कमलामाई न.पा.वडा. नं. ६ अँधेरी, वडा नं. ७ बर्देउटार, माझीटार, ठूलीटारसम्म ३ र ५ कि.मी.को दूरीलाई बायाँ दायाँ १५/१५ मिटरको जग्गा अधिग्रहण गरी फिडररोड बनाउने अवधारणा

ल्याई करोडौं मुआब्जा उपलब्ध गराउन सफल भएको हो । अन्य गा.वि.स. तथा न.पा.कै वडाहरूको लागि पनि दायाँ बायाँ १५/१५ मिटरभित्रका पीडितहरूलाई पनि चलनचल्तीको बिक्री भाउमा नघटाई (१०%) दश प्रतिशतका दरले क्षतिपूर्ति उपलब्ध गराउन सफल भएको हो । नेपाल सरकार, खिम्ती-ढल्केबर २२० के.भी. विद्युत प्रसारण लाईनबाट बिगोसहितको मुद्दाको जिल्ला अदालत सिन्धुली हुँदै उच्च अदालत पाटनबाट यहीं २०७६ साल भाद्र महिनामा “अभियोग दावीबाट सफाई पाउने ठहरेकोले केही गरी रहनु परेन” भनी पीडित उत्तबहादुर थापा र सुरेन्द्रश्वर मोक्तानलाई सफाई दिलाउने कार्यमा नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)को अतुलनीय सहयोगको लागि हार्दिक कृतज्ञताका साथ संस्था स्थापना भएको २५ औं वर्ष पूरा भएकोमा हार्दिक शुभकामना साथ उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

---

लेखकः
अध्यक्ष, नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद्, सिन्धुली

# LAHURNIP-The Pioneering Indigenous Lawyers in Nepal



**Dr. Siddharth Akali**
(Australia)

Across the world, from Alaska to New Zealand, Indigenous Peoples and Indigenous lawyers are at the forefront of protecting the planet, and fighting for the rights of marginalized communities. In Nepal, the Lawyers' Association for Human Rights of Nepalese Indigenous Peoples (LAHURNIP), is a collective of Indigenous lawyers and other professionals who exemplify this incredible courage and selfless service for others.

I work as an international environmental and human rights lawyer, and have served local communities who are defending their rights *vis-à-vis* banks, development financiers, governments, and corporations. Through my work, I have had the privilege of partnering with and learning from several Indigenous communities and lawyers in different parts of the world. Indeed, this is how I know LAHURNIP: as a trusted partner and holder of deep wisdom.

While law is supposed to be a tool for justice, I have seen first-hand how inaccessible lawyers and the justice system can be, especially for those who are most marginalized. So, it is awe-inspiring and humbling that LAHURNIP has completed twenty-five years of providing free legal support to peoples and groups in Nepal, helping them defend their environmental and human rights, and pushing for laws and policies that increase accountability to Indigenous Peoples and other marginalized groups.

At a time when there is shrinking space for civil society globally, and governments and corporations often prioritize private profits over human rights and the environment, the situation in Nepal is no different. When the government takes away land from its citizens without

due process, engages in violence against some of its most vulnerable peoples, or files false court cases against human rights defenders, local peoples typically have few options for recourse. In this context, for all the time I have known LAHURNIP, its lawyers have stepped up to offer *pro bono* legal aid to those who need it the most, including to those folks who no other lawyers are willing to help.

**Versatile practice from the local to the global**

LAHURNIP functions at every level, from the local to the global, while remaining grounded in its raison *d'être* of serving local Nepalese communities and Indigenous Peoples, who trust and respect LAHURNIP as their advocate and advisor. Within Nepal, LAHURNIP has strong networks at the community-, district-, provincial-, and national-level, where they help communities in a range of strategies including media advocacy, policy advocacy, engaging with the National Human Rights Commission, and court cases. Outside the country, LAHURNIP is well respected at the regional Asia level, and the global level, participating in several networks and grouping where they are considered trusted partners and experts in the field of Indigenous Peoples' rights. LAHURNIP also engages in advocacy with international organizations, including helping client communities to raise their concerns to United Nations Special Rapporteurs, Multilateral Development Banks, and international complaints mechanisms.

I think one of LAHURNIP's greatest strengths is its versatility, a rarity among lawyers. LAHURNIP helps its clients use diverse and tailored strategies to seek justice. Every problem a client brings to LAHURNIP is not just another court case waiting to be fought. While LAHURNIP lawyers are effective and well-respected courtroom litigators – with several wins for their clients under their belt–they are very clear that justice is not just won in courts. Rather, for LAHURNIP, justice is also something that is relentlessly and strategically fought for in the streets, advanced by effectively using media, and facilitated through engagement with key decision makers in governments, national human rights bodies, international organizations and businesses. Unlike most lawyers, who see their role primarily as courtroom litigators, LAHURNIP lawyers are problem-solvers for their clients, advising on a panoply of available tools and strategies to seek justice.

**LAHURNIP's organizational structure**

Having seen several different global north and global south organizational structures, the more I learn about LAHURNIP's organizational structure, the more I realize how *sui generis* it is. As an outsider, I can see LAHURNIP is structured in a unique way to fit the context it operates in. Their structure is constantly evolving as well, but I will do my best to describe my understanding of it in the current moment. I hope others will also find LAHURNIP's model an interesting reference point, as they think about structuring their own organizations. Apologies if my description misstates LAHURNIP's reality!

LAHURNIP's board, which comprises entirely of lawyers, do most of the courtroom advocacy for the organization's clients, and are fairly active in the organization's work. My sense is that the board members are all senior lawyers, with their own practices or jobs; the work they do for LAHURNIP is on

a voluntary basis, and is a practice of selflessness which is inspiring for lawyers everywhere. LAHURNIP staff –including an executive director, programmatic staff, and administrative staff–report to the board, and are a group of tireless lawyers and professionals who work non-stop to advance the goals of the organization and the communities it serves.

While LAHURNIP's main office is based in Kathmandu, it has national reach to grassroots communities across the country. LAHURNIP has incubated a pan-Nepal network of Indigenous Peoples' Human Rights Defenders (IPHRDs), who are located in different districts of the country, and work in a voluntary capacity as resources for local peoples who are seeking to defend and protect their human rights. This network of IPHRDs works to ensure that LAHURNIP has a national reach, and can be used to exchange skills and information, and build solidarity across communities in different parts of the country who may be facing similar challenges. Additionally, LAHURNIP board members and staff frequently travel to other parts of Nepal to support local communities and the IPHRDs.

**For LAHURNIP, frontline communities come first**

My own experiences collaborating with LAHURNIP have been in relation to its work supporting communities in Nepal who have been affected by internationally financed development projects. I have always found it significant that LAHURNIP prioritizes working for communities and social movements, rather than for individuals. As an organization led and staffed by Indigenous Peoples, LAHURNIP's team members draw on their value systems to advocate strongly for collective decision-making by their client communities. In this regard, when I have been in community meetings with LAHURNIP team members, they encourage community members to be united, and focus on collective issues, rather than matters of individual gain that can be more easily exploited by outsiders who want to divide local communities and movements.

Focusing on community issues does not mean that LAHURNIP will not take on any work related to individuals. I have seen that when an individual or individuals are being targeted for belonging to a particular group, or for being a community leader in a larger struggle for rights, LAHURNIP is there to help. For example, when two community leaders from Sindhuli district – who were resisting the World Bank funded Khimti Dhalkebar transmission line–had false criminal cases filed against them, LAHURNIP helped the community leaders defend the criminal actions on a *probono* basis. The proceedings went on for over two years, but eventually, thanks in large part to LAHURNIP's relentless legal advocacy, a judge eventually dismissed the cases.

One of the most humbling and inspiring truths about LAHURNIP is that while the organization's mission is to work for the rights of Indigenous Peoples, LAHURNIP does not limit itself to only supporting Indigenous communities. I have seen LAHURNIP actively support Dalit people, Brahmin people, people living in poverty, and other groups as well. When I have asked LAHURNIP team members about this, they have explained that they do their best to support all those who have faced systemic oppression and have come to LAHURNIP asking for legal help.

LAHURNIP lawyers have also explained to me that in Nepal there are several mixed communities of Indigenous

Peoples and non-Indigenous people living together, or non-Indigenous people living close to Indigenous communities. However, project implementers and financiers have tended to push forward projects without adequately consulting with affected local people, and without addressing their environmental and social concerns, regardless of whether they are Indigenous or not. In this context, LAHURNIP suggests that if everyone on the ground works together to demand their rights, then all local movements, including those for Indigenous Peoples' rights, become stronger because of their mutual solidarity. At the same time, even people who are not Indigenous (but who nonetheless face other forms of marginalization like being Dalit, or living in poverty) stand to benefit from project implementation that adheres to the higher standards of protection that Indigenous Peoples have fought to include under international and domestic law. So, working together in solidarity can help raise the standards of project implementation for everyone.

Globally, there are growing calls for intersectional movements and solidarity among those who are most marginalized. As we look for models, LAHURNIP's lawyers and client communities are showing the world examples of what movements led by Indigenous Peoples, and solidarity between Indigenous Peoples and non-Indigenous people, can look like on the ground. As LAHURNIP celebrates its silver anniversary, I feel privileged to have had opportunities to partner with this exceptional and selfless organization, and wish the LAHURNIP team all the best for the years ahead.

*About the author*

Siddharth Akali is an Asia-based international environmental and human rights lawyer. He has been working for Indigenous and other local communities in Canada, Nepal and India, supporting them in their advocacy with energy companies, banks and governments. He is also the Secretary of the board of Bank Track, an international NGO which advocates for private banks to respect human rights and the planet. Prior to his legal career, Siddharth worked as a business consultant, managing strategic projects related to financing energy infrastructure, climate change, sustainability and environmental markets. Siddharth has a *Juris Doctor* degree from the University of Victoria in Canada, and a Bachelor's degree in Economics, English and Math from Macalester College in the United States.

# Collaborating to enhance land rights of indigenous people in Nepal

At the end of 2018, KIOS Foundation, a Finnish human rights donor, initiated a fresh but already rather exiting and fruitful partnership with LAHURNIP Nepal. Our collaboration started with LAHURNIP's project *Promoting Indigenous Peoples' Land Rights in Nepal*. This work is both vital and timely.

Currently there are a number of issues, which influence the situation and land rights of indigenous peoples' in Nepal. For instance, the land rights of the indigenous peoples ought to be well considered in different development plans and projects as well as their implementation- but too often, this is not the case.

Nepal is welcoming new development and investments, and this can be a positive case scenario. However, it is crucial that the people touched by these developments are consulted and that their free prior informed consent is established before kicking-off any projects. In order to address this issue, LAHURNIP is working with indigenous communities and creating awareness, especially on land rights. In addition, the organization is addressing the duty-bearers, for instance companies and authorities, so that the issues touching the indigenous communities could be better considered.

KIOS has been impressed by the dedication and expertize of LAHURNIP. KIOS Executive Director Mr. Kim Remitz accompanied by representative from the Finnish Foreign Ministry Ms. Krista Orama, had the possibility to visit Biratnagar in Morang District with LAHURNIP. During their visit, Remitz and Orama met with a number of people from the indigenous communities, such as Tharu, Tamang and Shantal, as well as local duty-bearers. Issues concerning land rights, education and cultural rights were discussed.

KIOS as well as the Finnish Ministry for Foreign Affairs heard the concerns of the people and brought the message back home to Finland. At KIOS, we now have a better understanding of the realities of indigenous peoples' in Biratnagar, thanks to LAHURNIP and the local communities themselves. With the collaboration between KIOS and LAHURNIP, we can hopefully continue building a world where all voices are heard, and the indigenous people of Nepal have a significant role to play in this equation.

**Maarit Roström**
Expert
KIOS Foundation

***KIOS** is an independent, non-political, non-religious and non-governmental foundation. KIOS funds the work of human rights defenders in Asia and Africa. Together with local organisations, we are building a world where human rights belong to everyone.*

# नेपालको आदिवासी-अधिकारको लागि अन्तर्राष्ट्रिय कानूनी लडाईंमा लाहुर्निपको यात्रा



**अधिवक्ता शंकर लिम्बू**
**(सचिव-लाहुर्निप)**

***नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) स्थापना हुँदै गर्दा 'आदिवासीको अधिकार भन्ने कुरा पनि हुन्छ र ? यी कुराहरू त साम्प्रदायिक कुरा हुन् । त्यसैले यस्ता कुराका पछाडि लाग्न हुन्न' भन्ने संकथनको बोलवाला रहेको थियो*** । तीसवर्षे पंचायती कालरात्रीलाई २०४६ सालको जन-आन्दोलनले अवसान गराएको ताजा-ताजै थियो । यो संकथन आदिवासीहरूको पहिचान तथा हक/अधिकारलाई निमिट्यान्न पार्न पंचायतले जारी गरेको कानून तथा नीतिहरूले जबरजस्त लादेका "एक देश, एक भेष, एक जात, एक भाषाले" निर्माण गरेको मानसिकताको उपज थियो र अद्यापि केही हदसम्म रहेकै छ । त्यहीं चुनौतिपूर्ण समयकालको दरमियानमा सन् १९९५ मा कानून व्यवसायमा रहनु भएका आदिवासी अग्रज वकिलहरूको पहलमा आदिवासीको हक/अधिकार तथा मानव अधिकारको संरक्षण (Protect) प्रवर्द्धन (Promote) तथा प्रतिरक्षा (Defend) वैधानिक तौरतरिकाबाट गर्ने उद्देश्यका साथ नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) को स्थापना भएको थियो । श्रद्धेय अधिवक्ता दुर्गाप्रसाद सुब्बा (संस्थापक अध्यक्ष), वर्तमान अध्यक्ष श्रद्धेय दिदी अधिवक्ता शान्ति कुमारी राई (संस्थापक उपाध्यक्ष), दिवंगत अधिवक्ता तेजबहादुर यक्सो लिम्बू (संस्थापक सचिव) लगायतका वकिलहरूको अग्रणी भूमिकामा संस्थाको जन्म भएको थियो । यस अवैधानिक संकथन (Narrative) को विनिर्माण (Deconstruction) गरी आदिवासीको पहिचान, अधिकार (व्यक्तिगत र सामुहिक) प्रवर्द्धनमा लाहुर्निप स्थापनाकालदेखि निरन्तर लागिरहेको छ ।

**संयुक्त राष्ट्र संघ विश्व आदिवासी वर्ष**, १९९५ घोषणा हुनुभन्दा केही समय अगावै लाहुर्निपको स्थापना भएको थियो । अन्तर्राष्ट्रिय जगतमा नै आदिवासीको मानव अधिकारको नवीन विषयको रुपमा उदाउँदै गएको अवस्थामा नेपालका आदिवासीहरूको अधिकारमा कानूनी रुपमा काम गर्ने उद्देश्यका साथ लाहुर्निपको स्थापना आफैंमा महत्वपूर्ण तथा चुनौतिपूर्ण कार्य थियो । समाज रुपान्तरणमा भूमिका निर्वाह गर्ने भएकोले वकिलहरूलाई Social Engineer पनि भन्ने गरिन्छ । Social Engineer हरूको दायित्व पूरा गर्ने जमर्कोका साथ लाहुर्निपको स्थापना गरिएको थियो । दायित्व निर्वाह गर्ने क्रम, मानव अधिकारको विश्व क्षेत्राधिकार (Global Jurisdiction) तथा आवश्यकताको कारण लाहुर्निपले अन्तर्राष्ट्रिय मानव अधिकारका निकायहरूसंग काम गर्नुपर्ने भयो ।

लाहुर्निप आदिवासीको अधिकारको क्षेत्रमा शुरुवाती बामेसर्दै गर्दा अन्तर्राष्ट्रिय क्षेत्र खासगरी संयुक्त राष्ट्रसंघ तथा यसको भगिनी संस्था अन्तर्राष्ट्रिय श्रम संगठन[1] का फोरमहरूमा आदिवासीको अधिकारको विषयमा त्यस समयमा घनीभूत छलफल, विचार विमर्श तथा निर्णयहरू भइरहेका थिए । नेपालमा पनि आठौं पंचवर्षीय योजनादेखि आदिवासी जनजातिको विकासको विषय पर्न थालेको थियो । तर आदिवासीको अधिकार वारे प्रष्ट कानून तथा नीति नभएसम्म आदिवासीले सम्मानपूर्वक बाँच्न पाउने अधिकार उपभोग गर्न र विकास गर्न पाउने अवस्था नहुने निष्कर्षमा पुगी लाहुर्निप कानून तथा नीति प्रर्वद्धनमा काम गर्न थाल्यो । विकास समिति ऐन, २०१३ बमोजिम २०५२ ? सालमा **जनजाति विकास समिति**को गठन आदेश ल्याउने कार्यमा कानूनी पक्षबाट भूमिका निर्वाह गरी शुरुवात् गरेको कानून तथा नीति परिवर्तन सम्बन्धी शृङ्खलाबद्ध पैरवी लाहुर्निपले निरन्तर गरी आएको छ ।

लाहुर्निपले समुदाय, राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा नेपालका आदिवासीहरूको अधिकारको सवालमा काम गर्दै आएको छ । विश्व अनुभवमा आदिवासीको अधिकारको विषयहरू राष्ट्रियभन्दा अन्तर्राष्ट्रिय तहमा उठाउन सजिलो देखिन्छ । त्यति मात्र होइन कि मानव अधिकार उल्लंघनका विषयहरू संयुक्त राष्ट्रसंघको विभिन्न निकाय (सन्धि र बडापत्रमा आधारित) हरूमा उठाई सम्बोधन गराउन कानूनी लडाईंमा अति महत्वपूर्ण हुन्छ भन्ने निष्कर्षमा लाहुर्निप पुग्यो । लाहुर्निपले द्वन्द्वका समयमा भएका आदिवासी विरुद्धका केही गम्भीर मानव अधिकारका घट्नालाई यस्ता निकायमा उजूरीको रुपमा लगेको थियो । त्यसबेला मुलुक द्वन्द्वरत दुवै पक्षबाट यत्रतत्र गम्भीर मानव अधिकार हनन् (Gross Human Rights Violations) भइरहेको थियो । Deep-rooted structural inequality and exclusion of large parts of the Nepali population from significant participation in the country's political life, as well as from positions in public and private institutions, is widely recognized as the root-cause of the Maoist insurgency.[2] अर्कोतर्फ जरा गाडिएको संरचनागत असमानता र राज्य तथा गैरराज्य संरचनामा बहिष्करण, राजनीतिक क्षेत्रमा जनसंख्याको ठूलो हिस्साको सहभागिता नहुनु जस्ता कुराहरू माओवादी द्वन्द्वका कारक तत्व थियो भन्ने वारे आदिवासी-मामिला सम्बन्धी अन्तर्राष्ट्रिय कार्यदल (IWGIA) को एशिया मामिला संयोजक क्रिष्टिना नेल्सन तथा सिले स्टिशनले लेख्नु भएको छ । यसबाट संरचनागत हिंसाबाट आक्रान्त बनेका आदिवासीहरूको विषयहरू आत्मनिर्णयको अधिकारसहितको स्वायत्त र स्वशासनको लागि लिम्बुवान, खम्बुवान, तामाङसालिङ, नेवा, थरुहट जस्ता राज्यको अवधारणा ल्याएर राजनैतिक रुपले तात्कालीन माओवादीले आदिवासीको समर्थन लिने काम गऱ्यो, जसबाट अनगिन्ती आदिवासीहरू मारिए, घाइते भए, यातनाका शिकार बने । १७००० ले ज्यानै गुमाएको भन्ने प्रतिवेदनहरूबाट देखिन्छ । यसमा

1. अन्तर्राष्ट्रिय श्रम संगठनको जन्म १९१९ मा भएको हुनाले संयुक्त राष्ट्र संघ भन्दा जेठो छ । त्यसैले यसलाई संयुक्त राष्ट्र संघ अन्तर्गतको नभई भगिनी संस्था (Sister Organization) को रुपमा लिने गरिन्छ ।
2. https://www.iwgia.org/images/publications/0686_Constitutional_Politics_and_Indigenous_Peoples_in_Nepal.pdf visited 25 October 2022

विवाद छैन कि यसमा अधिकांश आदिवासीहरू नै परेका थिए। अत्यधिक र लक्षित रुपमा पीडित भए तापनि आदिवासीहरूको मानव अधिकार हननलाई मानव अधिकारवादी संघसंस्थाहरूले त्यस रुपमा उठाएका थिएनन्। याने कि सरकारी सेनाबाट घटाइएका होस् वा तात्कालीन माआवादी पक्षबाट घटना घटाइएको होस्, पीडित आदिवासी पहिचानलाई सार्वजानिक गर्ने गरेका थिएनन्। द्वन्द्व पीडितहरूलाई कि सरकारी पक्ष वा माआवादी वा सर्वसाधारणको रुपमा मात्र परिचय गराइन्थ्यो। माओवादीको शब्दमा जनयुद्ध[3] तथा सरकारी दस्तावेजमा नेपाल सरकार र नेकपा (माओवादी) बीचको युद्ध[4] भनिएका थिए। वस्तुतः यी युद्धहरू आदिवासीकै भूमिमा आदिवासीलाई नै प्रयोग गरेर १० वर्षसम्म चलेको हतियारबन्द भएको कारण आदिवासीहरू गम्भीर मानव अधिकार हननको चपेटामा परेका थिए। यद्यपि त्यसलाई आदिवासी मानव अधिकार हननको रुपमा नहेरी व्यक्तिगत मानव अधिकारको दायराबाट मात्र हेर्ने गरिएकोले झनै गम्भीर अवस्था सृजना भइरहेको थियो। तसर्थ बाध्य भई लाहुर्निपले आदिवासीको मानव अधिकार हननको कोणबाट संयुक्त राष्ट्रसंघका सम्बन्धित निकायमा उजूरी पठाउन शुरुवात् गऱ्यो।

सीमित जनशक्ति र ज्ञानको कारण शुरुवाती चरण लाहुर्निपको लागि निकै चुनौतिपूर्ण थियो। जब द्वन्द्वलाई शान्तितर्फ लैजाने प्रयासहरूमा संयुक्त राष्ट्रसंघको संलग्नता शुरुवात् भयो, त्यसपश्चात् लाहुर्निपले आफूले गरिआएको आदिवासी मानव अधिकारको संरक्षणका कामहरू निरन्तर रुपमा अगाडि सार्दै गयो। सन् २००३ मा अन्तर्राष्ट्रिय श्रम संगठनले महासन्धि नं १६९ लाई प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय फेलोशीप प्रोग्राम शुरुवात् गरेको थियो। लाहुर्निपको तर्फबाट लेखकले त्यसमा सहभागी हुन निवेदन पेश गरेकोमा त्यसवर्ष कुनै कारणवश कार्यक्रम स्थगन भएको रहेछ। सन् २००४ मा तपाई पुनः फेलोशीप प्रोगाममा इच्छुक हुनुहुन्छ ? भनी इमेल आयो। लाहुर्निपमा यस विषयमा छलफल हुँदा 'जानु पर्दछ' भन्ने निष्कर्ष निस्क्यो। संसारभरिबाट त्यसमा आदिवासीको अधिकारमा काम गरिरहेका ४ जना छानिएका रहेछन् भन्ने जेनेभा पुगेपश्चात् थाहा पाइयो। वास्तवमा आदिवासीहरूको मानव अधिकारप्रतिको मेरो व्यक्तिगत जिम्मेवारी, भूमिका र प्रतिबद्धतामा एउटा नयाँ मोड यस फेलोशीपले ल्याइदियो। संस्थागत रुपमा लाहुर्निपको आई. एल. ओ, संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय आदिवासी मामिला सम्बन्धी अन्तर्राष्ट्रिय कार्यदल (IWGIA), फरेष्ट पिपल्स प्रोग्राम, युनेस्को, विश्व बौद्धिक सम्पत्तिलगायतको अन्तर्राष्ट्रिय संस्थाहरूसंग नेटवर्क स्थापना भयो। यहीं फेलोशीप कार्यक्रममा रहँदा नै अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ लाई नेपालमा प्रवर्द्धनको निम्ति तात्कालीन आई.एल.ओ कन्ट्री अफिस-नेपालको प्रमुख लैला टेग्मो रेड्डी तथा अन्तर्राष्ट्रिय श्रम संगठन जेनेभा र लाहुर्निपले सहकार्य गर्ने विषय तय गरिएको थियो।

3. https://shilapatra.com/detail/817 visited, 25th October, 2022
4. नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौता, २०६३ को प्रस्तावनाको दशौं बुँदा

अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ को प्रवर्द्धनमा लाहुर्निपले सम्भाव्यता अध्ययन तथा विभिन्न अनुसन्धान गर्‍यो । मिति २०५२/५/१६ मा महासन्धि नं. १६९ प्रवर्द्धनको बारेमा लाहुर्निप, आ.वि.स. र निपडिस्कद्वारा स्टाफकलेज जाउलाखेलमा राष्ट्रियस्तरको **नेपालका आदिवासी** विषयक एकदिने सेमिनार कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा डा. कृष्ण भट्टचनले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रम तात्कालीन राजसभा स्थायी समितिको अध्यक्ष परशुनारायण चौधरीको प्रमुख आतिथ्यमा भएको थियो । यस कार्यक्रमले आदिवासीको अधिकारलाई सम्बोधन गर्न महासन्धि अनुमोदनको आवश्यकता र औचित्यलाई एजेण्डाको रुपमा अगाडि सार्‍यो । सन् २००४ अगष्ट ९ मा आदिवासी दिवसको अवसरमा तात्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले महासन्धि नं १६९ लाई अनुमोदन गर्ने घोषणा गर्नु भयो । अन्ततः सन् २००७ अगष्ट २२ मा सर्वसम्मत्ले संसद्बाट यसलाई अनुमोदन गरियो ।

आई.एल.ओ. फेलोशीप प्रोग्रामले लाहुर्निपलाई अन्तर्राष्ट्रिय अधिकारको पैरवीसंग पनि जोडिदियो । लाहुर्निपले तात्कालीन आदिवासीको अधिकार सम्बन्धी समाधीक्षकको कार्यादेश अनुरुप आदिवासी न्याय प्रशासनको बारेमा सन् २००५ मा म्याड्रिट स्पेनमा भएको सम्मेलनमा भाग लियो । उक्त कार्यक्रममा लेखकले सहभागिता जनाई **Indigenous peoples and access on the justice system in Nepal** विषयक कार्यपत्र पेश गर्‍यो । उक्त कार्यपत्र लाहुर्निपका सल्लाहकार किरातलोजिष्ट अधिवक्ता श्री टंकबहादुर राई दाईसंग तयारी गरिएको थियो ।[5] लाहुर्निपले तात्कालीन आदिवासी सम्बन्धी संयुक्त राष्ट्रसंघ कार्यदल (Working Group on Indigenous Populations) सेशनमा आदिवासी अधिकार सम्बन्धी घोषणापत्रको प्रवर्द्धन कार्यमा सहभागी बन्यो । त्यसपछि संयुक्त राष्ट्रसंघमा आदिवासी बारे हुने गतिविधिहरूमा भएको अनुभवलाई लाहुर्निपले आफ्नो कार्यक्षेत्रमा समेट्ने काम गर्न थाल्यो । यसबाट लाहुर्निपले प्राविधिक ज्ञान र क्षमता बढाउने राम्रो अवसर प्राप्त गर्‍यो र लाहुर्निपले अन्तर्राष्ट्रिय क्षेत्रमा केही स्थान पनि बनायो । सन् २००७ मा तात्कालीन आदिवासीको अधिकार सम्बन्धी विशेष समाधीक्षक प्राध्यापक जेम्स अनायाको नेपाल भ्रमण गराउने सवालमा लाहुर्निपका सल्लाहकार डा. कृष्ण भट्टचन समेतको शुरुदेखि पहल थियो । तात्कालीन पुनर्स्थापित व्यवस्थापिका संसद्का सभाध्यक्ष सुवास नेम्वाङ र स्थानीय विकासमन्त्री देव गुरुङको संयुक्त राष्ट्रसंघको आदिवासी स्थायी मंचको सेशनमा नेपाल सरकारको तर्फबाट भाग लिनु भएको थियो । दुवै जनाले विशेष समाधीक्षकको भ्रमण गराउन नेपाल सरकार सकारात्मक छ, भनी सेशनमा बोल्नु भएको थियो । अन्ततः विशेष समाधीक्षकको नेपाल भ्रमण भयो । त्यस भ्रमणमा लाहुर्निपले आदिवासी समुदायको विषयलाई समुदायकै नेतृत्व र पीडित ल्याएर छुट्टै अन्तरक्रिया गरायो । विशेष समाधीक्षकले लाहुर्निपले काम गरेको मानव अधिकार उल्लंघनका स्थानहरूमा स्थलगत भ्रमण गरी पीडितहरूको प्रत्यक्ष अनुगमन गर्नु भएको थियो ।

5. HR/MADRID/IP/SEM/2003/BP.10 (English)

यति बेलादेखि लाहुर्निपले सम्बन्धित अन्तर्राष्ट्रिय संयन्त्रहरूमा मानव अधिकारका हनन्का घट्नाहरूलाई आवश्यकता र प्रकृति अनुसार निरन्तर रुपमा उजूरी दर्ज गरी आएको छ। खासगरी आदिवासीहरूको गम्भीर मानव अधिकार उल्लंघनका उजूरीहरू सम्बन्धित संयन्त्रमा दर्ज गरी न्याय खोज्ने कार्यमा लाहुर्निपले समुदाय तथा पीडितलाई कानूनी सहयोग उपलब्ध गर्दै आएको छ। नेपालका अदिवासीहरूको राजनैतिक, भूमि तथा पहिचानलगायतका सामुहिक मानव अधिकार सम्बन्धी केही महत्वपूर्ण मुद्दाहरूमा निर्णयहरू गराइएका छन्। उदाहरणका लागि-संविधान निर्माण प्रक्रियामा स्वतन्त्र र अर्थपूर्ण प्रतिनिधित्वको उजूरी विशेष समाधीक्षक प्राध्यापक जेम्स अनायाले महासन्धि नं. १६९ तथा यु.एन.ड्रीप. को धारा १८ र १९ अनुसार प्रत्यक्ष रुपमा आदिवासीको संविधान निर्माण प्रक्रियामा सहभागी हुन पाउने व्यवस्था मिलाउन सरकारलाई भनेको थियो। निज अनायाद्वारा अभिव्यक्त मन्तव्य संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको कार्यालय, नेपालबाट प्रेस बिज्ञप्तिको रुपमा जारी गरिएको थियो।

यसै सन्दर्भमा नयाँ संविधानमा आदिवासी जनजाति अधिकार सुनिश्चितता नहुने देखिएको हुँदा लाहुर्निपद्वारा संयुक्त राष्ट्र संघीय-जातीय विभेद् उन्मूलन समितिमा उजूरी (Complaint) गरेको थियो। यस उजूरीपश्चात् उक्त समितिद्वारा नेपाल सरकारलाई मिति १३ मार्च, २००९ मा पत्र पठाएको थियो। त्यसपछि पुनः मिति २८ सेप्टेम्बर, २००९ मा चेतावनी पत्र पठाएको थियो। सो पत्रहरू यस लेखको अन्त्यमा प्रस्तुत गरिएको छ।

त्यस्तै पल्लो किरात राष्ट्रिय मंचका नेताहरूलाई सरकारले लगाएको राज्य विरुद्धको अपराधको मुद्दामा नश्लीय विभेद् राष्ट्र संघीय अनुगमन समिति (CERD) ले राजनीतिक अधिकार तथा वि.सं. १८३१ मा लिम्बुवान र राज्यबीच भएको सन्धि विपरीत भएको निर्णय दिएको थियो। यस निर्णयपश्चात् उच्च अदालतले मुद्दा खारेज गरेको थियो।

मानव अधिकारको क्षेत्रमा नयाँ-नयाँ चुनौतीहरू आाउदै गर्दा त्यसलाई सम्बोधन गर्ने अन्तर्राष्ट्रिय प्रयासहरूमा पनि व्यापक परिवर्तनहरू भएका छन्। ती परिवर्तनका हरेक पहलुहरूमा लाहुर्निपले निरन्तर काम गरी आएको छ। उदाहरणका लागि-पछिल्लो समयको नयाँ र व्यापक क्षेत्र हो-व्यापार र मानव अधिकार (Business and Human Rights)। व्यापार र मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशिका (The UN Guiding Principle on Business and Human Rights, 2011) को प्रवर्द्धनमा राष्ट्रिय कार्ययोजना (National Action Plan) बनाउने कुरामा सम्बन्धित निकाय र राष्ट्रिय मानव अधिकार आयोगसंग लाहुर्निपले नजिकबाट काम गरी आएको छ र यस क्षेत्रमा हुने अन्तर्राष्ट्रिय सभा, सेमिनारमा भाग लिई व्यापार र मानव अधिकार निर्देशक सिद्धान्तको प्रवर्द्धनमा सहभागी भई आएको छ। यसरी आदिवासीहरूको सन्दर्भमा लाहुर्निपले नेतृत्वदायी भूमिका निर्वाह गरी आएको छ। उक्त विषयमा समुदाय तथा राष्ट्रिय तहमा यसको कार्यान्वयनमा राष्ट्रिय मानव अधिकार आयोग (NHRC) लगायत अन्य संघसंस्थासंग निरन्तर काम गर्दै आएको छ।

नेपालले एशिया ईण्डीजिनियस पिपल्स प्याक्ट (AIPP), IWGIA,

एकाउण्टेबिलिटी काउन्सील, फरेष्ट पिपल्स प्रोग्राम, ईण्डिजिनियस पिपल्स राईट्स ईन्टरनेशनल, कियोस् फाउण्डेशन (KIOS Foundation) फिनल्याण्डसंग लामो समयदेखि साझेदारी गरी आएको छ । नेपालका आदिवासीहरूको न्याय प्राप्तिको कार्यमा यी अन्तर्राष्ट्रिय संस्थाहरूले लाहुर्निपसंग लामो समयदेखि सहकार्य गर्दै आएका छन् । यी साझेदार संस्थाहरूसंगको सहकार्यबाट लाहुर्निपको क्षमता अभिवृद्धि र क्षेत्र विस्तृत बन्दै गएको मात्र होइन, आदिवासी समुदायको गम्भीर मुद्दा तथा सवालहरूलाई अन्तर्राष्ट्रिय तहबाटै आवश्यक पर्दा उठाउन मद्दत पुगेको छ । विश्वका अन्य आदिवासीहरूसंगको सम्पर्क र संजाल निर्माणमा यी साझेदार संस्थाहरूले लाहुर्निपलाई ठूलो टेवा दिएको छ । आदिवासीहरूको अधिकार संरक्षणमा लाहुर्निपको अनुभवलाई अन्य देशका आदिवासी समुदायहरूमाझ पुऱ्याउन र सो समुदायहरूको अनुभव लिन पनि यी संस्थाहरूले मद्दत गरिरहेको छ । नेपालको संविधान निर्माण प्रक्रियाको अनुभव चिलीसंग आदान-प्रदान गर्न सन् २०१६ मा चिलीको राजधानी सान्टियागो र भाल्दभियामा विभिन्न कार्यक्रम आयोजना भएको थियो । यसमा IWGIA ले पहल गरेको थियो । सन् २०१९ मा IWGIA कै सहयोगमा लाहुर्निपले मेक्सिकोको राजधानी मेक्सिको सिटीमा आदिवासीहरूको स्वायत्त र स्वशासन अधिकार वारेको सेमिनारमा कार्यपत्रसहित भाग लिएको थियो । यस कार्यक्रम अन्तर-अमेरिकी मानव अधिकार आयोग, आदिवासीहरूको मानव अधिकार सम्बन्धी विशेष समाधीक्षक, आदिवासीहरूको राष्ट्र संघीय स्थायी मंच, आदिवासीहरूको अधिकार सम्बन्धी राष्ट्र संघीय संयन्त्र, आदिवासी मामिलाको लागि आदिवासी-मामिला सम्बन्धी अन्तर्राष्ट्रिय कार्यदल (Inter-American Commission on Human Rights, the UN Special Rapporteur on the rights of indigenous peoples, the UN Permanent Forum on Indigenous Issues, the Expert Mechanism on the Rights of Indigenous People and the International Work Group for Indigenous Affairs-IWGIA) को आयोजनामा भएको थियो । फरेष्ट पिपल्स प्रोग्रामसंगको सहकार्यमा लाहुर्निपले अन्तर्राष्ट्रिय उजूरी संयन्त्रमा आदिवासीका मुद्दाहरूमा उजूरी तथा वातावरण सम्बन्धी सवालहरूलाई उठाई आएको छ । जस्तै-काठमाडौं उपत्यकामा भएको सडक विस्तारको नाममा १ लाख ५० हजारभन्दा बढी नेवाः आदिवासीहरू जबरजस्ती विस्थापनको मुद्दा (Representation) अन्तर्राष्ट्रिय श्रम संगठन जेनेभामा दायर गरेको थियो । तर अपशोच ! यो मुद्दा दायर गर्न समुदायलाई सहयोग गर्ने नेपाल टेलिकम कर्मचारी युनियनको नेतृत्वलाई सरकारी पक्षबाट अनुचित दवाब सिर्जना गरी मुद्दा फिर्ता लिन बाध्य बनाइयो ।

अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू जस्तै-विश्व बैंक, एशियाली विकास बैंक, युरोपियन ईन्भेष्टमेन्ट बैंकलगायतले गरेको लगानीमा चल्ने उद्योगधन्दा, जलविद्युत, सडक निर्माण जस्ता क्रियाकलापले आदिवासीको अधिकार हननमा लाहुर्निपले गरी आएको पैरवीका कतिपय मुद्दाहरूमा एकाउण्टेबिलिटी काउन्सीलसंग लाहुर्निपले सहकार्य गर्दै प्रभावित समुदायको अनुरोधमा कार्य गरी आएको छ । मानव अधिकार प्रतिरक्षा तथा

मानव अधिकार प्रतिरक्षकको सन्दर्भमा एशिया ईण्डिजिनियस् पिपल्स प्याक्टको संजालमा लाहुर्निपले काम गर्दै आएको छ । मानव अधिकारका हनन्का विषयलाई दस्तावेजीकरण, न्यूनीकरण र पीडकहरूलाई कारवाही गर्ने सवालमा लाहुर्निपलाई कतिपय कार्यहरूमा AIPP ले सहयोग गरी आएको छ ।

आदिवासीको मानव अधिकार (व्यक्तिगत तथा सामुहिक) तथा सामाजिक न्यायको लागि लाहुर्निपले तीन तह (समुदाय, राष्ट्रिय र अन्तर्राष्ट्रिय) मा काम गर्न अनिवार्य छ । लाहुर्निपले जति महत्व राष्ट्रिय तहलाई दिन्छ, त्यसरी नै अन्तर्राष्ट्रिय तहलाई पनि महत्व दिन पर्ने देखिन्छ । अन्तर्राष्ट्रिय श्रम संगठनले पारित गरेको महासन्धि नं. १६९ लाई नेपालले अनुमोदन गरेपश्चात् त्यसको धेरै क्षेत्रहरूमा प्रभाव देखिएको छ । यद्यपि सहिढंगले त्यसको कार्यान्वयन हुन सकिरहेको छैन, तापनि कार्यान्वयन तथा पैरवीका लागि आदिवासीहरूको निमित्त बलियो आधार बनेको छ । त्यस्तै संयुक्त राष्ट्रसंघको महासभाले पारित गरेको आदिवासीहरूको अधिकार सम्बन्धी घोषणापत्र, २००७ लाई सहमति जनाएपछि नेपालमा त्यसको पनि प्रभाव परेकै छ । सन् २०१४ मा संयुक्त राष्ट्रसंघमा भएको आदिवासी सम्बन्धी विश्व सम्मेलनले पारित गरेको दस्तावेजहरूको कार्यान्वयन जस्ता विषयहरूको सकारात्मक प्रभाव नेपालमा परेको लाहुर्निपको अनुभव छ । सन् १९९५ को विश्व आदिवासी वर्षपश्चात् आदिवासीहरूले संगठित भएर मानव अधिकार र न्यायको आन्दोलन नेपालमा शुरु भएकोमा दुईमत छैन । त्यसभन्दा पनि अगाडिदेखि आदिवासीहरूले उपनिवेशीकरण, नश्लवाद, हिन्दू हैकमवाद, भूमि र पहिचान मासेका विरुद्ध आन्दोलन गरिरहेका थिए । तर मानव अधिकार र अन्तर्राष्ट्रिय कानूनी आधारमा भने १९९५ पश्चात् नै प्रष्टताकासाथ आदिवासीहरूले आन्दोलन चलाएका हुन् भन्दा अतिशयोक्ति हुन्न । यो प्रमाणित तथ्य हो कि लाहुर्निपले अन्तर्राष्ट्रिय तहमा अन्तर्राष्ट्रिय समुदायसंग सहकार्य गर्दै जाने कार्यलाई अझ परिष्कृत र प्रभावकारी तरिकाले लैजान आवश्यक छ । अझै पनि आदिवासीहरूको सामुहिक अधिकार यत्रतत्र हनन् भइरहेको छ । पहिचान र अस्तित्व नै संकटमा पर्ने गरी उपनिवेश, नश्लीय हैकमवाद, बहिष्करण र विभेद् भइरहेको छ । अन्तर्राष्ट्रिय मानव अधिकारका कानूनहरूको नेपाल पक्ष राष्ट्र बने पनि यसको प्रभावकारी कार्यान्वयन नेपालमा भएका छैन । अन्तर्राष्ट्रिय तहमा बनिने कतिपय मानव अधिकार सम्बन्धित कानून र उपायहरू, उदाहरणका लागि पछिल्लो समयमा बनेका अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि २००६, व्यापार र मानव अधिकार सम्बन्धी निर्देशिका २०१२, दिगो विकास लक्ष्य आदिमा आदिवासीका अधिकार प्रत्यक्ष रुपमा समेटिएका छैनन् । त्यसले गर्दा पनि लाहुर्निपले अन्तर्राष्ट्रिय आदिवासी आन्दोलनसंग सहकार्य गर्न अत्यन्त जरुरी छ । त्यसैको लागि अन्तर्राष्ट्रिय मानव अधिकारसंग लाहुर्निपको नियात्रा निरन्तर हुन अपरिहार्य ठानिएको छ । त्यो यात्रा समग्र आदिवासी र अन्यायमा परेका समुदाय तथा व्यक्तिको लागि हुन जरुरी छ । त्यसको मार्गचित्रमा आदिवासीवाद (सह-अस्तित्व, सामुहिकता, समन्याय, सहमति निर्णयको संस्कार आदि) हुनुपर्दछ ।

NATIONS UNIES
HAUT COMMISSARIAT AUX DROITS DE L'HOMME

UNITED NATIONS
HIGH COMMISSIONER FOR HUMAN RIGHTS

Téléfax: (41-22)-917 9029
Télégrammes: UNATIONS, GENEVE
Téléx: 41 29 62
Téléphone: (41-22)-917 9614
Internet www.ohchr.org
E-mail: tschackel@ohchr.org

Address:
Palais des Nations
CH-1211 GENEVE 10

REFERENCE: TS/JF

28 September 2009

Excellency,

You will recall that the Committee on the Elimination of Racial Discrimination, at its 64th session held from 23 February to 12 March 2004, considered the fifteenth and sixteenth periodic reports of Nepal and adopted concluding observations in relation thereto (CERD/C/64/CO/5). As noted in paragraph 25 of this document, the next periodic report was expected to be received by 1 March 2008. To date, the Committee has not received any information from your Government in this respect.

As stated in the Committee's letter transmitted to your Government on 6 March 2009, the Committee is also concerned over reports concerning the inadequate participation of indigenous peoples' representatives in the ongoing constitution-making process in Nepal. According to information submitted to the Committee, representatives of indigenous peoples may only formally participate if they are chosen by political parties and act in strict conformity with the manifestos of those parties. In this regard, the Committee wishes to assist Nepal in ensuring that the rights guaranteed by the Convention are fully recognized and respected and that irreparable harm to indigenous peoples is avoided.

You will recall that in its letter of 6 March, the Committee had called for the establishment of a thematic committee for indigenous peoples to guarantee their full representation and participation in political life. The Committee commends your Government's intention of addressing indigenous peoples' rights through the Committee to Protect the Rights of Minority and Marginalized Communities. However, in light of reports concerning the problems faced by indigenous peoples in aiming to exercise their right to effective participation, the Committee is concerned that this mechanism may not be an effective alternative to a specific thematic committee on indigenous peoples, as proposed by the Committee.

H.E. Mr. Dinesh Bhattarai
Ambassador Extraordinary and Plenipotentiary, Permanent Representative
Permanent Mission of Nepal to the United Nations
Rue de la Servette 81, 1202 Geneva
Fax: 022 733 27 22

In light of the above, the Committee reiterates that the establishment of such a thematic committee should be urgently considered and that effective indigenous representation should be guaranteed by allowing the participation of indigenous representatives who are freely chosen and identified by the peoples concerned according to their own processes.

In order to continue a constructive dialogue with your Government, the Committee requests that information regarding the above be provided by 30 November 2009. The Committee would also like to be informed on progress in the elaboration of the combined seventeenth to nineteenth periodic reports of Nepal, which fell due on 1 March 2008.

Allow me, Your Excellency, to repeat the wish of the Committee to pursue a constructive dialogue with your Government, and to underline that the Committee's request for information is made with a view to assisting your Government in the effective implementation of the Convention.

Yours sincerely,

Fatimata-Binta Victoire Dah
Chairperson of the Committee on the
Elimination of Racial Discrimination

(Unofficial Translation in Nepali is bellow)

२८ सेप्टेम्बर २००९

संयुक्त राष्ट्र संघ
मानव अधिकारको उच्चायुक्तको कार्यालय,
जेनेभा

महामहिम,

यहाँलाई स्मरण गराइन्छ कि १२ फेब्रुवरीदेखि १२ मार्च, २००४ मा बसेको सबै प्रकारका जातीय भेद्भाव उन्मूलन गर्ने महासन्धि अनुगमन समितिद्वारा नेपालले चौंसठीऔं बैठकमा बुझाएको पन्ध्रौं र सोह्रौं प्रतिवेदन उपर CERD/C/64/CO/5 छलफल गरी निर्णय (Concluding Observation) लिइयो । निर्णयको २५ औं परिच्छेद् अनुसार मार्च, २००८ देखि बाँकी रहेको सत्रौं, अठारौं र उन्नाईसौं प्रतिवेदनलाई एउटै दस्तावेजमा समावेश गरियो ।

भर्खरै भएको नेपालको राजनीतिक परिवर्तनको सन्दर्भ नयाँ संविधान निर्माण गर्ने निर्णय र आदिवासीहरुले स्वतन्त्रतापूर्वक छानेको प्रतिनिधिमार्फत संविधान निर्णय प्रक्रियामा भाग लिन पाउने सवालको सन्दर्भमा समितिको ध्यान आकृष्ट भएको छ । समितिमा पेश हुन आएको सूचना अनुसार संविधानसभामार्फत् संविधानको मस्यौदा तयार भइरहेको छ, जसमा आदिवासीहरु राजनीतिक पार्टीले छाने मात्र भाग लिन पाउँछन् र उनीहरुले ती राजनीतिक पार्टीको घोषणापत्र अनुरुप कडाईसाथ कार्य गर्नु पर्दछ ।

यस सन्दर्भमका १६ फेब्रुवरीदेखि ६ मार्च, २००९ सम्म बसेको समितिको ७४ औं बैठकको विषयमा म अवगत गराउन चाहन्छु कि आदिवासीहरुलाइ पर्न जाने अपूरणीय क्षतिबाट जोगिन र महासंन्धिद्वारा प्रत्याभूत अधिकारको पूर्णरुपमा मान्यता र सम्मानको लागि नेपाललाई सहयोग गर्न समितिले अग्रीम चेतावनी (Early Warning) प्रक्रिया अन्तर्गत यस विषयलाई छानवीन गरेको छ ।

माथि प्रकाश पारिएको विषय अनुरुप यहाँको सरकारसंग निरन्तर रचनात्मक वार्ताको लागि हाल चलिरहेको संविधान निर्माण प्रक्रियामा आदिवासीहरुको सहभागिताको विषयमा लिइएको उपायहरुको वारेमा सूचना प्रदान गर्न हुन अनुरोध गरिन्छ । यस सूचना पन्ध्रौं र सोह्रौं प्रतिवेदनमा समावेश गर्नका साथै यथाशीघ्र एउटै दस्तावेजमा समावेश गरी कुनै पनि हालतमा ३१ जुलाई, २००९ अगावै समितिमा पेश गर्नु पर्नेछ ।

महामहिम, दिनेश भट्टराई,
संयुक्त राष्ट्रसंघीय स्थायी प्रतिनिधि
संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल
संविधान निर्माण प्रक्रियामा आदिवासीहरुको स्वतन्त्र अग्रीम सुसूचित जानकारीसहितको मन्जुरी (Free Prior Informed Consent) लाई सुनिश्चित गर्ने संयन्त्र स्थापना गर्न र आदिवासीहरुको राजनीतिक प्रतिनिधित्व तथा सहभागितालाई प्रत्याभूत गर्न संविधानसभामा विषयगत समिति (Thematic Committee) स्थापना गर्न यस समिति सिफारिश गर्दछ ।

यस सन्दर्भमा समितिको आदिवासीहरुको अधिकार विषयक सिफारिश नं. २३ (१८/०८/९७) को ४ (ग) पक्ष राष्ट्रहरुलाई दोहोऱ्याइन्छ कि "सार्वजनिक जीवनमा आदिवासीहरुको प्रभावकारी सहभागिताको लागि कुनै पनि निर्णयहरु स्वतन्त्र अग्रीम सुसूचित जानकारीसहितको मन्जुरी बिना लिइने छैन ।"

भवदीय,
फातिमता-बिनता भिक्तोर दा
अध्यक्ष
संयुक्त राष्ट्र संघीय-जातीय विभेद् उन्मूलन गर्ने समिति

NATIONS UNIES
HAUT COMMISSARIAT AUX DROITS DE L'HOMME

UNITED NATIONS
HIGH COMMISSIONER FOR HUMAN RIGHTS

Téléfax: (41-22)-917 9029
Télégrammes: UNATIONS, GENEVE
Télex: 41 29 62
Téléphone: (41-22)-917 9614
Internet www.ohchr.org
E-mail: tschackel@ohchr.org

Address:
Palais des Nations
CH-1211 GENEVE 10

REFERENCE: TS/JF

13 March 2009

Excellency,

You will recall that the Committee on the Elimination of All Forms of Racial Discrimination, at its 64th session held from 23 February to 12 March 2004, considered the fifteenth and sixteenth periodic reports of Nepal and adopted Concluding Observations in relation thereto (CERD/C/64/CO/5). According to paragraph 25 of the Concluding Observations, the seventeenth, eighteenth and nineteenth periodic reports, combined in one document, fell due on 1 March 2008.

In the meantime, in connection with the recent political changes in Nepal and the decision to prepare a new Constitution, issues concerning the participation of indigenous peoples' freely chosen representatives in Nepal's constitutional preparation process have been brought to the attention of the Committee. According to information submitted to the Committee, Nepal's new constitution is currently being drafted by a Constituent Assembly in which indigenous peoples may only formally participate if they were chosen by political parties and act in strict conformity with the manifestos of those parties.

I wish to inform you that the Committee, at its 74th session, held from 16 February to 6 March 2009, considered this matter under its early warning procedure with a view to avoiding irreparable harm to indigenous peoples and assisting Nepal in ensuring that the rights guaranteed by the Convention are fully recognized and respected.

In light of the above, and in order to continue its constructive dialogue with your Government, the Committee requests information on measures taken to ensure the participation of indigenous peoples in the ongoing constitution-making process. The Committee requests that such information be provided together with the fifteenth and sixteenth periodic reports, to be submitted in one document, as soon as possible and in any event no later than 31 July 2009.

His Excellency Mr. Dinesh Bhattarai
Ambassador Extraordinary and Plenipotentiary
Permanent Representative
Permanent Mission of the Federal Democratic Republic of Nepal
Rue de la Servette 81
1202 Geneva

Fax: 41 22 733 27 22

The Committee recommends that mechanisms be established to ensure indigenous peoples' free prior and informed consent in relation to the constitutional preparation process, and that an indigenous peoples' thematic committee be set up to guarantee the representation and participation of indigenous peoples in political life.

In this regard, the Committee wishes to recall its General Recommendation No. 23 on Indigenous Peoples (18/08/97). By paragraph 4 (d) of this General Recommendation, States parties are reminded to "ensure that members of indigenous peoples have equal rights in respect of effective participation in public life and that no decisions directly relating to their rights and interests are taken without their informed consent".

Allow me, Your Excellency, to reiterate the wish of the Committee to pursue a constructive dialogue with your Government, and to underline that the Committee's request for information is made with a view to assisting your Government in the effective implementation of the Convention.

Yours sincerely,

Fatimata-Binta Victoire Dah
Chairperson of the Committee for the
Elimination of Racial Discrimination

(Unofficial Translation in Nepali is bellow)

संयुक्त राष्ट्र संघ — १३ मार्च २००९
मानव अधिकारको उच्चायुक्तको कार्यालय,
जेनेभा

महामहिम,

यहाँलाई स्मरण गराइन्छ कि १२ फेब्रुवरीदेखि १२ मार्च, २००४ मा बसेको सबै प्रकारका जातीय भेद्भाव उन्मूलन गर्ने महासन्धि अनुगमन समितिद्वारा नेपालले चौंसठीऔं बैठकमा बुझाएको पन्ध्रौं र सोह्रौं प्रतिवेदन उपर CERDC/64/CO/5 छलफल गरी निर्णय (Concluding Observation) लिइयो । निर्णयको २५ औं परिच्छेद् अनुसार मार्च, २००८ देखि बाँकी रहेका सत्रौं, अठारौं र उन्नाईसौं प्रतिवेदनलनई एउटै दस्तावेजमा समावेश गरियो ।

भर्खरै भएको नेपालको राजनीतिक परिवर्तनको सन्दर्भ नयाँ संविधान निर्माण गर्ने निर्णय र आदिवासीहरुले स्वतन्त्रतापूर्वक छानेको प्रतिनिधिमार्फत संविधान निर्माण प्रक्रियामा भाग लिन पाउने सवालको सन्दर्भमा समितिको ध्यान आकृष्ट भएको छ । समितिमा पेश हुन आएको सूचना अनुसार संविधानसभामार्फत् संविधानको मस्यौदा तयार भइरहेको छ, जसमा आदिवासीहरु राजनीतिक पार्टीले छाने मात्र भाग लिन पाउँछन् र उनीहरुले ती राजनीतिक पार्टीको घोषणापत्र अनुरुप कडाईसाथ कार्य गर्नु पर्दछ ।

यस सन्दर्भममा १६ फेब्रुवरीदेखि ६ मार्च, २००९ सम्म बसेको समितिको ७४ औं बैठकको विषयमा म अवगत गराउन चाहन्छु कि आदिवासीलाई पर्न जाने अपूरणीय क्षतिबाट जोगिन र महासंन्धिद्वारा प्रत्याभूत अधिकारको पूर्णरुपमा मान्यता र सम्मानको लागि नेपाललाई सहयोग गर्न समितिले अग्रीम चेतावनी (Early Warning) प्रक्रिया अन्तर्गत यस विषयलाई छानवीन गरेको छ ।

माथि प्रकाश पारिएको विषय अनुरुप यहाँको सरकारसंग निरन्तर रचनात्मक वार्ताको लागि हाल चलिरहेको संविधान निर्माण प्रक्रियामा आदिवासीहरुको सहभागिताको विषयमा लिइएको उपायहरुको वारेमा सूचना प्रदान गर्नु हुन अनुरोध गरिन्छ । यस सूचना पन्ध्रौं र सोह्रौं प्रतिवेदनमा समावेश गर्नका साथै यथाशीघ्र एउटै दस्तावेजमा समावेश गरी कुनै पनि हालतमा ३१ जुलाई, २००९ अगावै समितिमा पेश गर्नु पर्नेछ ।

महामहिम, दिनेश भट्टराई,
संयुक्त राष्ट्रसंघीय स्थायी प्रतिनिधि
संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल
संविधान निर्माण प्रक्रियामा आदिवासीहरुको अग्रीम सुसूचित जानकारीसहितको मन्जुरी (Free Prior Informed Consent) लाई सुनिश्चित गर्ने संयन्त्र स्थापना गर्न र आदिवासीहरुको राजनीतिक प्रतिनिधित्व तथा सहभागितालाई प्रत्याभूत गर्न संविधानसभामा विषयगत समिति (Thematic Committee) स्थापना गर्न यस समिति सिफारिश गर्दछ ।

यस सन्दर्भमा समितिको आदिवासीहरुको अधिकार विषयक सिफारिश नं. २३ (१८/०८/९७) को ४ (ग) पक्ष राष्ट्रहरुलाई दोहोऱ्याइन्छ कि "सार्वजनिक जीवनमा आदिवासीहरुको प्रभावकारी सहभागिताको लागि कुनै पनि निर्णयहरु स्वतन्त्र अग्रीम सुसूचित मन्जुरी बिना लिइने छैन ।"

महामहिम, समितिले तपाईकको सरकारसंग रचनात्मक वार्ता गर्न तथा महासन्धि "सबै प्रकारको जातीय विभेद् उन्मूलन गर्ने महासंन्धि, १९६९" को प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउने हेतुले सूचना माग गरिएको छ भनी जोड दिन चाहन्छ ।
भवदीय,
फातिमता-बिनता भिक्तोर दा
अध्यक्ष
संयुक्त राष्ट्र संघीय-जातीय विभेद् उन्मूलन गर्ने समिति

संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

United Nations Human Rights

## प्रेस विज्ञप्ति – २०६५ मङ्सिर १७

### आदिवासी जनजातिसम्बन्धी नेपालका प्रतिबद्धतालाई क्रियान्वयन गर्न संयुक्त राष्ट्रसङ्घीय विज्ञद्वारा आग्रह

काठमाडौं-जेनेभा – "नेपालका आदिवासी जनजातिले सामना गरेका धेरै चुनौतीहरूलाई सम्बोधन गर्ने यो अत्यन्त महत्त्वपूर्ण क्षण हो," नेपालको आफ्नो नौदिने भ्रमणको अन्त्यमा आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिवेदक प्रा. एस. जेम्स अनायाले भन्नुभयो। "आदिवासी जनजातिका अधिकारहरूलाई अगाडि बढाउन नेपाल सरकारद्वारा व्यक्त प्रतिबद्धताबाट म प्रोत्साहित भए पनि अझ धेरै काम गर्न बाँकी नै छ।"

आफ्नो भ्रमणका सबै चरणमा सरकारबाट पाएको सहयोगका निम्ति सराहना व्यक्त गर्नुहुने विशेष प्रतिवेदकले काठमाडौंमा सरकारी अधिकारी, आदिवासी जनजाति सङ्गठनहरूका प्रतिनिधि, नागरिक समाजका सदस्य तथा संयुक्त राष्ट्रसङ्घका विभिन्न प्रतिनिधिहरूसँग भेट गर्नुभयो। इलाम, झापा, चितवन र कैलाली जिल्लाको आफ्नो भ्रमणमा संयुक्त राष्ट्रसङ्घीय विज्ञले आदिवासी जनजाति समुदाय तथा स्थानीय राज्यअधिकारीहरूसँग परामर्श गर्नुभयो।

आदिवासी जनजातिका अधिकारहरूको सम्मान गर्ने अन्तर्राष्ट्रिय मापदण्डहरू र त्यसमा पनि खासगरी आदिवासी जनजाति तथा कबिला जातिसम्बन्धी आईएलओ महासन्धि १६९ लाई नेपाल सरकारले गरेको अनुमोदन तथा आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्रलाई यसले दिएको समर्थनजस्ता नेपाल सरकारका प्रतिबद्धताहरूप्रति प्राध्यापक अनायाले सन्तोष व्यक्त गर्नुभयो।

आदिवासी जनजातिका पृथक् संस्कृति र जीवनपद्धतिहरूलाई सुरक्षित राख्ने, भूमि तथा प्राकृतिक संसाधनमाथिको अधिकार एवं आफूलाई प्रभावित गर्ने सबै निर्णयमा अर्थपूर्ण तरिकाले सहभागी बन्ने तिनको अधिकारप्रति राज्यलाई प्रतिबद्ध गराउने यस महासन्धिलाई अनुमोदन गर्ने नेपाल पहिलो एसियाली मुलुक हो।

संविधान निर्माण प्रक्रियाको खाका तथा आईएलओ महासन्धि १६९ को कार्यान्वयन दुवैमा आदिवासी जनजातिको भलाइका निम्ति गर्ने योजना भइरहेका कैयौं सकारात्मक उपायहरूबारे भ्रमणका क्रममा विशेष प्रतिवेदकलाई जानकारी गराइयो। तर, यी उपायहरूलाई सुदृढ बनाउनुपर्ने तथा आदिवासी जनजातिका आर्थिक तथा सामाजिक अवस्था उकास्ने कुरामा मात्र नभई वास्तविक अर्थको बहुसाँस्कृतिक राजनीतिक तथा सामाजिक व्यवस्थाभित्र पृथक् समुदायका रूपमा उनीहरू बाँच्ने कुरालाई सुरक्षित गर्ने कुरामा पनि अझ संकेन्द्रित हुनुपर्ने कुरा प्राध्यापक अनायाले उल्लेख गर्नुभयो।

"दमन र सीमान्तीकरणको लामो इतिहासले आदिवासी जनजातिहरूलाई राजनीतिक प्रतिनिधित्व तथा निर्णय प्रक्रिया, पूर्ण नागरिकता र आर्थिक तथा शैक्षिक अवसरहरूबाट बाहिन्याएको छ र तिनका पृथक् संस्कृति र भाषाहरूले लगातार खतरा मोल्नुपरेको छ," संयुक्त राष्ट्रसङ्घीय विज्ञले भन्नुभयो।

"आदिवासी जनजातिलाई तिनका पुर्ख्यौली भूमिबाट जबर्जस्ती विस्थापित गरिनुका साथै सम्पत्तिमाथिको अधिकारबाट वञ्चित गरिएको छ र तिनलाई प्रायः न्यायमा पहुँच प्राप्त हुँदैन। आदिवासी जनजाति महिलाहरूले थप किसिमका भेदभाव तथा दुर्व्यवहार भोग्नुपरेको छ," उहाँले थप बताउनुभयो।

यी अवस्थाहरूलाई चालु संविधान निर्माण प्रक्रियामा सम्बोधन हुन लागेको थाहा पाएर विशेष प्रतिवेदक प्रोत्साहित हुनुभयो। "आदिवासी जनजातिका अधिकारहरूलाई नयाँ संविधानमा सुरक्षित गर्नु तथा यिनलाई नयाँ संविधान निर्माण प्रक्रियामा समावेश गर्नु अत्यन्त महत्त्वपूर्ण छ." उहाँले भन्नुभयो।

संविधानसभाका सदस्यहरूमा आदिवासी जनजातिको सङ्ख्या उल्लेख्य रहेको कुरा उल्लेख गर्दै प्राध्यापक अनायाले आदिवासी जनजातिका आफ्ना छानिएका प्रतिनिधिहरूमार्फत् तथा तिनका निर्णय-प्रक्रियाका आफ्नै विधिहरूअनुसार नेपालले प्रतिबद्धता जनाएका अन्तर्राष्ट्रिय मापदण्डहरूले चाहेअनुसार तीसँग प्रत्यक्षरूपमा परामर्श गर्न संविधान निर्माण प्रक्रियामा थप संयन्त्रहरू स्थापना गर्नुपर्ने आवश्यकतामाथि जोड दिनुभयो।

देशका सबै विविध जातीय तथा आदिवासी समुदायहरूका मानवअधिकारको पूर्ण प्राप्ति हुने कुरालाई प्रवर्द्धन गर्ने सङ्घीय नमुनाको विकासमा नयाँपन र लचकताको आवश्यकतामाथि जोड दिंदै विशेष प्रतिवेदकले भन्नुभयो, "नयाँ संविधानमा मूर्तरूप दिइने भनी अपेक्षा गरिएको सङ्घीय संरचनाबारे जारी छलफलहरूमा आत्मनिर्णय तथा स्वायत्तताका लागि आदिवासी जनजातिका जायज मागलाई पर्याप्त मात्रामा समावेश गरिनु आवश्यक छ।" उहाँले देशको नयाँ राजनीतिक व्यवस्थाको प्रारूपणमा रहेका जटिल मुद्दाहरूसम्बन्धी छलफलमा समावेशी सहभागिताको महत्त्वमाथि जोड दिनुभयो।

प्राध्यापक अनायाले तत्काल सम्बोधन गरिनुपर्ने अन्य कतिपय जल्दाबल्दा विषयहरू उल्लेख गर्नुभयो। सरकारद्वारा पहिल्यै गरिएका भूमि अधिकारसम्बन्धी सहमतिहरूको कार्यान्वयनलगायत आदिवासी समुदायहरूको भूमिप्रतिको अधिकार सुरक्षित गर्ने कार्य तीमध्ये एक हो। अर्को जल्दोबल्दो विषय हो आदिवासी जनजातिको औपचारिक सूचीमा समावेश गरिनुपर्ने थप समुदायहहरूबारे विचार पुऱ्याउनु ।

अन्त्यमा, वर्तमान राजनीतिक सङ्क्रमणको सुरुवाती चरणहरूमा नेपाल सरकारद्वारा गरिएको प्रारम्भिक प्रगतिको स्वागत गर्दै विशेष प्रतिवेदकले संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्द्वारा आफूलाई प्रदान गरिएको आदिवासी जनजातिको मानवअधिकारको प्रवर्द्धन गर्ने कायदिशको सन्दर्भभित्र रहेर सहयोग गर्ने तथा सक्रियरूपमा संलग्न रहने तत्परता व्यक्त गर्नुभयो।

समाप्त

--------

*आफ्नो भ्रमणका क्रममा दिएको पूर्ण सहयोगका लागि प्राध्यापक अनायाले नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालयप्रति कृतज्ञता व्यक्त गर्नुभएको छ। आफ्नो कायदिशमा रहेका सर्तअनुरूप विशेष प्रतिवेदकले आफ्नो भ्रमणका निष्कर्ष तथा सिफारिसहरू संलग्न पात्रहरू एवं जेनेभास्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्समक्ष प्रस्तुत गर्नुहुनेछ।*

---

*मानवअधिकार परिषद्ले प्राध्यापक अनायालाई आदिवासी जनजातिको मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको स्थितिसम्बन्धी नयाँ विशेष प्रतिवेदकमा सुरुमा तीन वर्षका निम्ति नियुक्त गरेपछि उहाँले आफ्नो कायदिश २०६५ वैशाख १९ गतेदेखि वहन गर्नुभयो। उहाँ एरिजोना विश्वविद्यालय (संयुक्त राज्य अमेरिका)को मानवअधिकार कानुन तथा नीतिसम्बन्धी जेम्स जे. लेन्वा प्रोफेसर हुनुहुन्छ।*

*विशेष प्रतिवेदकको कायदिशबारे थप जानकारीका लागि* indigenous@ohchr.org *मा इमेल लेख्नुहोस् वा* <u>http://www2.ohchr.org/english/issues/indigenous/rapporteur/index.htm</u> *हेर्नुहोस्।*

मानवअधिकार उच्चायुक्तको कार्यालय-मिडिया युनिट
रुपर्ट कोलभिल, प्रवक्ता, +४१ २२ ९१७ ९७६७
जेबियर सेलाया, सूचना अधिकृत, + ४१ २२ ९१७ ९३८३/, +४१ ७९ ४४४ ७५७८
सोधपुछ तथा मिडिया अनुरोधका लागि: press-info@ohchr.org ।

# लाहुर्निप, मानव अधिकार तथा पहिचान ।



अधिवक्ता दिनेशकुमार घले
(उपाध्यक्ष–लाहुर्निप)

**पृष्ठभूमिः**

नेपाली जनताले आफ्नो आधारभूत मानव अधिकार, स्वतन्त्रता र समानता प्राप्त गर्नका निम्ति विगत समयमा पटकपटक विरोध, आन्दोलन र क्रान्ति गरेका थिए । जनताले चाहेजस्तो राज्यको नीति तथा व्यवस्था परिवर्तन नभएको कारणले गर्दा उनीहरूले संघर्ष गर्नु परेको थियो । जनताहरूले २०४६/०४७ सालमा बहुदलीय व्यवस्था ल्याउनेका लागि सशक्त जन-आन्दोलन गरे । अनि मात्रै बहुदलीय व्यवस्थाको पक्षधर राजनीतिक पार्टीहरू एउटै मोर्चामा आबद्ध हुन पुगे । ती राजनीतिक पार्टीका मोर्चाहरूको संयुक्त शक्तिको दर्बिलो धक्काले गर्दा निरंकुश पंचायती व्यवस्था गर्ल्यामगुर्लुम ढलेको थियो । जब पंचायती व्यवस्था गर्ल्याम्म ढल्यो, त्यसपछि बहुदलीय व्यवस्थाको स्थापना भयो । तर नेपाली जनताहरू, राजनीतिक पार्टीहरूका नेता तथा कार्यकर्ताहरूको मनमा नयाँ राज्य व्यवस्थाको वारेमा नयाँ नीतिगत योजनाहरू के कसरी ल्याउने भन्ने सन्दर्भमा परिपक्व सोंच, विचारहरू आइसकेको अवस्था थिएन । यसले गर्दा यी कमीकमजोरीहरूको फाइदा लिई बहुदलीय व्यवस्थालाई विफल बनाउने र पुनः पंचायत व्यवस्था फर्काउने प्रयासहरू पटकपटक भएको भए तापनि ती शक्तिहरूको योजना सफल हुन सकेन ।

बहुदलीय व्यवस्थालाई संवैधानिक मान्यता २०४७ को संविधानले प्रदान गरेको थियो । नेपाल अधिराज्यको संविधान, २०४७ जारी भएपछि नेपाली प्रजा एवं रैतीहरू खाली शब्दमा मात्रै 'जनता'मा परिवर्तन भएका थिए । अर्थात् सम्पूर्ण नेपालीहरू प्रजा वा रैतीबाट आफूहरू जनता भन्ने शब्दमा रुपान्तरित भएका थिए । तर जनता भएपछि जनताका हक/अधिकार के कति हुन्छ भन्ने विषयको वारेमा सबै नेपाली जनता र राजनीतिक पार्टीका नेता तथा कार्यकर्ताहरूमा परिपक्व जानकारी आइसकेको अवस्था थिएन । त्यस्तो अवस्थामा जनताका मौलिक अधिकार, कानूनी राज्य, विधिको शासन, ऐतिहासिक विभेद्, मानव अधिकार, सामाजिक न्याय, आदिवासी जनजाति पहिचानको अधिकार, आदिवासी महिलाको अधिकार, दलित, मधेशी, पीछडिएको क्षेत्रको अधिकार, अल्पसङ्ख्यक समुदायको हक/अधिकार, समानुपातिक समावेशी, आधारभूत स्वतन्त्रता र समानताको अधिकार भन्ने विषयहरू त धेरै टाढाको कुरा थियो ।

**लाहुर्निपको नाम र स्थापनाः**

लाहुर्निप संस्थाको २०५१ सालमा स्थापना गरियो । यस संस्थाको नाम नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह, छोटकरीमा लाहुर्निप अग्रेजीमा Lawyers' Association for Human Rights of Nepalese Indigenous Peoples

(LAHURNIP) राखिएको थियो । लाहुर्निप संस्था जब स्थापना भयो, तबदेखि यो लाहुर्निप शब्द केही जनमानसले सुन्न थाले । शुरुमा लाहुर्निप शब्द सुन्ने स्रोताहरूलाई निकै अप्ठेरो लाग्ने गर्दथ्यो । किनभने यो लाहुर्निप शब्द त्यो भन्दा अगाडि कहिल्यै सुनेका र सुन्न बानी परेका थिएनन् । यसलाई कसैले लाहुरेनीको संस्था हो, भने कसैले लाहुरेको संस्था हो भनी बुझे । यो लाहुरे र लाहुरेनी शब्द नेपाली समाजमा निकै प्रचलित शब्द भएको कारणले गर्दा झट्ट सुन्दा त्यहीं कुरा सुने/बुझे । संस्थाको स्थापना, उद्देश्य एवं लक्ष्यहरू र यस संस्थाबाट आदिवासी जनजाति तथा स्थानीयवासीहरूले प्राप्त गर्ने उपलब्धिहरू त झन धेरै पर रहेको थियो । अहिले बल्लतल्ल तीन दशकको अवधिमा लाहुर्निप संस्थाको उद्देश्यहरू समुदायले थाहा पाउने हैसियत निर्माण भएको छ ।

लाहुर्निप संस्थाको स्थापना गर्ने अग्रपङ्क्तिमा विद्वान एवं परिपक्व व्यक्तित्वहरू पहिलो समूहमा रहेका थिए । ती अग्रपङ्क्तिका विद्वान एवं परिपक्व व्यक्तित्वहरूलाई दरिलो रुपमा साथ सहयोग गर्ने दोस्रो समूहहरू नेपाल ल क्याम्पसमा अध्ययनरत आदिवासी विद्यार्थी समाजका (आ.वि.स.)का नेतृत्वदायी विद्यार्थीहरू रहेका थिए । त्यसरी दुई समूहको पहल, समन्वय र सहमतिको निचोडले लाहुर्निप संस्थाको स्थापना हुन पुगेको थियो । यो संस्था स्थापना गर्नुको मूल कारण भनेको आदिवासीहरूको मानव अधिकार अन्तर्गत आदिवासी जनजातिहरूको पहिचान, राज्यद्वारा गरिएको ऐतिहासिक, जातीय, भाषिक, साँस्कृतिक, सामाजिक, धार्मिक, भौगोलिक, आर्थिक, राजनीतिक र नीतिगत विभेद्हरूको वारेमा समुदायलाई जानकारी गराउनु थियो । यी विभेद्हरूको अन्त्य गर्दै, आदिवासीहरूको सामुहिक अधिकार स्थापना र सामुहिक पद्धतिका विषयहरूको खोज, अध्ययन, अनुसन्धान गरी आदिवासी जनजाति समुदायलाई सम्बन्धित विषयहरूमा चेतना जागृत गराउदै सबै प्रकारको अधिकारहरूमा आदिवासीहरूले आफ्नो दावी गर्न सक्ने हैसियत निर्माण गरी समग्र देश विकासमा आवश्यक साथ सहयोग गर्ने र गराउने उद्देश्य र लक्ष्यहरू यस संस्थाले अवलम्बन गरेको हो ।

**मानव अधिकारः**

मानव अधिकार भनेको मानिसको रुपमा जन्मेको मानवले मात्रै पाउने प्राकृतिक अधिकार हो । यो अधिकार मानवीय आत्मा सम्मान, मर्यादा, अस्तित्वसहित बाँच्न र जीवन निर्वाह गर्न आवश्यक पर्दछ । मानव अधिकार अन्तर्राष्ट्रिय कानूनद्वारा उजागर गरिएको हुन्छ भने राष्ट्रिय कानूनद्वारा कार्यान्वयन गरिन्छ । मानव अधिकार कसैको दया, माया र कृपाबाट प्राप्त गरिने अधिकार नभई मानिसले प्राप्त गर्ने जन्मसिद्ध, नैसर्गिक, सर्वमान्य, अविभाज्य, अहरणीय, अपरिहार्य, प्राकृतिक एवं आधारभूत अधिकार हो । मानव अधिकारलाई सामाजिक न्याय, मानवीय सुरक्षा र आधारभूत स्वतन्त्रताको आधारस्तम्भ मानिन्छ ।

**मानव अधिकारको सिद्धान्तः**

मानव अधिकार विश्वव्यापी हुन्छ । यसले सम्मान र मर्यादामाथि जोड दिन्छ । यसले व्यक्ति तथा समूह वा समुदायको रक्षा गर्छ । राज्य र राज्य

संचालकहरूलाई मानव अधिकारको सुनिश्चित गराउछ। मानव अधिकारलाई पन्छाउन वा खोस्न पाइदैन। मानव अधिकार मानव जातिसंग अन्योन्याश्रित र अन्तरसम्बन्धित हुन्छ। मानव अधिकारलाई जन्मसिद्ध र संवैधानिक तथा कानूनी प्रश्नभन्दा व्यापक अर्थमा लिने गरिन्छ। यो संयुक्त राष्ट्रसंघले सन् १९४८ मा घोषणा गरे अनुसार विश्वका मानव मात्रले उपभोग गर्न पाउने आधारभूत अधिकार हो।

**नेपाल कानूनद्वारा परिभाषित मानव अधिकारः**

राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ अनुसार मानव अधिकारको परिभाषा मानिसले मानिसकै हैसियतमा मर्यादित भएर बाँच्नका लागि आवश्यक पर्ने सबै अधिकारहरूलाई मानव अधिकार भनिन्छ। मानव अधिकार भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासंग सम्बन्धित संविधान, प्रचलित कानूनद्वारा प्रदान गरिएको अधिकार सम्झनु पर्छ र सो शब्दले नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकारासमेतलाई जनाउँछ भनी ऐनको दफा (२) (च) ले परिभाषा गरिदिएको छ।

**आदिवासी जनजातिको मानव अधिकारः**

प्रत्येक आदिवासी जनजातिले आफू र आफ्नो समुदाय राज्यको मूलधारभन्दा वंशको उत्पत्तिदेखि नै जातीय, भाषिक, ऐतिहासिक, सामाजिक, साँस्कृतिक, धार्मिक रुपमा मौलिक, विशिष्ट र पृथक हौं भन्ने भावना र आधारभूत मापदण्डहरू कायम राखेको हुन्छ। उनीहरूको प्रथा एवं प्रथाजनित कानून मूल्य र मान्यतालाई आ-आफ्नो विधि र पद्धति अनुसार मौलिक ढंगले संरक्षण गर्दै, आदिवासी जनजातिले आदिवासी जनजातिकै हैसियतमा आत्मसम्मानसहित मर्यादित, स्वतन्त्र, समानता र अविभेद्पूर्ण भएर पहिचान कायम राख्दै सम्मानपूर्वक बाँच्नको लागि राष्टि्रय तथा अन्तर्राष्टि्रय कानूनहरूले प्रदान गरेको सबै प्रकारको अधिकारहरूलाई आदिवासी जनजातिको मानव अधिकार हो भनी बुझ्नु पर्छ। आदिवासी जनजातिको मानव अधिकार हिन्दू वर्णव्यवस्थाको नीति नियमहरूले निर्धारण गरेको मापदण्डभित्र पर्दैन। आदिवासी जनजाति-आदिवासी जनजातिबीच पहिचानको विविधता अलग-अलग कायम रहेको भए तापनि विविधतामा एकता रहने विशेषताहरू मिलेको हुन्छ। आदिवासी जनजातिहरूको शारीरिक स्वरुपमा एक-आपसमा मिलेको भए तापनि कूल, वंशगत उत्पत्ति, जातीय मूल्य मान्यता, विशेषताहरू फरक-फरक हुन्छ। आदिवासी जनजातिहरूको जन्मदेखि मृत्युसम्मको संस्कार, संस्कृतिहरू छुट्टाछुट्टै ढंगले प्रचलनमा रहेको हुन्छ। आदिवासी जनजातिहरूको पुर्ख्यौली भूमि वा थातथलो, मातृभाषा, भेषभुषाहरू, रीतिरिवाज, लवाइखवाई, अलग-अलग रहेको हुन्छ। यहीं विषयहरूले आदिवासी जनजातिहरूको गुण र विशेषताहरू निर्धारण गरेको हुन्छ।

**पहिचानः**

पहिचान के हो ? पहिचान भन्ने शब्द मानव अधिकार हो होइन ? यसको आधार र विशेषताहरू के के हुन् ? यी उल्लिखित विषयले हाम्रो समाजमा रहेका सबै

वर्गलाई गहन ढंगले अध्ययन, अनुसन्धान, खोज, बहश, छलफल, चर्चा र अन्तरक्रिया गर्ने मौका प्रदान गरेको छ। त्यसैले केही समय अघिदेखि यो पहिचान भन्ने शब्दको बारेमा जतातत्तै 'पहिचान-पहिचान' भनी व्याख्या भएको पाइन्छ। मानव जाति आफ्नो उत्पत्तिकालदेखि नै पहिचान (Identity) रक्षाको निम्ति विभिन्न व्यवधानहरूबीच लड्दै आइरहेको छ। यथार्थमा पहिचान भनेको आफ्नो निजी, व्यक्तिगत, जातिगत, सामुदायिक विवरण अरुलाई भनी परिचय दिई चिन्ने, चिनाउने, अवसर वा माध्यम हो। कसैले पहिचानलाई जटील समस्याको रुपमा लिन्छ, भने कसैले अत्यन्तै महत्वपूर्ण, गम्भीर र संवेदनशील विषयको रुपमा लिने गरिन्छ। वस्तुगत तथ्यको आधारमा भन्ने हो भने पहिचान अति नै गम्भीर र संवेदनशील विषयवस्तुमा पर्छ। पहिचान वंश उत्पत्तिसंग सम्बन्धित रहने विषयवस्तु हो। त्यसैले मानव समाज आफ्नो वंशको स्वार्थ पूरा गर्न प्रयत्नशील रहने समूहमा पर्दछ। मानव समुदायको हरेक व्यवहार तिनै स्वार्थ वंशद्वारा निर्देशित रहेको हुन्छ। वंशको मूल चरित्र भनेको आ-आफ्नो जाति वा समूह-समूहका पहिचानको संरक्षण, सम्वर्द्धन र उसको विकास गर्ने लक्ष्य लिएको हुन्छ। सर्वप्रथम् वंशले पहिले आफ्नो, निजीस्वको रक्षा गर्छ। त्यसपछि आफ्नो नजिकको परिवार, नातेदारको रक्षा गर्न खोज्दछ। साँचो अर्थमा जसले जेजे कुराहरू बाहिरी रुपमा आडम्बर बनाएर भने तापनि हाम्रो भित्री मनसाय वा इच्छा भनौं जहिले पनि, जुनसुकै बेला आफू र आफ्नो सबैभन्दा निकट रहेको वंश रक्षा र स्वार्थको लागि हरपल प्रयत्नशील रहेको हुन्छ। यी सम्पूर्ण गुणहरू आ-आफ्नो वंशको रीतिथिति, परम्परागत मूल्य र मान्यता, ज्ञान, शीप र विवेकबाट पुस्तान्तरण हुँदै सिक्दै र सिकाउदै आएको हुन्छ। त्यसैकारणले गर्दा हामी सम्पूर्ण मानव आ-आफ्नो समुदायको स्वार्थको निम्ति मरिमेट्ने गर्दछौं। मानव वंशको यो स्वार्थी विशेषताहरूलाई सामाजिक सन्दर्भमा आत्मपहिचान हो भनी अर्थ लगाउने गरिन्छ।

पहिचानको वारेमा धेरै आधार, विशेषता र तहहरू छुट्टयाइएको पाइन्छ। व्यक्तिगत आधारमा पहिचान नाम, थर, वतन, उमेर, लिंग, शिक्षा आदिलाई व्यक्तिगत पहिचानको श्रेणीमा राखिन्छ। पारिवारिक आधारमा पहिचान वंशखलक, पेशा, व्यवसाय, नाता र सम्बन्ध जस्ता विषयहरू पर्दछन्। समुदाय वा आदिवासी जनजातिका जातीय आधारमा पहिचान जाति, मातृभाषा, पुर्ख्यौली भूमि, आफ्नो समुदायले अवलम्बन गरेको आस्था वा धर्म, संस्कृति, इतिहास तथा पुरातत्व र प्रथा एवं प्रथाजनित कानून जस्ता विषयहरू पहिचानका मापदण्डमा राखिएकोछ। तहगत आधारमा पहिचान व्यक्ति, परिवार, वंश, समुदाय, टोल, गाउँ, नगर, जिल्ला, अंचल, क्षेत्र, प्रदेश, संघ वा राष्ट्रलाई मानिएको छ। प्रादेशिक आधारमा पहिचान भौगोलिक, सामाजिक, साँस्कृतिक, आर्थिक, वातावरणीय जस्ता विषयहरूलाई छुट्टयाइएको छ। राष्ट्रिय तहमा पहिचान सामर्थ्य, राजनीतिक, जनसङ्ख्या, भौगोलिक, आर्थिक, सामाजिक, भाषिक, जातीय, साँस्कृतिक, ऐतिहासिक, प्राकृतिक स्रोतसाधन र सम्पदाहरू समग्रतामा पहिचानका महत्वपूर्ण पक्षहरू मानिन्छन्।

पहिचान प्रत्येक व्यक्ति, जाति,

समुदाय, वर्गले स्व (आफैं)ले अनुभूति पूर्ण रुपमा गर्न पाउने विषयवस्तु हो । यसलाई पहिचानको रक्षा गर्ने सार्वभौम अधिकारको रुपमा पनि लिने गरिन्छ । हाम्रो समाजमा आफ्नो पहिचान स्थापित वा रक्षा भएपछि अरुको पहिचानलाई मान्यता नदिने र पहिचानविहीन बनाउने, नष्ट गर्ने व्यक्ति समाजमा रहेका हुन्छन् । यस्ता मनसाय भएका व्यक्तिहरूले समाजको विकास, उन्नति, प्रगति भएको देख्न सक्दैनन् । पहिचानको सम्मानले सबै मानव जातिको अधिकार, सह-अस्तित्वलाई रक्षा एवं मर्यादित बनाउने काम गर्दछ ।

**आदिवासी जनजातिः**

नेपालमा आदिवासी जनजाति शब्दको प्रयोग गर्न थालेको लामो समय भएको पाइदैन । विश्वमा छरिएर रहेका आदिवासी जनजातिहरूलाई एउटै परिभाषाले समेट्ने गरी आजसम्म परिभाषा भएको पाइदैन । नेपालको सन्दर्भमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को दफा (२) (क) ले आदिवासी जनजातिको परिभाषा गऱ्यो । उक्त ऐनको परिभाषा अनुसार "आदिवासी जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको अनुसूची बमोजिमको जाति वा समुदाय सम्झनु पर्छ । यो भन्दा पहिले नेपालको कुनै पनि कानूनहरूले आदिवासी जनजातिलाई परिभाषा गरेको थिएन । संविधानतः नेपालको अन्तरिम संविधान, २०६३ जारी भएपछि आदिवासी जनजाति समुदायले मान्यता पाएको थियो । वर्तमान अवस्थामा नेपालको संविधान (२०७२) को विभिन्न धाराहरूमा 'आदिवासी जनजाति' भन्ने शब्द समावेश भएको पाइन्छ । उल्लिखित कानूनहरू जारी गर्नु अगाडि तत् समुदायलाई 'मतवाली' भनेर बुझ्ने गरिन्थ्यो । मतवाली भनेको नेपाली बृहत् शब्दकोश अनुसार जाँडरक्सी खाने जाति, मदिरा सेवन गर्ने वंश मतमुखी भनिएको पाइन्छ ।

विश्वमा आदिवासीहरूको अधिकारको निम्ति लड्ने पहिलो दूत क्यानडाका इरोकी आदिवासीमध्येका कयुगा मुखिया देशकाहे थिए । यी अधिकारवादी दूतले सन् १९२३ मा आफूलाई पहिचान गर्नका लागि आन्दोलनको शुरुवात् गरेका थिए । त्यसबेला उनले ६ वटा राष्ट्रको प्रतिनिधित्व गरेर स्वीट्जरल्याण्डको जेनेभामा लिग अफ नेसन्समा इरोकी र क्यानडाबीचमा भएको विवाद्लाई उठाएका थिए । सोही समयदेखि आदिवासी जनजाति शब्द संयुक्त राष्ट्रसंघको संयन्त्रमा आएको देखिन्छ । अहिले आदिवासी जनजाति शब्दको कानूनी मान्यता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनले नै स्थापित गरिसकेको अवस्था छ । तर केही समय यता हामी आदिवासी जनजाति होइनौं, हामी त मूलवासी वा पूरावासी हौं भन्ने आवजहरू पनि प्रशस्त मात्रामा उठेको पाइन्छ । आदिवासी जनजातिभित्र मूलवासी पर्छ वा मूलवासीभित्र आदिवासी जनजाति पर्छ । यो खोज, अध्ययन र अनुसन्धान गरी टुङ्गो लगाउने विषयवस्तु हो । खासगरी भन्ने हो भने आदिवासी जनजाति शब्द संयुक्त राष्ट्रसंघको विभिन्न महासभाको बैठकहरूले घोषणा गरी स्थापित भइसकेको शब्द हो । उक्त समयदेखि यता संयुक्त राष्ट्रसंघको ठूल्ठूला सभा,

सम्मेलनहरूमा विज्ञ व्यक्तित्व र सरकारका प्रतिनिधिहरूबाट नै आदिवासी जनता (Indigenous Peoples) भनी सम्बोधन गरिएको पाइन्छ । त्यसैले आदिवासी शब्द संसारमा स्थापित भइसकेको शब्द हो । आदिवासी शब्दको संस्थागत प्रयोग अन्तर्राष्ट्रिय श्रम संगठनले सन् १९२० को दशकमा ग्रामीण श्रमिकहरूको अवस्थाका वारेमा अध्ययन गर्दा आदिवासी जनजाति (Indigenous and Tribal Peoples) को सवाललाई पहिलोपटक उठाएको मानिन्छ । अन्तर्राष्ट्रिय श्रम संगठनले आफ्नो काम गर्ने क्रममा आदिवासी जनजातिहरूका लागि मात्रै केन्द्रित रहेर एउटा कानून निर्माण गर्नुपर्ने आवश्यकता महशूस गऱ्यो । यो कानून निर्माण गर्नुपर्ने मूल लक्ष्य वा आधार आदिवासी जनजातिहरूको छुट्टै विशेषताहरूलाई सम्बोधन गर्नु थियो । त्यसैले सन् १९५७ मा अन्तर्राष्ट्रिय श्रम संगठनले आदिवासी जनजातिहरूसंग सम्बन्धित रहने अन्तर्राष्ट्रिय कानून आदिवासी जनजातिहरूको महासन्धि नं. १०७ (Convention on Indigenous and Tribal Populations N.107) पारित गरेको थियो । यो कानूनले आदिवासी जनजातिका महत्वपूर्ण विषयहरूलाई सम्बोधन गरेको भए तापनि केही सवालहरूमा भने विवाद सृजना गरेको थियो । ती विवादित विषयहरू भनेको आदिवासी जनजातिहरू पीछडिएको तथा कालान्तरमा राज्यको मूलधारका अन्य समुदायमा विलय हुने र अस्थायी प्रकृतिको समुदायको रुपमा हुने तर्क रहेको थियो, जुन तर्कले कानूनी मान्यता प्राप्त गर्न सकेन । यसको मूल कारण आदिवासी जनजातिहरूमा चेतनाको वृद्धि र उनीहरू संयुक्त राष्ट्रसंघीय आदिवासी कार्यदलजस्तो अन्तर्राष्ट्रिय मंचहरूमा निरन्तर सहभागिता रहँदै जानु थियो । अथवा आदिवासी जनजातिका समुदायहरू आदिवासी जनजातिकै हैसियतमा उनीहरूका पहिचानको सम्मान, संरक्षण, सम्वर्द्धन र विकास हुनुपर्छ भन्ने प्रथा एवं प्रथाजनित कानूनहरूले मान्यता दिदै आएको छ ।

अन्तर्राष्ट्रिय श्रम संगठनले सन् १९८९ को जुन महिनामा आदिवासी जनजातिहरूसंग सम्बन्धित रहेको महासन्धि नं. १६९ (Indigenous and Tribal Peoples N. 169) पारित गरेको थियो । यो महासन्धि पारित भएपछि विश्वका आदिवासी जनजातिहरूमा छुट्टै प्रकारको ऊर्जाशील लहर आयो । यस महासन्धि नं. १६९ ले आदिवासी जनजातिहरूका न्यूनतम अधिकारहरू स्थापित गरिदिएको छ । यसले आदिवासी जनजातिको स्पष्ट परिभाषा त गरेन । तर अन्तर्राष्ट्रिय मापदण्ड भने तोकिदियो । आदिवासी जनजाति हुनका निम्ति स्व-पहिचान, भाषा, संस्कृति, ऐतिहासिक भूमि, प्रथा एवं प्रथाजनित कानून, मूल्य मान्यताहरू फरक-फरक हुनुपर्छ भनी आधार एवं विशेषताहरूको वारेमा प्रत्याभूत गरिदियो । यो महासन्धिलाई नेपाल सरकारले वि.स.२०६४ साल भाद्र ५ गते व्यवस्थापिका संसद्‌बाट अनुमोदन गऱ्यो । हाल कार्यान्वयन गर्दै गरेको अवस्था छ ।

नेपालमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूचीमा ५९ जातिहरूलाई सूचीकृत गरिएको छ । तर यो ५९ जातिहरूमध्ये

दुईवटा जाति फ्री र छैरोतन जाति नै छैन । अथवा यी फ्री र छैरोतन जातिका नामले नेपाल सरकारको कुनै पनि निकायहरूमा 'हामी फ्री र छैरोतन हौं' भनी दावी गरेको पाइदैन । यस्तो अवस्थामा उक्त समयमा आदिवासी जनजातिहरूलाई अनुसूचीमा समावेश गरिंदा केही कमीकमजोरी भएकै छ । त्यसकारणले गर्दा उक्त सूचीमा सुधार गर्नुपर्ने र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूचीमा दावी गर्ने सबै आदिवासी जनजातिहरूलाई अविलम्ब समावेश गरिनु पर्ने जरुरी देखिन्छ ।

**अल्पसङ्ख्यक समुदायः**

नेपालको संविधान (२०७२) को धारा ३०६ को उपधारा (१) को खण्ड (क) ले अल्पसङ्ख्यक समुदायको परिभाषा र व्याख्या गरेको छ, जस अनुसार अल्पसङ्ख्यक भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशतभन्दा कम जनसङ्ख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा भएको, विभेद् र उत्पीडन भोगेको समूह समेतलाई जनाउछ । नेपाल सरकार गृह मन्त्रालयको मिति २०७४ साल माघ ८ गतेको सूचना अनुसार राष्ट्रिय जनगणना, २०६८ को जातीय विवरणमा उल्लेख भएका कूल जनसङ्ख्याको ०.५ (शून्य दशमलव पाँच) प्रतिशतभन्दा कम जनसङ्ख्या रहेको जातीय समूह (दलित बाहेक) लाई अल्पसङ्ख्यकको रुपमा तोकेको छ ।

विश्वभरी यो अल्पसङ्ख्यक समुदायको विवाद आजसम्म कायम नै रहेको अवस्था छ । यो विवादको मूल कुरा आदिवासी जनजाति र अल्पसङ्ख्यक समुदाय भनेको फरक हो । आदिवासी जनजातिको अधिकार सामुहिक हुन्छ । तर अल्पसङ्ख्यक समुदायको अधिकार सामुहिक हुँदैन्, व्यक्तिगत हुन्छ भन्ने मान्यता रहेको छ । त्यसकारणले गर्दा आदिवासी जनजातिहरूले बारम्बार भन्दै आएका छन् "हामी अल्पसङ्ख्यक होइनौं । हामी आदिवासी हौं ।" यो पनि नेपाल सकरकारको "फुटाऊ र राज गर" भन्ने नीति नै लागू गरेको देखिन्छ ।

अल्पसङ्ख्यक समुदायको नाममा आदिवासी जनजाति र गैरआदिवासीलाई नछुट्टयाई लथालिङ्ग ढंगले सूची तयार गरी राजपत्रमा प्रकाशित गरिएको छ । नेपालमा सोही मितिदेखि अल्पसङ्ख्यक समुदायको बारेमा विवाद शुरु भएको छ । नेपाल सरकारले यी समुदायहरूको निम्ति आजसम्म कुनै पनि नीति ल्याएको छैन ।

लाहुर्निप संस्थाले संस्थागत रुपमा आदिवासी जनजाति समुदायमाथि राज्यद्वारा भएको ऐतिहासिक विभेद्, अन्याय, अत्याचार, वहिष्करणका सवाल वा समस्याहरूको बारेमा निरन्तर जनपैरवीका प्रयासहरू गर्दै आइरहेको कुरा सबैमा जगजाहेरै छ । ती विषयहरू आदिवासी जनजातिहरूको पहिचान, मानव अधिकार, भूमि तथा प्राकृतिक स्रोतसाधन (जल, जंगल, जमीन, खानी) माथिको अधिकार, स्वायत्तता र स्वशासनको अधिकार, आत्मानिर्णीत विकासमा अधिकार, साँस्कृतिक अधिकार, भाषिक अधिकार, सामाजिक अधिकार, ऐतिहासिक तथा पुरातात्विक स्थलहरूको अधिकार, स्वतन्त्र अग्रीम जानकारीसहितको

मन्जुरी अधिकारलगायतका अधिकारहरू स्थापित गर्न हरसमय प्रयत्नशील रहेको छ । यी अधिकारहरू समुदायमा के कति अधिकारहरू स्थापित भए वा भएन, ती सबै कुरा भन्ने र मूल्यङ्कन गर्ने अधिकार स्वयं समुदायलाई मात्रै रहेको छ ।

लाहुर्निप संस्थाले आफ्नो उद्देश्य एवं लक्ष्यहरू प्राप्त गर्नका निम्ति देशव्यापी रुपमा विभिन्न कानूनसम्मत कदमहरू चालेको थियो । ती कानूनसम्मत कदमहरू अनगिन्ती छन् । त्यसमध्ये यहाँ लिपिबद्ध गर्न लायक विषयहरू दैलेख जिल्लाको नौमूले गाउँपालिका अन्तर्गत विभिन्न विद्यालयहरूमा 'मगर ढुट' र 'मगर खाम' मातृभाषाको कक्षा १ देखि पढाई शुरु भएको छ । आदिवासी जनजातिहरूको मातृभाषाको मानव अधिकार स्थापना गराउने अभियानमा संस्थाको प्रतिनिधित्व गरी लेखक ११ चोटि उक्त स्थानहरूमा प्रत्यक्ष सहजीकरण गर्न पुगेको थियो ।

**दैलेख जिल्लाको नौमूले गाउँपालिका क्षेत्रभित्र मगर मातृभाषा पठनपाठन भएका विद्यालयहरूः**

कृष्ण प्रा.वि.नौमूले-१ राइली (मगर ढुट), ने.रा.मा.वि. भाङघारी नौमूले (मगर ढुट), जनज्योति प्रा.वि.नौमूले-८ अम्लाचौर (मगर ढुट), गौतम बुद्ध प्रा.वि. नौमूले-८ सानीमाखु (मगर ढुट), सन्तोषी प्रा. वि. नौमूले-७ जरीखाना (मगर ढुट), भैरव गेता प्रा. वि., नौमूले-५ सालडाँडा (मगर ढुट) भैरब स्थान प्रा.वि., नौमूले-६ तल्लो नाउली (मगर ढुट) ने. रा. प्रा. वि., नौमूले-१ तोली (मगर ढुट), ऐश्वर्य प्रा.वि., नौमूले -२ भावरसैनी (मगर खाम), बुलबुले प्रा.वि., नौमूले-३ भित्रीखोला (मगर खाम) महेन्द्र प्रा. वि., नौमूले-४ चेप्टे (मगर खाम) विरेन्द्र प्रा. वि., नौमूले-२ निरगा (मगर खाम) मा मगर भाषाको पठनपाठन भइरहेको छ ।

**त्यस्तै दैलेख जिल्लाको नौमूले गाउँपालिका क्षेत्रभित्र संचालित हाईड्रोपावरहरूः**

पदमखोला हाईड्रोपावर (४.५ मे.वा.), द्वारीखोला हाईड्रोपावर (४.२ मे.वा.), लोहोरेखोला हाईड्रोपावर (३.७५ मे.वा.), अपर लोहोरेखोला हाईड्रोपावर (४. मे.वा.) रहेका छन् ।

**मुआब्जा एवं क्षतिपूर्तिः**

हाईड्रोपावर संचालकहरूले यस स्थानका पीडितहरूलाई कुनै पनि मुआब्जा र क्षतिपूर्ति नदिई हाईड्रोपावर संचालन गरेका थिए । पीडितहरूको उजूरी अनुसार लाहुर्निप र स्थानीय सरोकार मंचद्वारा प्रदान गरिएको कानूनी प्रशिक्षणबाट चेतनाको अभिवृद्धि भई स्थानीय सरोकार मंचले तोकेको दरभाउ अनुसार मुआब्जाको रकम पीडितहरूले पाएका छन् ।

# लाहुर्निपमा मेरो अनुभव र कार्यहरू



**अधिवक्ता भिम राई**
**(कोषध्यक्ष-लाहुर्निप)**

**पृष्ठभूमिः**

२०५१ सालको कुरा हो । बी एल. तेस्रो वर्ष भरखर शुरु हुँदै थियो । तर नेपाल ल क्याम्पसका एकैसाथ संगै पढ्ने सहपाठीहरूसंग छुट्टिने दिन पनि नजिकिदै थियो । हामी सबैसंगै मिलेर संगठित रुपमा आदिवासीहरूको हक/अधिकारको विषयमा निरन्तर काम गर्ने दिन एकवर्ष पनि बाँकी थिएन । त्यसैले हामी र हाम्रो टीमलाई एउटै कुराले साह्रै पिरोलिरहेको थियो । त्यो थियो-अब कलेज बाहिर गएर कसरी आदिवासीहरूको अधिकारको विषयमा संगठित भई आवश्यक कामकुराहरू गर्दै समतामूलक समाज निर्माणमा, सामाजिक न्याय प्राप्तिमा अगाडि बढ्ने भन्ने थियो । किनभने क्याम्पसमा अध्ययनरत हुँदा हामीहरू **आदिवासी विद्यार्थी समाज** (आ.वि.स.)को नामले एकत्रित भई आदिवासीहरूको हक/अधिकारको विषयमा सम्भव भएसम्मको कार्यहरू संचालन गर्दै आइरहेका थियौं र आदिवासी विद्यार्थी समाजले उपत्यका र उपत्यका बाहिरका क्याम्पसहरूमा आफ्नो पहिचान बनाइसकेको थियो । नेपाल ल क्याम्पस, मीनभवन क्याम्पस, ताहाचल क्याम्पसलगायतमा आदिवासी विद्यार्थी समाजको कार्यालयसमेत स्थापना भइसकेको थियो ।

क्याम्पसको अध्ययनपश्चात् आदिवासीहरूको हितमा कसरी संगठित भई काम गर्ने भन्ने सन्दर्भमा पटक-पटकको छलफल तथा शुभचिन्तकहरूको साथ र सहयोगमा आदिवासीहरूको अधिकार र न्याय प्राप्तिमा काम गर्न स्वतन्त्र आदिवासी वकिलहरूको संगठन निर्माण गरी न्याय र समानताको अभियानलाई निरन्तरता दिने भन्ने अन्तिम सल्लाह र निर्णय भएको हुँदा नेपाल ल क्याम्पसमा नै आदिवासी वकिलहरूको भेला गराई संस्था निर्माण गरी तदर्थ समितिसमेत चयन गरियो, जसको नेतृत्व अधिवक्ता दुर्गाप्रसाद सुब्बा र अधिवक्ता शान्ति कुमारी राईले गर्नु भएको थियो । सोही छलफल तथा निर्णयानुसार मिति २०५१ साल फागुन १८ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंमा नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) संस्था दर्ता गरी विद्यार्थी जीवनपछिको कानून व्यवसायी हुँदाको जोश र जाँगरका साथ सामाजिक कार्यलाई निरन्तरता दिन अगाडि बढियो । तर सोंचेजस्तो काम गर्न सजिलो थिएन ।

एक त वकालती पेशाबाट काठमाडौंमा रहनु/बाँच्नु थियो । त्योभन्दा ठूलो उद्देश्य आदिवासीहरूको पक्षमा काम गर्दै समग्र आदिवासीलाई आफ्नो हक/अधिकारको विषयमा जानकारी दिंदै न्याय प्राप्तिमा अगाडि बढाउनु थियो । यी विषयहरू त्यो बेला जातिवादी, साम्प्रदायिक र समाजमा विभाजन ल्याउने भन्नेजस्तो संकिर्णता थियो । सोही भनाईलाई भ्रम फैलाइएको थियो, जुन एकल भाषा, भेष, संस्कृति र जातिवाद



सोंचको उपज थियो । हाम्रो समाजमा विद्यमान बहु-अस्तित्वलाई पहिचान गरी राज्यको प्रत्येक अंग/निकायमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था हुनुपर्छ र आदिवासीको सामुहिक तथा व्यक्तिगत मानव अधिकारलाई पनि **मानव अधिकार**को रुपमा सम्मान गरिनुपर्छ भनी लाहुर्निप संस्थाले उठाएको आवज तथा कार्यहरू अनुरुप विभेद, बहिष्करण तथा अन्यायको विरुद्ध रीट निवेदन लिएर अदालतमा पुग्दा र अदालती प्रक्रियामा भाग लिंदा आदिवासी समुदायकै केही वकिलसाथीहरू तथा दाईहरूलाई समेत उसबेला यो पचेको थिएन ।

**सामुदायिक हकहित तथा सचेतनाका कार्यक्रमहरू:**

शुरुमा संस्थाले समग्र आदिवासीको हक/अधिकार तथा सवाललाई उठाउने र सम्पूर्ण आदिवासीहरूमा कानूनी सहयोग गर्न समय, मानव संसाधन र आर्थिक स्रोतको अभावको कारण असम्भव नै प्रायः भएको हुँदा समुदाय तथा व्यक्तिगत मुद्दाहरूमा कानूनी सहायता दिने र सानो संख्यामा रहेका तथा सीमान्तकृत आदिवासी समुदायलाई प्राथमिकतामा राखी विभिन्न कानूनी सहायताको कार्यहरू गरियो । जस्तो-राजी, सोना, कुशवाडीया, किसान, मेचे, उराऊँ, सन्थाल आदि आदिवासी समुदायहरूमा कार्यक्रम संचालन गरियो ।

बाँके जिल्लाको नेपालगन्ज फुल्टेक्रा र राजापुरस्थित कुशवाडीया समुदायमा २०५७ साल चैत्र ९ गते, फुल्टेक्रा नेपालगन्जमा कुशवाडीया समुदायमा ११ गते, राजापुर बर्दियामा सोना समुदायमा १२ गते, कैलालीको टीकापुरमा राजी समुदायमा १४ गते कार्यक्रम संचालन गरिएको थियो । उक्त कार्यक्रमहरूको सहजीकरण लाहुर्निपको तर्फबाट



अधिवक्ता दुर्गाप्रसाद सुब्बा र अधिवक्ता भिम राईले गर्नुभएको थियो । यो कार्यक्रम राष्ट्रिय जनजाति विकास समितिको सहयोगमा उपत्यका बाहिरको पहिलो संस्थागत कार्यक्रम थियो ।

त्यस्तै ललितपुर जाउलाखेल, स्टाफ कलेजमा २०५२ साल, भदौ १६ गते लाहुर्निप, आ.वि.स. र निपडिस्कद्वारा संयुक्त रुपमा राष्ट्रियस्तरको **नेपाल आदिवासी** विषयक एकदिने सेमिनार कार्यक्रम संस्थाको अध्यक्ष अधिवक्ता दुर्गाप्रसाद सुब्बाको सभापतित्व तथा राजसभा स्थायी समितिका सभापति परशुनारायण चौधरीको प्रमुख आतिथ्यमा उपत्यकाको पहिलो कार्यकम सम्पन्न भएको थियो । त्यो कार्यक्रमको उद्देश्य नेपाल/राज्यले अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं.१६९ अनुमोदन गर्नु पर्छ भन्ने रहेको थियो । उक्त कार्यक्रममा नेपालस्थित अन्तर्राष्ट्रिय श्रम संगठन कन्ट्री अफिस नेपालको प्रमुख लैला टेग्मो रेड्डी, राजसभा स्थायी समितिका सदस्य अधिवक्ता मतिराज भुषाल, नेपाल आदिवासी जनजाति महासंघका महासचिव डा.ओम गुरुङ, डा. कृष्णबहादुर भट्टचन, अधिवक्ता गोपाल शिवाकोटी 'चिन्तन' लगायतलाई अतिथिको रुपमा आसन ग्रहण गराइएको थियो र डा. कृष्णबहादुर भट्टचनद्वारा कार्यपत्र प्रस्तुत गरिएको थियो । उक्त कार्यक्रमको लागि संस्थाका शुभचिन्तक समाजसेवी श्री केबी लिम्बू (खोयाङ)ले आर्थिक सहयोग गर्नु भएको थियो ।

त्यस्तै काठमाडौं उपत्यकाको बागबजारमा संस्थाद्वारा पहिलो **कानूनी प्रशिक्षण** कार्यक्रम सम्पन्न गरियो । यस कार्यक्रममा विभिन्न जातीय संस्थाका प्रतिनिधि, कानून व्यवसायी तथा विभिन्न



अभियन्ताहरूलाई सहभागी गराइएको थियो, सो कार्यक्रममा प्रशिक्षक शम्भू राई तथा अधिवक्ता दुर्गाप्रसाद सुब्बाले प्रशिक्षण दिनु भएको थियो ।




**व्यक्तिगत मुद्दाहरू:**
जुन आदिवासी जनजातिहरू आर्थिक तथा सामाजिक रुपमा असक्षम छन्, उनीहरूको कानूनी समस्याहरूतथा मुद्दाहरू निःशुल्क रुपमा हेर्ने काम संस्थाको स्थापनाकालदेखि नै निरन्तर रह्यो । यो कामको लागि आर्थिक सहयोग कुर्नु पर्ने आवश्यकता थिएन । किनभने लाहुर्निपमा आबद्ध सबै वकिल अर्थात्, कानून व्यवसायीहरू भएको हुनाले यो काम जहिलेसुकै/कुनै पनि अवस्थामा सम्भव थियो । यो कामको लागि सम्बन्धित व्यक्तिहरूको सूचनाहरू लाहुर्निपले कारागार अनुगमनबाट सूचना संकलन गरी सम्बन्धित असाहाय आदिवासीहरूलाई कानूनी सहयोग गर्ने काम गरियो,

जुन व्यक्तिगत मात्र नभई सामुहिक प्रकृतिका समेत हुने गर्दथ्यो । जस्तो-गोबधको मुद्दाहरू, जबरजस्ती करणी (ज.क.)को मुद्दाहरू ।

**सामुहिक मुद्दाहरूः**

आदिवासीको सहभागिताको कुरालाई लिएर सर्वोच्च अदालतमा दर्ता गराएको पहिलो रीट आदिवासी जनजाति विकास समितिसंग सम्बन्धित थियो । आदिवासी जनजाति विकास समितिमा पदाधिकारीहरू नियुक्ति गर्दा आदिवासी जनजातिमध्येबाटै नियुक्ति गरिनुपर्छ भन्ने कानून (राष्ट्रिय जनजाति विकास समिति (गठन) आदेश, २०५४ को दफा ३) मा व्यवस्था थियो । डा. चैतन्य सुब्बा (हाल दिवंगत) कार्यकारी निर्देशक रहनुभएको उक्त विकास समितिको (गोरखापत्र-२०५६।०५।१८ मा) सूचना प्रकाशित गरी (प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई र स्थानीय विकासमन्त्री चिरञ्जीवि वाग्लेको पालामा) समितिमा प्राज्ञ बैरागी काइँलाका साथ-साथै अन्य गैरआदिवासी (रामदयाल यादव र जोगेन्द्र सहनी) समेत सरकारबाट समितिमा नियुक्ति गरिएको थियो । अतः उक्त नियुक्तिले आदिवासी जनजातिको कानूनी हक/अधिकार कुण्ठित भयो भनी सर्वोच्च अदालतमा मिति २०५६ साल असोजमा रीट निवेदन (रीट नं. ३२५७) दर्ता गरिएको थियो । रीट दर्ता भई विपक्षी झिकाउने आदेश भयो । रीटको अन्तिम टुंगो नलाग्दै सरकारले गरेको गैरकानूनी नियुक्ति खारेज गरी नियुक्ति नै सच्याएको थियो । यो लाहुर्निपको कानूनी लडाईको पहिलो जीत थियो-समुदायको लागि । यो मुद्दामा प्राविधिक रुपमा डा. चैतन्य सुब्बा प्रत्यार्थी भए पनि वहाँले यो मुद्दामा लाहुर्निपलाई हरतरहको सहयोग गरी सकारात्मक तथा ठूलो भूमिका निर्वाह गर्नु भएको थियो । यस प्रकारको सामुहिक अधिकारको कानूनी लडाईलाई लाहुर्निपले हालसम्म पनि तीब्रताका साथ निरन्तरता दिई आएको छ ।

**पत्रिका प्रकाशनः**

लाहुर्निपको उद्देश्य तथा कार्यहरूलाई आदिवासी समक्ष पुऱ्याउन मासिक र पाक्षिक पत्रिकाहरू प्रकाशन गर्ने काम भयो । २०५१ सालमा **स्मृति** नामक मासिक पत्रिका प्रकाशन गर्न थालियो । सम्पादन, प्रकाशन र व्यवस्थापन टीममा भिम राई, नवीन लिङदेन, शंकर लिम्बू, दिनेश घले, धनकुमार राई, कुशुम मगर, प्रकाश गुरुङ रहेर संघर्षपूर्ण काम गरियो । पत्रिका प्रकाशनलाई निरन्तरता दिन काठमाडौं र ललितपुरमा चिनेजानेका आफन्तहरूमा देउसीसमेत खेलेर आर्थिक संकलन गर्ने प्रयासहरू गरियो । तर रकमको अभावमा २०५२ सालदेखि पत्रिका प्रकाशन बन्द नै भयो । सन्त माझी सम्पादक रहने गरी **आदिवासी आवाज** नामक पाक्षिक पत्रिका २०६३ सालदेखि प्रकाशन गर्न थालियो । तर विभिन्न कारणले यो पत्रिका पनि २ वर्षपछि बन्द भयो । यसरी जुनबेला आदिवासीहरूको पक्षमा लेख्ने र सूचना दिने संचारको माध्यमहरू थिएन, त्यतिबेला पनि लाहुर्निपले प्रकाशनको प्रयास गरेको थियो ।

**वर्तमानमाः**

वर्तमान अवस्थामा लाहुर्निपको कार्य ५५ जिल्लामा विभिन्न स्तरमा आदिवासीहरूको मानव अधिकार र आधारभूत स्वतन्त्रता (Human Rights and Fundamental Freedoms) को

संरक्षण, सम्वर्द्धन र विकासको लागि कार्यहरू संचालन भइरहेका छन् । साथै आदिवासी अधिकारलाई सुनिश्चित र प्रवर्द्धन गर्न छलफल, गोष्ठी, कार्यशाला, पैरवी, तालीम, अध्ययन, अनुसन्धान, प्रकाशनको कामहरू भइरहेकोछ । यस वारे संक्षिप्त रुपमा यहाँ प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

**आदिवासीहरूको भूमि सम्बन्धी अधिकारः**

भूमि नै आदिवासीको जीवन र जगत रहेको हुँदा आदिवासीलाई नागरिकको हैसियतमा र आदिवासीको हैसियतमा (व्यक्तिगत तथा सामुहिक) भूमिमाथि सार्वभौम अधिकार हुन्छ भन्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरूमा व्यवस्था गरिएको पाइन्छ । तर यहाँको आदिवासीहरू निरन्तर भूमिबाट विस्थापन भइरहेका छन् । आफ्नो थातथलोबाट आदिवासीहरू विस्थापन हुनु भनेको आदिवासीको अस्तित्व नै समाप्त हुनु हो । त्यसैले यो गम्भीर विषयको सम्बन्धमा के कसरी कुन आधारमा आदिवासीहरू आफ्नो थातथलोबाट निरन्तर विस्थापन भइरहेका छन् ? भनी लाहुर्निपले यस्ता विस्थापनका घटनाहरूको तथ्यांक संकलन गरी विश्लेषण गर्दा विशेष गरी निम्न औजारहरको प्रयोग गरी आदिवासीहरूलाई उनीहरूको परम्परागत भूमिबाट विस्थापन गरेको तथ्य लाहुर्निपको विश्लेषणबाट प्राप्त भएको हुँदा भूमिबाट विस्थापनको विरुद्धमा लाहुर्निपले निरन्तर काम गरिरहेको छ । भूमिबाट विस्थापन गर्न राज्यले निम्न औजारहरू प्रयोग गरेको पाइन्छ ।

**विकासको नाममा विस्थापनः**

बाटो बनाउने, सडक विस्तार गर्ने, विद्युत उत्पादन तथा वितरण गर्ने, उद्योग, कलकारखाना स्थापना गर्ने, शिक्षा तथा स्वास्थ्यको नाममा भवन, खेलकूद मैदान, संग्राहलय आदि निर्माण गर्ने नाममा आदिवासीहरूलाई आफ्नो परम्पारगत भूमि छोड्न बाध्य बनाइएको पाइन्छ । जस्तो- काठमाडौं उपत्यकामा सडक विस्तार गर्ने नाममा आदिवासी नेवार समुदाय विस्थापनको अवस्थामा रहेको पाइन्छ । त्यस्तै कीर्तिपुरमा त्रिभुवन विश्वविद्यालय स्थापना गर्दा, महाराजगंजमा शिक्षण अस्पताल निर्माण गर्दा नेवार तथा तामाङ समुदाय विस्थापनमा परेको घटनाले देखाउछ । त्यस्तै कालीगण्डकी 'ए', तथा अरुण तेस्रो जलविद्युत आयोजना, काबेली 'ए', खिम्ती ढल्केबर २२० के.भी. प्रसारण लाईन, मर्स्याङ्दी करिडोर २२० केभी प्रसारण लाईन, कोशी करिडोर २२० के.भी. प्रसारण लाईन आदिले आदिवासीहरूलाई परम्परागत भूमि छोड्न बाध्य बनाएको देखिन्छ । हरिसिद्धि ईटा टायल कारखाना स्थापना गर्ने नाममा करीब ७०० रोपनी जग्गाबाट नेवार किसानहरूलाई विस्थापन गराएको देखिन्छ । झापा जिल्ला, कमल गाउँपालिकामा आदिवासी रंगशाला निर्माण गर्ने नाममा परम्परागत साँस्कृतिक भूमि (समाधिस्थल र पितृ पुज्ने स्थान) खोसिएको देखिन्छ ।

**संरक्षण र आरक्षः**

जनावर तथा वातावरण संरक्षण तथा वन्यजन्तुको शिकार गर्ने आरक्षको नाममा बर्दिया राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज, मकालु बरुण शिकार आरक्ष, ढोरपाटन शिकार आरक्ष आदिले वातावरण संरक्षण गर्ने नाममा स्थानीय राई, शेर्पा, मगर, थारु, राजी, बोटे, दनुवारलगायत अन्य




आदिवासीहरूलाई विस्थापन गरेको पाइन्छ ।

**सैनिकीकरणः**

माओवादी द्वन्द्वकाल पहिले र पछि शान्ति सुरक्षाको नाममा सेना तथा प्रहरीको क्याम्प तथा कार्यालय स्थापना गर्ने क्रममा पनि आदिवासी जनजातिहरूले आफ्नो परम्परागत भूमि गुमाएको देखिन्छ । जस्तै-भक्तपुरको सल्लाघारी तथा आसपासको भूमि, काठमाडौं टुंडिखेलको सैनिक मंच, पाँचथर जोरपोखरीको सैनिक तालीम केन्द्र आदिले सो क्षेत्रका आदिवासीहरूको परम्परागत भूमिहरू खोसेको देखिन्छ ।

**समानताको नाममा पहिचान विनाशः**

हामी सबै नेपाली हौं र नेपाली भनेको हिन्दू संस्कार, संस्कृति नै हो भन्ने भ्रम र बलमिचाईको कारण आदिवासीहरूको साँस्कृतिक भूमिहरू, जस्तो-ग्रामथान, भूमेथान, साकेलाथान, मझीथान, स्याँदरथान आदि अतिक्रमण तथा हिन्दूकरण गर्ने काम निरन्तर भइरहेको देखिन्छ । जस्तो-मोरङ जिल्ला बयरवन गाविसस्थित ग्रामथान, सुनसरी जिल्ला इटहरी न.पा.अन्तर्गतका थारु विच्छुबाबा ग्रामथान आदि यसको ज्वलन्त उदाहरणहरू हुन् ।

**भूमि सम्बन्धी मानव अधिकारको प्रतिरक्षाको लागि लाहुर्निपले अपनाएको रणनीतिहरूः**

आदिवासीहरूको परम्परागत व्यक्तिगत तथा सामुहिक भूमिहरूमा प्रायः ठूला-ठूला संरचनाहरू नहुने र दर्ता नहुने आदि निहुँमा यस्ता खाली भूमिहरू सरकारी, पर्ती जमीन हो भन्ने नीतिगत विभेद् र बहिष्करणको कारण माथि उल्लिखित विभिन्न नाममा आदिवासीको भूमि खोसिने, लुटिने, अधिग्रहण हुने, अतिक्रमण हुने कार्यलाई रोक्न लाहुर्निपले त्यसको विश्लेषण गरी घटनाको अवस्था, परिस्थिति, आवश्यकता अनुसार विशेषतः एकैसाथ ४ या ५ बटा पक्षलाई प्रयोग गर्ने रणनीति लिने गरेको छ ।

**समुदाय परिचालनः**

घटनाबाट पीडित समुदायलाई मानव अधिकारको विषयमा बुझाउने, सचेत बनाउने र घटनासंग जोड्ने तथा आफ्नो कर्तव्य/दायित्व तथा अधिकारको बोध गराउन कानूनी ज्ञान दिने, पीडित र सम्बन्धित समुदायहरूलाई एकै बुझाई र मागहरू पहिचान गर्न लगाई सामुहिकतामा जोड दिने र न्यायमा आधारित दिगो विकासमा जोड दिने, जसले गर्दा

सामुहिक रुपमा समुदाय आफैं अगाडि बढ्न आत्मबल मिल्ने छ साथै निरन्तर रुपमा पीडित पक्षहरूसंग सम्वाद, छलफल, सहजीकरण, कानूनी टिप्स तथा जानकारी दिने र पीडितहरूको जिज्ञासाहरूलाई तत्काल र महत्वका साथ सम्बोधन गर्ने, आवश्यकता अनुसार योजना/परियोजना तथा सरकारको पक्ष र पीडितहरूलाई एकै ठाउँमा राखी त्रि-पक्षीय वार्ता गर्ने/गराउने गरिएको छ ।

**कानूनी उपचार अवलम्बनः**
उक्त घटनाले के कस्तो कानूनी अधिकारहरूको हनन् गरेको छ, सो विरुद्ध सम्बन्धित न्यायिक निकाय, जस्तो- स्थानीय निकाय, अदालत र विदेशी लगानीकर्ताहरू (विश्व बैंक, एशियाली विकास बैंक, युरोपियन ईन्भेष्टमेन्ट बैंक आदि) को उजूरी सुन्ने निकायहरूमा उजूरीको लागि तयारी गर्ने र आवश्यकता अनुसार समयानुकूल हुने गरी दर्ता गर्ने काम गरिएको छ ।

**मानव अधिकार निकायहरूको उपयोगः**
उक्त घटनाले के कस्तो आदिवासीको मानव अधिकार उल्लंघन गरेको छ ? सो विरुद्धमा मानव अधिकार निकायमा उजूरी गर्न तयारी गर्ने र समय र आवश्यकता अनुसार उजूरी दर्ता गर्ने गरिएको छ । जस्तो-राष्ट्रिय मानव अधिकार आयोग, संयुक्त राष्ट्र संघीय संरचनाहरू आदि ।

**संचार माध्यमको प्रयोगः**
संचार माध्यमहरूबाट घटनालाई सत्य-तथ्य रुपमा बाहिर ल्याउने र प्रचार-प्रसार गर्ने, जसबाट घटनालाई बंग्याएर तथा भ्रम फैलाएर जनतामा नकारात्मक सन्देश दिन नपाओस् र गुपचूपमा राख्न नसकोस् । जस्तो-काठमाडौं उपत्यकामा सडक विस्तार गर्दा सरकारले सडक अतिक्रमण गरी बनाएको घरटहरा हटाउने सूचना भनी जनतामा भ्रम फैलाई, "हो त नि, सडक मिच्न पाइन्छ ?" भनी जनतामा नकारात्मक मानसिकता पैदा गरिदिएको थियो । तर वास्तवमा घरले होइन, सडकले चाहिं मानिसको बासस्थान र जीविकोपाजर्न गर्ने ठाउँ खोस्दै थियो । त्यसैले "गैरन्यायिक सडक विस्तार बन्द गर, जनताको घरबास खोस्न पाइदैन" भनी वास्तविक सत्य-तथ्य सामाजिक संजालहरूमा र अन्य प्रिन्ट तथा विद्युतीय संचार माध्यमबाट बाहिर आएपछि जनतामा रहेको उक्त भ्रम हट्न गई मुद्दामा सकारात्मक बल पुगेको थियो ।

**आदिवासी मानव अधिकार प्रतिरक्षक संजालः**
आदिवासीहरूको आर्थिक, सामाजिक, साँस्कृतिक तथा राजनीतिक रुपमा रहेको मानव अधिकारलाई संरक्षण, सम्वर्द्धन र सम्बोधन गराउने लाहुर्निपको महत्वपूर्ण कार्य भएको हुँदा मानव अधिकार उल्लंघनको घटना संकलन, सुसूचीत, संरक्षण र सम्बोधन गराउन स्थानीय स्तरबाटै महत्वपूर्ण पहल हुनुपर्छ र आदिवासी अभियन्ताहरूलाई संगठित बनाउनु पर्छ भनी सन् २००८ देखि एशिया ईन्डिजिनियस पिपुल्स प्याक्ट (AIPP) को अगुवाईमा नेपालमा आदिवासी मानव अधिकार प्रतिरक्षकहरूको संजाल निर्माण भई निरन्तर रुपमा कार्य संचालन भइरहेको छ । लाहुर्निपले राष्ट्रिय, क्षेत्रीय र जिल्ला संयोजक गरी तीन तहमा कामको बाँडफाँड गरी हाल ८२ जना आदिवासी मानव अधिकार प्रतिरक्षकहरू २५ वटा जिल्लामा चलायमान रहेका छन् । यस्तैगरी विगतमा पनि विभिन्न जिल्लामा

विभिन्न आदिवासी मानव अधिकार प्रतिरक्षकहरूद्वारा मानव अधिकार प्रतिरक्षाका लागि कार्यरत रहेको व्यहोरा अवगत गराइन्छ ।

**लाहुर्निपका कार्यहरूः**

लाहुर्निपको कार्यहरूमध्ये माथि उल्लिखित कार्यहरू केही उदाहरणहरू मात्र हुन् । लाहुर्निपले विशेष रुपमा गर्ने गरेको कार्यहरू विषयगत रुपमा निम्न शीर्षक अनुसार हेर्न सकिन्छ, जो निरन्तर संचालनमा रहेको छ ।

**अध्ययन–अनुसन्धानः**

आदिवासीको हक/अधिकारका सन्दर्भमा प्रचलित नेपाल कानूनहरूको अध्ययन, अनुसन्धान गरी सम्बन्धित निकायलाई सिफारिश गर्ने, आदिवासीको हक/अधिकारको सन्दर्भमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरूको तुलनात्मक अध्ययन गर्ने, नेपालको अन्तरिम संविधान, २०६३ लाई आईएलओ १६९ र आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणपत्र, २००७ संग तुलनात्मक अध्ययन गरी संविधान मस्यौदा समितिमा प्रतिवेदन बुझाउने र आदिवासी जातीय संघसंस्थाहरूलाई सचेत र सजग बनाउने काम २०६५ सालदेखि निरन्तर रुपमा गर्दै आइएको छ । यो नै नेपालको संविधानको विषयमा अध्ययन गरी प्रतिवेदन सार्वजनिक गरिएको पहिलो अध्ययनको काम थियो ।

**अदालती मुद्दाः**

आदिवासीहरूको सामुहिक हक/अधिकार र अशक्त, असाहाय, आर्थिक अवस्था कमजोर भएका आदिवासीहरूको व्यक्तिगत मुद्दाहरू निःशुल्क हेर्ने, यस्तो विषयमा लाहुर्निपद्वारा नेपालको सम्बन्धित अदालतहरूमा मुद्दा दर्ता गर्ने, बहश पैरवी गर्ने, राष्ट्रिय मानव अधिकार आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय महिला आयोग, आदिवासी जनजाति आयोग, थारु आयोग, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, स्थानीय निकाय आदिमा निवेदन तथा उजूरी दिने र सोको कानूनी प्रक्रियामा सहयोग पुऱ्याउने काम गरिन्छ ।

आदिवासीको सामुहिक मुद्दाको सन्दर्भमा सहभागिताको विषयलाई लिएर २०५६ सालमा पहिलो पटक सर्वोच्च अदालतमा लाहुर्निपले मुद्दा दर्ता गरेको थियो । लाहुर्निपका यस्ता मुद्दाहरू हाल धेरैवटा अदालतमा विचाराधीन अवस्थामा रहेको छ । जस्तो- काठमाडौं उपत्यकामा भएको सडक विस्तार, थारु तथा धिमाल समुदायको ग्रामथान, इलाम मलातेको चिहानघारी, राष्ट्रिय मानव अधिकार आयोगमा समावेशी सम्बन्धमा आदिवासी समुदायको नाममा गैरआदिवासीको प्रतिनिधित्व भएको, सोलु, नवलपरासी, सुनसरी आदिमा भएको हाईड्रो र विद्युत प्रसारण लाईन आदि ।

अन्तर्राष्ट्रिय निकायहरूमा समेत लाहुर्निपले आदिवासीको विभिन्न मुद्दाहरू उठाउने गरेको छ । जस्तो- नेपालमा लगानी गर्ने विश्व बैंक, एशियाली विकास बैंक, युरोपियन ईन्भेष्टमेन्ट बैंक आदि लगानीकर्ताको विषयमा (जसको लगानीले आदिवासीहरूको अधिकारमा नकारात्मक प्रभाव पार्छ) । संयुक्त राष्ट्र संघका विभिन्न संरचनाहरू, जस्तै-मानव अधिकार समिति, आदिवासीहरूको विशेष समाधीक्षक, आदिवासी स्थायी मंच, इम्रीप आदिमा लाहुर्निपबाट उजूरी दिने काममा सहयोग गरिएको छ ।

**तालीमः**

आदिवासीहरूको अधिकारको विषयमा समुदायलाई सचेत, सजग र संगठित बनाउन कानूनी प्रशिक्षण दिने, सम्बन्धित निकायलाई आदिवासीको अधिकारको वारेमा सकारात्मक धारणा बनाउन, आदिवासी, सरकारी निकाय, र परियोजनासंग सम्बन्धित व्यक्तिहरूलाई सहभागी बनाई समाधान निकाल्न त्रि-पक्षीय सम्वाद गराउने आदि कामहरू लाहुर्निपबाट गरिएको छ र आदिवासीहरूको अधिकारको विषयमा विभिन्न व्यक्ति तथा संस्थाहरूलाई निरन्तर सहजीकरण गर्ने कामसमेत हुँदै आएको छ ।

**जनवकालतः**

आदिवासीहरूको हक/अधिकारलाई सम्बोधन गराउन, जनजागरण ल्याउन, सकारात्मक धारणा बनाउन माहोल तयार गर्न आदिवासीको अधिकार र अवस्थाको वारेमा सम्बन्धित सरकारी निकायहरू, बुद्धिजीविहरू, अधिकारवाला, सरोकारवाला, नागरिक समाज, जातीय संस्थाका प्रतिनिधिहरूलाई प्रशिक्षण, तालीम, छलफल, गोष्ठी, प्रकाशन आदि माध्यमबाट बुझाउने, सम्झाउने, पैरवी गर्ने कामहरू लाहुर्निपले गर्दै आएको छ ।

**प्रकाशनः**

आदिवासीहरूको अधिकारको वारेमा लाहुर्निपले गरेको अध्ययन, अनुसन्धान तथा अन्य संस्था र व्यक्तिहरूद्वारा आदिवासीको अधिकारको वारेमा गरिएको अध्ययन, अनुसन्धान, प्रतिवेदन, पुस्तक, पुस्तिकाहरू प्रकाशन गर्ने तथा लाहुनिपले आदिवासीहरूको हक/अधिकार सम्बन्धमा तयार पारेको विविध पुस्तकहरू, वार्षिक क्यालेण्डर, पोष्टर, पम्पलेट छाप्ने तथा प्रकाशन गर्ने कामहरू साथै विभिन्न आदिवासीको मातृभाषा तथा खसभाषामा समेत आदिवासीसंग सम्बन्धित लेख, कानून, पुस्तिका, पोष्टर आदि अनुवाद गरी प्रकाशन गर्ने काम गरेको छ । लाहुर्निपद्वारा २०५७ सालमा खस नेपाली भाषामा आईएलओ १६९ लाई पहिलो पटक अनुवाद गरी प्रचार-प्रसार तथा सहजीकरण गर्ने काम गरिएको थियो । (प्रकाशनहरू लाहुर्निपको website:www.lahurnip.org मा प्राप्त गर्न सकिन्छ ।) आदिवासीहरूको मानव अधिकारको पक्षमा लाहुर्निपले गरेको भूमिसंग सम्बन्धित केही प्रतिनिधिमूलक कार्यहरूको संक्षिप्त जानकारी यहाँ प्रस्तुत गरिएको छ ।

**मेलम्ची खानेपानी परियोजनाः**

**सिन्धुपाल्चोक** जिल्लाको हेलम्बु गाविसको मेलम्ची खोलाबाट पहिलो र लार्के र यांग्री खोलाबाट दोस्रो चरणबाट काठमाडौमा खानेपानी ल्याउने परियोजनाले स्थानीय आदिवासी जनजाति ह्योल्मो, माझी, तामाङ, गुरुङ र दनुवार (विशेष गरी ह्योल्मो र माझी) समुदायको स्वतन्त्र अग्रीम जानकारीसहितको मन्जुरी (FPIC) को अधिकार उल्लंघन गरेको र अन्तराष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९, आदिवासीहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ विपरीत भएको भनी शान्तिपूर्ण आन्दोलन (छलफल, सचेतना कार्यक्रम, गोष्ठी, सामुदायिक सहजीकरण, धर्ना, जुलुस, पत्रकार सम्मेलन, वार्ता, आदि) भएको थियो । यस आन्दोलनलनई निष्कर्षमा पुऱ्याउन मिति २०५४।४।१८ मा लाहुर्निपको सहजीकरणमा सरकार र समुदायबीच भौतिक योजना तथा



मेलाम्ची खानेपानी परियोजना सम्बन्धमा आदिवासीको अधिकार बारे नेपाल सरकारसँग भएको सहमति पत्र

नेपाल सरकार
भौतिक योजना तथा निर्माण मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्रसंख्या :
च.नं.

ह्योल्मो खानेपानी सरोकार समितिले मिति २०६६/४/१३ र २०६५/१०/२९ मा पेश गरेका मागका सम्बन्धमा आज मा.उपप्रधानमन्त्रीज्यूको उपस्थिति तथा कार्यकक्षमा अधिकारवाला तथा सरोकारवाला समितिको पदाधिकारी मेलम्ची खानेपानी विकास समिति र मन्त्रालयका पदाधिकारीका बीच छलफल हुदाँ ह्योल्मो आदिवासीको पहिचान सँग सम्बन्धित भुमि तथा प्राकृतिक स्रोत साधन माथीको अधिकारका सम्बन्धमा देहाय बमोजिम गर्ने सहमति भयो ।

१. ह्योल्मो क्षेत्रमा रहेका ह्योल्मो तथा अन्य आदिवासी जनजातिहरुको अधिकारका सम्बन्धमा अन्तर्राष्ट्रिय श्रम संगठन ILO महासन्धी नम्बर १६९ ले प्रत्याभूत गरेका अधिकारहरु परियोजना संचालनको सन्दर्भमा नेपालको अन्तरिम संविधान, सन्धि ऐन तथा प्रचलित कानुन बमोजिम कार्यान्वयन गर्ने ।
२. Intake को स्थान साबिकमा तय गरिएको जाङगु भिरको माथि ब्राठेकतेकमा सार्नकोलागी हालसम्म भएका प्राविधिक प्रतिवेदनहरु अध्ययन गरी विस्थापित नहुनेगरी मेलम्ची खानेपानी विकास समिति मन्त्रालय, ह्योल्मो आदिवासी जनजातिसँग आवश्यकता अनुरुप नयाँ अध्ययन गर्ने र दातृ निकायहरु र ह्योल्मो आदिवासीसँग छलफल तथा सहमतिमा उपर्युक्त निकास निकाल्ने ।
३. मेलम्ची खानेपानी आयोजनाको नाम परिवर्तन गर्ने सम्बन्धमा कानुनी प्रक्रिया सुरु गर्ने ।
४. परियोजनाको व्यवस्थापन सम्बन्धी संरचनामा ह्योल्मो आदिवासीहरुको प्रतिनिधित्व सुनिश्चित गराउन दातृ निकाय र ह्योल्मो आदिवासी जनजातिको सहमति लिई कानुनी, नीतिगत र अन्य प्रकृया अगाडी बढाउने ।
५. मेलम्ची खानेपानी आयोजनाले ह्योल्मो तथा अन्य आदिवासीलाई पार्न सक्ने प्रभावका बारेमा आदिवासी विशेषज्ञ समेत संलग्न गरी ४ महिना भित्र अध्ययन टोली गठन गरी कार्य प्रारम्भ गर्ने ।
६. मेलम्ची खानेपानी परियोजना संचालन गर्दा ह्योल्मो तथा अन्य आदिवासी जनजातिको सहकार्य, साझेदारी र समन्वय कायम गरी संचालन गर्ने ।
७. परियोजनाले पार्न सक्ने क्षतिको न्यायोचित क्षतिपुर्ति तथा परियोजनको लाभका सम्बन्धमा अध्ययन गरी क्षतिपूर्ति र लाभ प्रदान गर्ने ।
८. यस सम्झौताको प्रभावकारी कार्यान्वयन सम्पन्न गर्न ४ महिना भित्र कार्यान्वयन संयन्त्र गठन गर्ने र सोको लागी आवश्यक सहयोग उपलब्ध गराउने ।
९. उपरोक्त सहमति गरिएका विषयहरु ६ महिना भित्र दुवै पक्षको सहमतिमा कार्यन्वयन गर्नै गराउने ।

उपस्थिती
उपप्रधानमन्त्री
मा.विजय कुमार गच्छदार
मिति : २०६५ ४ /१८ गते ।

मन्त्रालयको तर्फ बाट, सचिव
भौतिक योजना तथा निर्माण मन्त्रालय ।
पुर्ण कर्डारिया
पूर्ण कडरिया
सचिव

डावड लामा
ह्योल्मो खानेपानी सरोकार समितिको
मिति : २०६५/४/१८ गते

टासी छिरीङ लामा
संयोजक,ह्योल्मो आदिवासीको मानव अधिकार
संयुक्त संघर्ष समितिको तर्फबाट

आदिवासीहरुको पुर्ख्यौली भुमिमा गरिएको विकास र यसको असरबारे त्रिपक्षीय सम्वाद एवं अध्ययन प्रतिवेदन (२६५)

र पहिचानलाई आत्मसात गरी परियोजना संचालन गर्ने अर्थात् अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ लाई सम्झौता भएको ६ महिनाभित्र कार्यान्वयनमा ल्याउने आदि शर्तहरू राखी सहमति भएको थियो । उक्त सहमति लाहुर्निपले मिति २०६८ सालको आफ्नो अध्ययन प्रतिवेदनमा प्रकाशन गरेको छ (यस सहमतिलाई साभार गरी यहाँ प्रस्तुत गरिएको छ ।) यो महत्वपूर्ण कार्यमा स्थानीय टासी छिरीङ लामा (ह्योल्मो) लगायतले अहम् भूमिका निर्वाह गर्नुभएको थियो ।

निर्माण मन्त्रालय, सिंहदरवारमा छलफल भई सरकार पक्ष र समुदाय पक्षबाट एक सम्झौता भएको थियो । यो सम्झौतापत्रमा सम्बन्धित समुदाय र नेपाल सरकारको तर्फबाट उप-प्रधानमन्त्री विजयकुमार गच्छदारबाट सहमति भई सहिछापसमेत भएको थियो । अन्तर्राष्ट्रिय श्रम संगठन महासधि नं. १६९, लाई सम्बोधन गरी नेपाल सरकारबाट भएको यो ऐतिहासिक सहमति थियो । मेलम्ची खानेपानी परियोजना संचालन गर्दा आदिवासीको सहभागिता, प्रतिनिधित्व, मन्जुरी,

**खिम्ती ढल्केवर २२० केभी विद्युत प्रसारण लाईन परियोजनाः**

**दोलखा, रामेछाप, सिन्धुली, महोत्तरी र धनुषा** गरी जम्मा ५ जिल्लालाई छुने गरी बनाइएको विद्युत प्रसारण लाईनले सिन्धुली जिल्ला कमलामाई नगरपालिकाका आदिवासी र स्थानीय समुदायलाई आर्थिक, सामाजिक तथा सँस्कृतिक प्रभाव पारेको, तर कुनै पनि सूचना नदिएको, परामर्श नगरिएको, मुआब्जा/क्षतिपूर्ति नदिएको र अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ को विषयलाई उठाई पीडित समुदायद्वारा शान्तिपूर्ण आन्दोलन गरियो ।

यसपश्चात् लगानीकर्ता विश्व बैंक उपर सन् २०१३, जुलाई १० मा सर्वोच्च अदालतमा रीट दर्ता गरियो । अदालतमा सम्पत्ति, सूचना, मन्जुरी र स्वच्छ सुरक्षित रुपमा बाँच्न पाउने अधिकारको विषय उठाई मुद्दा दर्ता गरिएको थियो । मुआब्जा र क्षतिपूर्ति दिन पर्ने तथा आफू पक्ष रहेको अन्तर्राष्ट्रिय कानूनहरूको व्यवस्था राष्ट्रिय कानून निर्माण गरी वा प्रत्यक्ष रुपमा नै नागरिकहरूको कल्याण एवं हित हुने गरी लागू गर्नु राज्यको कर्तव्य हुने भनी सर्वोच्च अदालतबाट फैसला भएको र विश्व बैंकको सामाजिक तथा वातावरणीय सुरक्षा नीतिको विपरीत भएको, आदिवासीको मन्जुरी र सहमति नलिएको भन्ने विश्व बैंकको ईन्सपेक्शन प्यानलबाट प्रतिवेदन सार्वजनिक भएको हुँदा विद्युत प्राधिकरणले समेत जनताको माग बमोजिमको मुआब्जा र क्षतिपूर्ति दिई विद्युत लाईन निर्माण सम्पन्न गरेको छ ।

**काबेली 'ए' जलविद्युत परियोजनाः पाँचथर र ताप्लेजुङ** जिल्लाको सीमामा रहेको काबेलीखोलामा विश्व बैंकको आर्थिक सहयोगमा मिति २०७० देखि शुरु भई संचालनमा रहेको जलविद्युत परियोजना हो । तर यो हालसम्म पूरा हुन सकेको छैन । यो परियोजनाले पावरहाउस, ड्याम र सुरुङ्ग जोड्न बनाएको बाटो, सुरुङ, पावरहाउस, ड्याम आदि संरचना तथा कार्यहरूले स्थानीय जनताहरूलाई विभिन्न नकारात्मक असर पुऱ्याएका थिए । स्थानीयको पहल र लाहुर्निपकै कानूनी सहयोग र सहजीकरणबाट परियोजनाले स्थानीय ५ भाषा (राई, लिम्बू, शेर्पा, तामाङ र खस) मा परियोजनाको संक्षिप्त जानकारी तथा सूचनाहरू प्रकाशन गर्न थालेपछि बाटोमा परेका जग्गाहरूको केही (चलनचल्तीको मूल्यको ७५ प्रतिशत) मुआब्जा, क्षतिपूर्ति तथा रोजगारीसमेत दिएको र स्थानीय गुनासो सुन्ने समिति र डेक्ससमेत निर्माण भएको थियो । यो कार्यको लागि स्थानीय स्तरमा आदिवासीहरूको मानव अधिकार प्रतिरक्षक (लाहुर्निप), बिर्खबहादुर वाइबाले महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएको थियो ।

**सानिमा हाईड्रोपावरः**
**इलाम जिल्ला** साविक चिसापानी गाउँपालिका हाल माई नगरपालिका वडा नं.९ गुनगुनेस्थित माईखोलामा २२ मेघावाटको जलविद्युत परियोजना मिति २०६८ सालदेखि शुरु भएको र उक्त सानिमा हाईड्रोपावर जलविद्युतले विशेष गरी हाल माई नगरपालिकाको चिसापानी, सोक्तिम, गुनगुने, सोयाक, मोहमाई नगरपालिकालाई विभिन्न असर गरेको, तर त्यहाँका आदिवासी जनजातिहरूसंग परामर्श, छलफल र सहमति नलिई विनाजानकारी काम शुरु गरेको हुँदा सो उपर आदिवासी तथा स्थानीय समुदाय संगठित भई मुआब्जा, क्षतिपूर्ति, निःशुल्क शेयर, विजुली, खानेपानी र सिचाईं स्थानान्तरणको माग युएनड्रीप २००७, आईएलओ नं. १६९ र जग्गा प्राप्ति ऐन, २०३४ लाई अघि सारी संघर्ष गरेकाले थोरैजस्तो रोजगारी, क्षतिपूर्ति, सामाजिक उत्तरदायित्वको (सीएसआर) काम, परामर्श र छलफलको काम आदि पूरा भएको र हाल उक्त सानिमा हाईड्रो पूर्ण रुपमा संचालनमा आएको छ । यस कार्यको लागि स्थानीय स्तरमा आदिवासीहरूको मानव अधिकार प्रतिरक्षक (लाहुर्निप) किरण सुनुवारले महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएको थियो ।

**आदिवासी जनजाति रंगशाला**

**झापा जिल्ला,** कमल गाउँपालिका (साविक लखनपुर गा.वि.स.) अन्तर्गत रहेको आदिवासीको समाधिस्थल सम्बन्धित आदिवासी जनजातिहरूलाई जानकारी नै नदिई २०६० सालमा सशस्त्र बल, लखनपुरले भत्काएको सो विरुद्ध आदिवासीहरूको विरोधको कारण २०६४ सालमा सम्झौता भएको सरकार र आदिवासी जनजातिबीच निम्नलिखित ३ वटा बुँदामा सम्झौता भएको थियो । उक्त सम्झौता/सहमतिपत्र सशस्त्र बल, लखनपुरले राखेको, तर हाल आएर उक्त सम्झौतापत्र हराएको भनी भनिदै आएको छ ।

(क) भत्काइएको समाधिहरूको स्तम्भ बनाई नाम लेखी स्मृतिपार्क बनाउने ।

(ख) खेल मैदानको नाम आदिवासी रंगशाला नामाङ्कन गर्ने ।

(ग) अन्य उपयुक्त स्थान नपाएसम्म आदिवासीहरूले सोही स्थानमा पूर्ववत् समाधि गर्न पाउने ।

उक्त स्थानमा सहमति अनुसार सामान्य केही पूर्वधारहरूनिर्माण भएको र रंगशालाको नामसमेत **आदिवासी रंगशाला** नामाङ्कन भई खेलकूद परिषद्बाट वार्षिक केही बजेटसमेत छुटिन थालेको थियो । तर केपी शर्मा ओली नेकपा (एमाले)को अध्यक्ष भएपछि निजले आदिवासी रंगशालाको नाम परिवर्तन गरी मदनभण्डारी अन्तर्राष्ट्रिय खेल मैदान भनी नामाङ्कन गरी अन्तर्राष्ट्रिय रंगशाला बनाउने भनी सार्वजनिक रुपमा घोषणा गरेको र सो विरुद्धमा आदिवासीहरूले आदिवासीहरूको पहिचान मेटाउने काम भयो भनी विरोध गरेको र समिति नै बनाई तमाम आदिवासी जनजाति संगठित भई निरन्तर संघर्ष गरेको कारण मदनभण्डारी रंगशाला नामाङ्कन गर्न नसकेको हुँदा २०७७।०७८ को बजेटमार्फत अर्के क्षेत्रमा (दमक नगरपालिका क्षेत्रभित्र) मदनभण्डारी रंगशाला बनाउने भनी केही बजेट तथा कार्यक्रम छुट्याएको देखिन्छ । यो कार्यको लागि स्थानीय स्तरमा आदिवासीहरूको मानव अधिकार प्रतिरक्षक (लाहुर्निप) प्रेमराज घिसिङ, अग्नीमाया मेचे र पारशमणि राईले महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएको थियो ।

**डंग्राह ल्याण्डफिल्ड साईटः**

**मोरङ** जिल्लाको डंग्राह गाउँपालिका वडा नं. ५ हाल ग्रामथान गाउँपालिका अन्तर्गत क्षेत्रीय फोहोर मैला प्रशोधन केन्द्र/डंग्राह ल्याण्डफिल्ड साईट स्थापना गर्ने भनी फिनल्याण्ड सरकारको आर्थिक सहयोगमा विराटनगर नगरपालिकाले जग्गा अधिग्रहण गर्ने काम २०६४ सालमा सम्पन्न गरेको थियो । थारु समुदायको परम्परागत थातथलो तेतरिया, डंग्राह र हात्तिमुडा गाउँपालिकालाई प्रत्यक्ष असर पार्ने गरी थारु समुदायको परामर्श र मन्जुरीविना ल्याण्डफिल्ड साईट निर्माण गर्न लागेको हुँदा आफ्नो परम्परागत थातथलोमा ल्याण्डफिल्ड साईट निर्माण गर्न नदिने भनी संगठित भई शान्तिपूर्ण आन्दोलन २०६४ सालदेखि निरन्तर जारी राख्दै सम्बन्धित सरकारी निकायहरूमा ज्ञापनपत्र, धर्ना, जुलुस, दवाब, छलफल गरेको साथै दातृनिकायमा समेत आदिवासीको क्षेत्रमा आदिवासीको स्वच्छ रुपमा सम्मानपूर्वक बाँच्न पाउने मानव अधिकारमा असर पार्ने गरी आदिवासीहरूको स्वतन्त्र अग्रीम जानकारीसहितको मन्जुरी

(FPIC) को अधिकार विपरीत ल्याण्डफिल्ड साईट बनाउने काम भएको भनी उजूरी दिएको र अन्तमा दातृनिकायले आदिवासीको एफपिक अधिकार विपरीत काम भएको भनी लगानी रोकेको र नगरपालिका आफैंलाई पनि संगठित आदिवासीको कानूनी आवाज विपरीत जबरजस्ती काम अगाडि वढाउन असम्भव भएको हुँदा आधिकारिक रुपमा (पत्रकार सम्मेलनबाट) नै ल्याण्डफिल्ड साईट निर्माण गर्ने काम बन्द भयो । यसरी आदिवासीहरूको क्षेत्रमा आदिवासीहरूको एफपिक नलिई कुनै पनि काम गर्न मिल्दैन भन्ने सन्देश दिंदै परियोजना बन्द भएको थियो । यो आन्दोलनमा स्थानीय स्तरबाट महत्वपूर्ण भूमिका निर्वाह गर्ने आदिवासीहरूको मानव अधिकार प्रतिरक्षक (लाहुर्निप) देवराज चौधरी, दिलबहादुर थेबे र अधिवक्ता राजकुमार राजवंशी रहनुभएको थियो साथै संगठित आवाजलाई बुलन्द बनाउन तेतरिया गाउँपालिकाबाट आशनारायण चौधरी, डंग्राहा गाउँपालिकाबाट बिहड्ग चौधरी, हात्तिमुडा गाउँपालिकाबाट किशोर सरदारलगायतले महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएको थियो ।

**विराट पोल्ट्री फार्मः**

**मोरङ जिल्लाको** विराट पोल्ट्री फार्म, जो २५ विगाहमा फैलिएको थियो र दिनमा लाखवटा अण्डा उत्पादन गर्दथ्यो, जसको कारण उक्त ठाउँमा बस्ने आदिवासी तथा स्थानीय जनताहरू गन्ध, झिंगाको प्रकोप र कीटनाशक औषधिको कारण विस्थापनको अवस्थामा पुगेका थिए । किनभने जसले उक्त कुरा उठाउँछ, उसलाई झुट्टो मुद्दा लगाएर फँसाउने, थुन्ने अनि केहीले फाइदा लिएर जनतालाई डरधाक, धम्की दिएर चूपबस्न लगाउने काम गरेको थियो । यो विषयमा लाहुर्निपलाई सहयोगको लागि स्थानीयले निवेदन दिएको र सो निवेदनको आधारमा जनतालाई अधिकारको वारेमा सचेतना जगाउँदै, कम्पनी, सरकारी निकाय तथा कार्यालय विरुद्ध कानूनी प्रावधानको वारेमा जानकारी, दवाब, छलफल र कानूनी प्रक्रिया शुरु गरेको ३ वर्षको लडाईपछि अन्तमा कम्पनीबाट १ वर्षको समयावधि माग भई सोही माग बमोजिम उक्त फार्म हटाउने लिखित सम्झौता भएको र २०७२ सालमा उक्त स्थानबाट फार्म स्थानान्तरण भयो । यो कार्यको लागि स्थानीय स्तरमा आदिवासीहरूको मानव अधिकार प्रतिरक्षक (लाहुर्निप) देवराज चौधरी, दिलबहादुर थेबे र अधिवक्ता राजकुमार राजवंशीले महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएको थियो ।

त्यस्तै सुनसरी जिल्ला इटहरी विच्छुबाबा ग्रामथान, सिन्धुली खिम्ती डल्केबर प्रसारण लाईन, काठमाडौं उपत्यका सडक विस्तार योजना, बर्दिया छाला कारखाना, पाल्पा होंसी सिमेन्ट, बूढीगण्डकी जलासय, खुवालुङ र मुकुम्लुङ आदि विभिन्न घटना तथा विषयहरू, जो आदिवासीसंग सम्बन्धित छ, सो विषयमा हालसम्म लाहुर्निपले निरन्तर काम गरिरहेको छ । यी कार्यहरू आदिवासीहरूको सामुहिक पहल तथा लाहुर्निपको कानूनी सहजीकरण तथा सहयोगबाट धेरै हदसम्म सफलता हासिल भएको छ । (यी विषयहरूको विस्तृत विवरण लाहुर्निपको Website www.lahurnip.nepal.org बाट प्राप्त गर्न सकिन्छ ।)

# A Journey of LAHURNIP Working for Indigenous Peoples Rights in Nepal: An Experiences



**Adv. Tahal Thami,**
(Director- LAHURNIP)

**Introduction**

The Lawyers' Association for Human Rights of Nepalese Indigenous Peoples (LAHURNIP) is one of the leading organizations working for the collective human rights of Indigenous Peoples in Nepal. Since its founding in 1995, the LAHURNIP has devoted all of its efforts to the promotion, protection, and defense of the Indigenous Peoples rights. LAHURNIP envisions a situation in which Nepal's Indigenous Peoples are free to exercise their collective rights, including the right to self-determination, ownership and control over their lands, territories, and resources, as well as their rights to traditional justice and customary rights, as well as their right to self-determined development; Indigenous Peoples are not subject to any type of hegemony, racism, discrimination, or colonization, and they are actively involved at all levels of state decision-making through representatives that they have voluntarily selected; They operate to the utmost extent within the bounds of democracy, equality, and decency.

The range of LAHURNIP's operations and interventions extends from the local to the global levels. It has consistently worked for empowerment-related initiatives at the local level. In addition to this, the main areas of interventions at the local levels are legal education, *pro bono* legal assistance, and case documentation. In this context, community-based Indigenous Peoples Human Rights Defenders (IPHRDs) are engaged. At the federal or national level, it has been involved in policy advocacy and policy reform related activities. In the course of 2015 constitution making process it carried out series of policy dialogues, interactions, meetings and conferences with the Indigenous Peoples and policy makers at the national level. Further, it has also provided legal technical support to the indigenous peoples Constituent Assembly member to raise Indigenous Peoples voices in the house. On a global scale, its interventions consist of alternative/shadow reports submitted and communications made to UN institutions, including Special Rapporteurs on different themes. Apart from that its consistent engagement with various UN forums such and the Expert Mechanism on the Rights of Indigenous Peoples (EMRIP), United Nations Permanent Forum on Indigenous Issues (UNPFII), Committee on the Elimination of Racial Discrimination (CERD), Committee on the Elimination of Discrimination Against Women (CEDAW), Universal Periodic Review (UPR), and UN High-Level Political Forum on Sustainable Development are also contribute in lobbying and advocating to ensure the rights of Indigenous Peoples in Nepal.

This article emphasizes the LAHURNIP's significant contributions to the defense of the collective human rights

of Nepal's Indigenous Peoples. As other articles in this book deal with other varied efforts that LAHURNIP has been undertaking, I am mostly focused on the research, documentation, and international engagement related activities. Further, it also shed light on the partnership, coordination, cooperation that LAHRUNIP continued for a while for promoting, protecting, and defending Indigenous Peoples rights in Nepal.

**Research Study, Documentation, and Publications**

Another significant area of LAHURNIP intervention for engaging in evidence-based lobbying and advocacy is research study and case documenting.

A detailed data analysis of national census of 2011 and the Nepal Living Standards Survey 2010/11, *A Study on Socio-Economic Status of Indigenous Peoples in Nepal* (2014), is one of the crucial documents for engaging in the evidence-based lobby and advocacy at national and international level. It offers disaggregated information on the Indigenous Peoples of Nepal's poverty, housing, and agricultural landholding, as well as information on employment, access to education, access to health care, access to facilities, and so on. The LAHUANIP also conducts study on the indigenous customary institutions of Indigenous Peoples in Nepal, which is among its most important academic endeavors. For example, the research on *Customary Institutions: A Study (Newar, Thakali, Majhi, Dhimal, Tharu, Hyolmo, Jyapu, and Magar)* (2015), *Indigenous Justice System of the Thakali and Tharu* (2018), and *Indigenous Peoples Community-Based Justice System in Nepal (Limbu and Santhal)* (2017) are some of the most crucial documents for promoting recognition of such indigenous customary institutions and launching revitalization efforts.

*An Analysis of the Constitution of Nepal from the Viewpoint of Indigenous Peoples* (2016) is another important publication created by LAHURNIP. It looks at the anti-Indigenous Peoples provisions of the 2015 Constitution. According to the findings of the analysis 88 articles are either discriminatory or exclusionary against the Indigenous Peoples. Out of the 88 articles, 23 are discriminatory against Indigenous Peoples and 11 are directed against them. Similar to this, 5 articles uphold Bahun/Chhetri dominance, while 49 articles exclude Indigenous People. For instance, have a look at the article about secularism (art 4.1). On the one hand, it appears that the Constitution accepts secularism as a solution to the problems associated with religious pluralism. However, an "explanation" of the term "secular" that supports and defends the Hindu faith appears underneath the article. Similar to this, only the caste group known as Khas Arya is specified in the Constitution, unlike other underprivileged groups like Indigenous Peoples. Leaders, activists, academics, and lawyers of Indigenous Peoples have utilized this extensively to advocate for and do study on Indigenous Peoples' legal issues.

The *Indigenous Peoples Rights in Nepal: Policy Status, Challenges, and Opportunities* (2017), *Racial and Ethnic Discrimination in Nepal: Rectifying Historical Wrongs in the New Constitution* (2015) illustrate the situations of Indigenous Peoples and other marginalized communities after the 2015. The 2015 is the historical period of time in the history of Nepal as the federal republic Constitution was promulgated displacing the

unitary state structure. However, this Constitution too could not address the aspirations of Indigenous Peoples and struggle is going on.

The terrible Tikapur episode, which criminalized the Tharu movement and harmed numerous Tharu leaders and activists without cause, happened during the nonviolent struggle for recognition and constitutional rights. A *report* (2016) was made public after the LAHURNIP had studied the aftermath situation. The findings of the study from the so-called mainstream human rights organizations, which assigned guilt for the tragedy to the Tharu community, were in fact questioned by this one. Both English and Khas-Nepali versions of the report were released.

*A five-year parodic plan for Indigenous Peoples for 2076/077-2080/081* (2019) was produced in 2019 by LAHURNIP. This became apparent when the National Planning Commission created its five-year periodic plan for the same fiscal years. In actuality, the goal of this document was to offer recommendations to the government about how to address IPs issues in the strategy. To some extent the issues indicated by this was accommodated in the final document of the National Planning Commission. The National Foundation for Development of Indigenous Nationalities (NFDIN), the Nepal Federation of Indigenous Nationalities (NEFIN), the National Indigenous Women's Federation (NIWF), the Youth Federation of Indigenous Nationalities (YFIN)-Nepal, the National Indigenous Disabled Association (NIDA), and the Federation of Nepalese Indigenous Journalists (FONIJ) have all actively participated in the production of this document institutionally. This paper was utilized by Indigenous Peoples to get involved in government planning at all levels, from local to federal. In essence, a number of topics are covered by the plans on a local level.

Documentation of cases of human rights violations is another important work LAHURNIP has been doing. Till now dozens of cases have been documented systematically and published its three volumes: *Glimpses of Human Rights Violations of Indigenous Peoples Rights* (2014); *Cases of Indigenous Human Rights Violations* (2016); and *Indigenous Peoples Human Rights Violations Cases in Nepal* (2017). Those documents illustrated the various areas of human rights violations by the state. Apart from that it also includes the activities of private/corporate sector that have adverse impacts to the rights of Indigenous Peoples. LAHURNIP conducted a number of policy analyses, fact-finding missions, and action research projects to support the advancement of the human rights of the Indigenous Peoples in Nepal. Additionally, the regular activities of LAHURNIP relating to research, study and publication include the publication of compilations of national and international legal instruments pertaining to Indigenous Peoples, information, education, and communication (IEC) materials, thematic papers, survey reports, training manuals, posters and pamphlets, case studies, and other various in-house publications.

**Use of International Instrument, Mechanism and Interventions**

In order to create a congenial environment for human rights and to exert pressure on the Nepali government to preserve the human rights of Indigenous Peoples, it is crucial to employ international human rights

instruments. The LAHURNIP has been collaborating closely with several international organizations to advance, safeguard, and defend the collective human rights of Nepal's Indigenous Peoples. For instance, It has been taking lead to submitted alternative/shadow report on-behalf or Indigenous Peoples of Nepal to the periodic review process of the Committee on the Elimination of Racial Discrimination (CERD), Committee on the Elimination of Discrimination Against Women (CEDAW), Universal Periodic Review (UPR), and UN High-Level Political Forum on Sustainable Development in order to inform the international community of the status of human rights Indigenous Peoples. These projects are essential in many ways: first, lobbing the international community; second contribute to domestic policy reform. Consecutively, those effort has been fruitful to reflect the issue of Nepalese Indigenous Peoples in the concluding observation of those committees and compel the Nepali state to accommodates, to some extent, their issues in its plan as well.

Some of the Alternative/shadow repot submitted to UN instruments/mechanisms are as follows:

*CERD*

- 95th Session of the United Nations Committee on the Elimination of Racial Discrimination Office of the United Nations High Commissioner for Human Rights (OHCHR), March 2018

*CEDAW*

- Committee on the Elimination of Discrimination Against Women (CEDAW) 49th Session 11–29 July 2011

*VNR- HLPF*

- Report of Nepal's Indigenous Peoples for Voluntary National Review of Nepal Under the UN High-Level Political Forum on Sustainable Development 10-19 July 2017

*UPR*

- Indigenous Peoples Joint Submission on Nepal's 3rd universal periodic review, March 2020
- Indigenous Peoples Joint Submission on Nepal's 2nd Universal Periodic Review, 22 March 2015 The concluding observation of those committees and mechanisms on Nepal are useful for lobbying and advocacy in Nepal. For instance, paragraph 22 of the CERD Committee's Concluding Observation states the following:

*The Committee is concerned by reports that indigenous peoples could not adequately and meaningfully participate in the drafting of the 2015 Constitution, because their representatives were not freely chosen but were instead selected via political parties. The Committee is also concerned that domestic legislation only recognizes 59 out of the 81 indigenous peoples of Nepal. The Committee is further concerned by the absence of laws guaranteeing the rights of indigenous peoples to own, use and develop their traditional lands and resources, and by allegations that these rights have been violated in the context of hydropower, road widening and other development activities that are often accompanied by involuntary displacement. The Committee is also seriously concerned by reports of severe harassment of indigenous leaders, including members of the Tharu people, by State agents. The Committee is further concerned by the criminalization of cow slaughter, which compromises the rights of indigenous peoples for whom the eating of beef holds cultural significance (arts. 2, 5, 6)*

Regarding the promotion and protection of the rights of Indigenous Peoples in Nepal,

the committee has made the following recommendations to the government of Nepal based on the aforementioned observation.

- Ensure that its domestic legislation formally recognizes all indigenous peoples in Nepal;
- Ensure that the right of indigenous peoples to participate in government bodies under article 42 of the Constitution is effectively respected and that indigenous peoples freely choose their representatives;
- Find an adequate negotiated solution to resolve the dispute regarding the rights of indigenous peoples over their traditional lands and natural resources, including by revising its legislation on this issue and taking into account ILO Convention No. 169;
- Obtain the free, prior and informed consent of indigenous peoples prior to the approval of any project affecting the use and development of their traditional lands and resources;
- Ensure the safety of indigenous peoples who have been subjected to threats, harassment, and other arbitrary and violent acts by government agents and/or private individuals; and take measures to prevent and investigate such acts and punish the perpetrators.
- The Committee also invites the State party to repeal laws that criminalize aspects of indigenous cultures in order to respect the rights of indigenous peoples (Adivasi/Janajati) to freely exercise their cultural and religious rights.

In order to protect the rights of Indigenous Peoples in Nepal, the aforementioned measures are essential. The Nepali state, although being a party to ILO Convention No. 169 and CERD's recommendation, is hesitant to create plans and policies along these lines. Additionally, the LAHURNIP officials took part in international UN mechanisms events and engaged in lobbying, making interventions at important sessions. The LAHURNIP delegates attended some of the UN gatherings listed below:

- 95th Session of the United Nations Committee on the Elimination of Racial Discrimination, 2018 (Geneva)
- Several Sessions of The Expert Mechanism on the Rights of Indigenous Peoples (EMRIP) (Geneva)
- Several Sessions of United Nations Permanent Forum on Indigenous Issues (UNPFII) (New York)
- Several Sessions of UN Forum on Business and Human Rights (Geneva)
- First UN Asia Regional Forum on Business and Human Rights, 9-20 April 2016, Doha
- 2nd UN South Asia Forum on Business and Human Rights, scheduled for 18-20 March 2020, Kathmandu, Nepal.
- 3rd UN South Asia Forum on Business and Human Rights, 28 - 30 March 2022, Dhaka, Bangladesh
- The UN Human Rights Office for South-East Asia is co-organizing the 4th UN Responsible Business and Human Rights Forum under the theme "Harnessing Levers of Change" with other UN agencies from 20-22 September 2022.

Participation in the aforementioned international sessions and meetings has been crucial for pursuing global lobbying and advocacy efforts as well as sustaining international solidarity and collaboration with like-minded groups and institutions worldwide.

Apart from that LAHURNIP has also approach to the

grievance mechanism of Multi-Lateral Development Banks on-behalf of Indigenous Peoples, peculiarly on the issues of business and human rights and so-called development induced conflict and violations of collective rights of Indigenous Peoples. On violation of Indigenous Peoples' human rights by the "development" projects particularly hydropower related and high voltage transmission line projects LAHURNIP has supported to the communities for submitting complaints to the grievance mechanism of the World Bank (WB); Asian Development Bank (ADB); European Investment Bank (EIB); and The International Finance Corporation (IFC) etc. Such initiatives have been crucial for Indigenous Peoples voices to be heard. However, the project and governments of Nepal seldom seem sensitive and responsible to addressing the issues and respecting the rights of Indigenous Peoples. In most of the cases government reacted negatively on the issues of Indigenous Peoples.

Similarly, representation to the ILO office on Geneva also submitted on the issues of human rights violations by the road expansion project in Kathmandu valley (It was submitted through the Nepal Telecom Employees' Union as it is compulsion to lodge complaint only through trade union as per the provision of ILO). But the process could not end due to the severe pressure and oppression of the government. As the government threatened to fire the leaders of the trade union from their position, the complaining organization-a trade union-was ultimately forced to renounce its representation. On the same and other urgent matters, LAHURNIP has lodged communications to Special Rapporteur on the rights of Indigenous Peoples; The Special Rapporteur on minority issues; Special Rapporteur on human rights defenders; Special Rapporteur on the human rights of internally displaced persons; Special Rapporteur on extreme poverty and human rights.

**Partnership, Cooperation, and Coordination**

For an institution like the LAHURNIP to deal with the contentious problems of human rights of the Indigenous Peoples, partnership, coordination, and cooperation at multiple levels are essential. The degrees of this collaboration range from personal to institutional. Here, I'll list a few organizations that have contributed significantly to LAHURNIP's work. However, there are a lot more organizations who offer LAHRUNIP assistance and support in a variety of situations and occasions.

At international and regional level, International Work Group for Indigenous Affairs (IWGIA) and Asia Indigenous Peoples Pact (AIPP) Foundation are the long-term partners of LAHURNIP for working for the rights of indigenous peoples in Nepal. Both the organizations have international and regional experiences and expertise working in the areas of human rights of the Indigenous Peoples. KIOs Foundation, United Nations Development Program (UNDP), Office of the United Nations High Commissioner for Human Rights (OHCHR), International Labour Organization (ILO), and Accountability Counsel are other organization constantly supporting to LAHURNIP to defend Indigenous rights in Nepal. Furthermore, the Forest Peoples Programme, Governance Facility (GF), the Unitarian Universalist Service Committee (UUSC), Danwatch, and Swedwatch are the important institutions providing assistance to achieve the goal of LAHURNIP.

At the national or the federal level, the cooperation and coordination with the National Human Rights Council (NHRC), the National Foundation for Development of Indigenous Nationalities (NFDIN), Indigenous Commission, and Tharu Commission is instrumental. Similarly, partnership, coordination, cooperation and coordination with the Nepal Federation of Indigenous Nationalities (NEFIN), the National Indigenous Women's Federation (NIWF), the Youth Federation of Indigenous Nationalities (YFIN)-Nepal, the National Indigenous Disabled Association (NIDA), National Indigenous Disabled Women Association-Nepal (NIDWAN), and the Federation of Nepalese Indigenous Journalists (FONIJ)from federal to local levels continues from a long time and which is plausible and inevitable for the common goal to achieve the Indigenous Peoples rights in Nepal. In addition, coordination and collaboration have been in place for a while with all Indigenous Peoples Organizations (IPOs) operating in Nepal, NGO-Federation of Nepalese Indigenous Nationalities (NGO-FONIN), Indigenous Women's Legal Awareness Group (INWOLAG), Indigenous Media Foundation, and Indigenous Television. Additionally, it has been collaborating with organizations that support and advocate for the rights and justice of disadvantaged and excluded groups, including Muslim, Dalit, Muslim women, and Madhesi. It has been also maintaining solidarity with the various Indigenous Peoples organizations and human rights institutions working across globe. Furthermore, it has been closely collaborating with state mechanisms and governmental organizations to uphold Indigenous Peoples' rights at all levels of government, from local to federal level.

**Conclusion**

LAHURNIP is a lawyers' organization working for the rights of the Indigenous Peoples in Nepal since its inception in 1995. Being a lawyers' organization, it has been focusing its activities relating legal issues. However, its interventions cover various aspects of human rights of the Indigenous Peoples, such as rights over lands, territories, and resources, legal and Constitutional rights, right to self-rule, self-determination, and autonomy, right to Free, Prior, and Informed Consent (FPIC), right to education in mother language, environmental rights, cultural rights, rights to indigenous customary governance and institutions etc. For achieving those rights, LAHURNIP has been cooperating and coordinating at various levels. It closely works with various individuals, such as scholars, leaders, activist, human rights defenders, policy makers, and institutions from local, national, regional, international level. Nevertheless, Indigenous Peoples struggling at the local level are the core of its works. In other words, the primary concentration of LAHRUNIP's work is Indigenous Peoples residing in their lands and territories and enduring structural injustices for generations due to discriminatory laws, policies and structures.

At the end, LAHURNIP envisions a situation in which Nepal's Indigenous Peoples are freely exercising their collective rights, including their right to self-determination, ownership and control over their lands, territories, and resources, their right to a customary legal system, and their ability to pursue their own economic development. But, justice for Indigenous Peoples still has a long way to go. Continuous struggle is inevitable.

# लाहुर्निपद्वारा दायर मुद्दाहरू



अधिवक्ता मनोज राई
(आठपहरिया)

**भूमिकाः**

पीडित समुदायहरूको आग्रह अनुसार लाहुर्निपद्वारा अदालतमा विभिन्न मुद्दाहरू दायर गरिएको र सो मुद्दाहरूमा सम्मानित अदालतबाट भएको निर्णय, फैसला र आदेशहरू सम्बन्धी केही प्रतिनिधि Case लाई यहाँ प्रस्तुत गरिएको छ ।

नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)को आदिवासी तथा स्थानीय समुदायको सामुहिक हकको रक्षार्थ कानूनी तथा प्राविधिक सहयोग गर्ने एक मुख्य उद्देश्य रहेको छ । यस कार्यका लागि संस्थाले श्री सर्वोच्च अदालतमा विभिन्न विषयलाई लिएर रीट निवेदन दर्ता गरेको थियो, सोमध्ये सम्मानित अदालतबाट महत्वपूर्ण सिद्धान्तको व्याख्या गरेर फैसला भएकोछ । यसमध्ये केही फैसलाहरू तथा प्रतिपादित सिद्धान्तहरू यस लेखमा उल्लेख गरिएका छन् ।

---

**१. आदिवासीका प्रतिनिधिमूलक संघसंस्थामार्फत स्वतन्त्र रुपले सहभागिता** (**निर्णय नं.** ८९९०)–

**तथ्यः**

नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावनामा उल्लिखित देशमा विद्यमान रहेका वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याको समाधानका लागि राज्यको अग्रगामी पुनर्संरचना गर्नु पर्ने तथा नेपाली जनताले आफ्नो लागि आफैं संविधान बनाउन पाउने, भयमुक्त वातावरणमा संविधानसभाको स्वतन्त्र र निष्पक्ष निर्वाचनमा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति उल्लेख गरिएको छ ।

संविधानको धारा २ मा नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा रहने तथा आफ्नो विषयमा अन्तिम निर्णय गर्न पाउने अधिकार प्रत्येक नेपाली जनतामा रहने किटानी व्यवस्था छ । त्यसैगरी संविधानको धारा २१ मा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, गरीब किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुन पाउने जस्ता मौलिक हकको प्रत्याभूति गरिएकोछ । उपर्युक्त प्रावधानको उल्लङ्घन गर्दै संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ को दफा ५ र ६ तथा संविधानसभा सदस्य निर्वाचन नियमावली, २०६४ मा व्यक्ति विशेष र राजनीतिक पार्टीमार्फत मात्र संविधान निर्माण प्रक्रियामा भाग लिन पाउने व्यवस्था गरी आदिवासीका आधारभूत तथा राजनैतिक अधिकार अन्तर्गत आफ्नो परम्परागत तथा प्रतिनिधिमूलक जातीय संघसंस्थाहरूबाट आफ्नो मौलिक प्रक्रिया बमोजिम स्वतन्त्र रुपले छानिएर आएका प्रतिनिधिमार्फत सहभागी हुनबाट निषेध, विभेद, बहिष्करण गरिएको तथा राजनैतिक पार्टीलाई मात्र प्राथमिकता दिने र यी पार्टीहरूमा आदिवासीहरूलाई विलय गर्ने काम भएको छ ।

**मागदावीः**
नेपालका आदिवासीहरूको हक, मानव अधिकार, आधारभूत स्वतन्त्रता तथा विकासमा कार्यरत प्रतिनिधिमूलक संघसंस्था भएको आधारमा सम्पन्न संविधानसभा तथा चालू रहेको संविधान निर्माण प्रक्रियामा नेपालको अन्तरिम संविधान, २०६३ तथा नेपाल पक्ष राष्ट्र रहेको विभिन्न अन्तर्राष्ट्रिय कानूनहरूद्वारा प्रत्याभूत आदिवासीहरूको आधारभूत अधिकार अन्तर्गत स्वतन्त्र रुपले आफ्ना प्रतिनिधिमूलक संघसंस्थाबाट प्रत्यक्ष रुपमा छानेर पठाएको प्रतिनिधिमार्फत संविधानसभा र संविधान निर्माण प्रक्रियामा स्वतन्त्र रुपले भाग लिन पाउने संवैधानिक हक तथा कानूनी अधिकारबाट बन्चित गरिएको हुनाले अन्यायमा परेको र संवैधानिक हक तथा कानूनी अधिकार विपरीत संविधानसभा तथा संविधान निर्माण प्रक्रियामा आदिवासी जनजातिहरूको सहभागिताबिना प्रारम्भ हुन लागेको हुँदा आदिवासी जनजातिहरूको अधिकार गम्भीर रुपमा हनन् हुने प्रवल सम्भावना रहेकोले संविधान निर्माण प्रक्रियामा आदिवासी जनजातिहरूको सहभागिता र स्वतन्त्र सहमतिको लागि आवश्यक प्रक्रिया तथा संयन्त्र निर्माण तथा संविधानसभा अन्तर्गत आदिवासी जनजातिहरूको छुट्टै समिति निर्माण नगरी संविधान निर्माण प्रक्रियाको कुनै पनि कार्यहरू यस मुद्दाको अन्तिम किनारा नभएसम्मका लागि नगर्न नगराउन विपक्षीहरूको नाममा अन्तरिम आदेशसमेत जारी गरिपाऊँ भनी लाहुर्निपलगायत २० वटा जातीय संस्थाहरूद्वारा मिति २०६५।११।०१ गतेका दिन प्रधानमन्त्रीलगायत २१ वटा सम्बन्धित सरकारी निकायहरू विरुद्ध परमादेशको रीट (०६५-WO-०४७५) दायर गरियो ।

**फैसला तथा प्रतिपादित सिद्धान्तः**
उक्त रीट निवेदनमा मिति २०७०।०१।०८ गतेका दिन सम्मानीय का.मु प्र.न्या. श्री दामोदरप्रसाद शर्मा र माननीय न्यायधीश श्री सुशीला कार्कीको संयुक्त इजलासले रीट निवेदनमा उठाइएको संविधानसभामा हुनुपर्ने प्रतिनिधित्व सम्बन्धी प्रश्नहरू आगामी संविधानसभाको निर्वाचनको सन्दर्भमा समेत प्रासंगिक देखिएकोले अब गठन हुने संविधानसभामा आदिवासी र जनजातिलगायत आर्थिक, सामाजिक रूपले पछाडि परेका एवं सीमान्तकृत वर्ग वा समुदायको प्रतिनिधित्व के कसरी गर्दा सार्थक एवं प्रभावकारी हुन्छ, नेपालसमेत पक्ष रहेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धि, १९६६, आर्थिक, सामाजिक साँस्कृतिक अधिकार सम्बन्धी महासन्धि, १९६६, अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ लगायतका अन्तर्राष्ट्रिय कानून तथा सभ्य मुलुकहरूले प्रयोग गरी आएको स्थापित परम्परा समेतको अध्ययन अनुसन्धान गरी यसबाट प्रभावित विभिन्न पक्षहरूसंग छलफल, विचार विमर्श गरी नेपालको सन्दर्भमा अब गठन हुने संविधानसभामा संविधानले अङ्गीकार गरेको सिद्धान्त र भावना अनुसार आदिवासी जनजातिलगायत सीमान्तकृत तथा पीछडिएको वर्गको सार्थक एवं प्रभावकारी प्रतिनिधित्वका लागि के कस्तो व्यवस्था उपयुक्त हुन्छ सो प्रयोजनका लागि संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४, संविधानसभा सदस्य निर्वाचन नियमावली, २०६४, संविधानसभा नियमावली, २०६५ लगायतका कानूनहरूमा के कस्तो संशोधन वा परिमार्जन आवश्यक पर्छ, सोको निमित्त आवश्यक

पहल गर्नु भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी गरिएको थियो । साथै निम्न **नजीर/सिद्धान्त** प्रतिपादन भएको थियो ।

- संविधानको प्रावधानलाई मूर्त रूप दिनका लागि विधायिकाले ऐन कानूनका व्यवस्थाहरू गरेको हुन्छ । संविधानको अक्षर र भावनाको विपरीत हुने गरी वा संविधानको परिधिबाहिर गएर कुनै ऐन कानूनहरू बन्न नसक्ने ।
- सन्धिको पक्ष भई सहमति जनाएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताबाट सिर्जित दायित्व सभ्य मुलुकहरूले पालना र कार्यान्वयन गर्दछन् भन्ने अपेक्षा हुनु स्वभाविक छ । आफूले समेत सहमति जनाएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतालाई मुलुकको आवश्यकता, उपलब्ध स्रोत, साधन र क्षमताअनुसार क्रमशः कार्यान्वयन हुनुपर्छ भन्ने कुरामा विवाद हुन नसक्ने ।
- कानून बनाउने विषय विधायिकाको एकलौटी क्षेत्राधिकार (Exclusive Jurisdiction) भित्रको विषय हो । अन्तर्राष्ट्रिय कानूनी प्रावधानलाई कार्यान्वयन गर्दा मुलुकको संवैधानिक व्यवस्था, सम्बन्धित कानूनका व्यवस्थाहरू तथा अन्य अन्तर्राष्ट्रिय कानूनका व्यवस्थाहरू र त्यसबाट पर्ने असरहरूलाई अध्ययन नगरी एकाङ्गी रूपमा कार्यान्वयन हुन गएमा त्यस्तो कार्यान्वयन पूर्ण नहुने सम्भावना समेत रहन सक्ने ।
- अन्तर्राष्ट्रिय कानूनको प्रावधानलगायतका विषयलाई कार्यान्वयन गर्दा मुलुकको संवैधानिक व्यवस्था तथा सम्बन्धित कानूनका व्यवस्थाहरूमा पर्ने असरसमेतको व्यापक अध्ययन हुनका साथै यससंग सम्बन्धित विभिन्न पक्षहरूसंग छलफल तथा विचार विमर्श गरी यस्तो अध्ययन, छलफल एवं विचार विमर्शबाट आवश्यक र उपयुक्त कानून बनाउने जिम्मेवारी विधायिकाको भएकोले विधायिकी बुद्धि र क्षमता (Legislative Wisdom and Competency) मा अदालतले हस्तक्षेप गर्न नमिल्ने ।

*पुनश्चः संविधानसभामा आदिवासी-प्रतिनिधित्व विषयक मुद्दाको पैरवीको शिलशिलामा भएको एक रोचक सन्दर्भलाई पनि यहाँ प्रस्तुत गरिएको छ ।*

पहिलो पेशी तोकिएको दिन, लाहुर्निपका तर्फबाट अधिवक्ता शान्ति कुमारी राई, अधिवक्ता शंकर लिम्बू, अधिवक्ता भिम राई, अधिवक्ता दिनेश कुमार घलेलगायत बेन्च बस्नभन्दा अगाडि इजलासमा पुगेका थिए । इजलास सहायकले लाहुर्निपको रीट निवेदनको फाईल पल्टाउँदै प्वाक्क बोले- "यो मुद्दा मैले बुझिन, के लेखेको ?" उनको लाक्षणिक भनाई राज्यसत्तामा बस्ने बर्चस्वशाली जातिको यो हैकमवादी अभिव्यक्ति थियो । "हो ! यस्तो मुद्दा तपाईहरूले बुझ्नु हुन्न," अधिवक्ता शान्ति कुमारी राईले तत्क्षण जवाफ दिनुभयो । यसरी शुरुवात् भएको थियो आदिवासीहरूको संविधानसभामा प्रत्यक्ष प्रतिनिधित्वको एक ऐतिहासिक मुद्दा । पछि फाईनल पेशी पहिलो संविधानसभाको विघटन पछि बस्यो, विघटन भए तापनि यस परिस्थितिमा यस मुद्दा औचित्यहीन रहेको सरकारी वकिलले बहश गर्नु भए थियो,

तापनि का.मु. सम्माननीय प्रधानन्यायधीश दामोदरप्रसाद शर्मा तथा माननीय न्यायधीश सुशीला कार्कीको बेन्चद्वारा संविधानसभाले निवेदनमा उठाइएका संविधानसभामा हुनुपर्ने प्रतिनिधित्व सम्बन्धी प्रश्नहरू आगामी संविधानसभाको निर्वाचनको सन्दर्भमा समेत प्रासंगिक देखिएकोले...... आदिवासीसमेतको अर्थपूर्ण प्रतिनिधित्व सान्दर्भिक हुन्छ भन्ने फैसलामा उल्लेख गरिएको छ।

पछि मा.न्या. सुशीला कार्की प्रधानन्यायधीश बन्ने क्रमको संसदीय सुनुवाईमा तात्कालीन समितिका एक सदस्य माननीय योगेन्द्र चौधरीले आदिवासीको न्यायको वारेमा सोध्नुभएको प्रश्नको जवाफमा माननीय कार्की श्रीमानबाट लाहुर्निपले आदिवासीको कानूनी अधिकारमा काम गरी आएको वारे जानकारी भएको र लाहुर्निपले ल्याएको मुद्दामा आदिवासीलगायतका न्यायको पक्षमा बोलेको समितिलाई सुचित गराउनु भएको रहेछ। यस वारेमा माननीय योगेन्द्र चौधरीले पटक-पटक लाहुर्निपमा सुनाउनु भएको थियो। लाहुर्निपले नश्लीय हैकमवादी संरचना र मानसिकतालाई चिर्न रणनीतिक पैरवी (Strategic Litigation) गरी आएको र यस मुद्दाले यो कति चुनौतिपूर्ण छ भन्ने वारे लाहुर्निपलाई महशूस गराएको छ र यस मुद्दाबाट आदिवासीहरूमा नयाँ ऊर्जा पनि थप भएको छ।

---

**२. सम्पत्तिको हकः खिम्ति ढल्केबार २२० कोशी विद्युत प्रसारण लाईन परियोजनाः**

(मुद्दा नं.०६९-wo-०७४९, निवेदक सुरेन्द्रश्वर मोक्तान समेत
मुद्दा नं. ०६९-wo-११००, निवेदक रमेश प्रधान समेत
मुद्दा नं. ०६९-wo-११८७, सिन्धुली मा.वि.को तर्फबाट रुद्रबहादुर खत्री)

**तथ्यः**

निवेदकहरू सिन्धुली जिल्लाको कमलामाई नगरपालिका र आसपासका गा.वि.स.मा बसोवास गर्ने आदिवासी तथा स्थानीय समुदाय हुन्। खिम्ती ढल्केवर २२० के. भी. प्रसारण लाईन परियोजना २०५५/२०५६ भन्दा अगावै सिन्धुलीको भीमेश्वर गा.वि.स., रतनचुरा गा.वि.स.को पूर्व महाभारतको जंगल हुँदै रानीचुरी गा.वि.स. को जंगल तथा धमिलेखोलाको किनारै किनारबाट कमलामाई न.पा. को वडा नं. १० स्थित कल्याणी मन्दिर छेउमा निकाल्ने गरी सर्वेक्षण गरिएको थियो, सो सर्वे गरिएको ठाउँमा मानव बसोवास नभएको र अधिकांश जमीन खाली भएकोले निवेदकहरूलाई कुनै असर पर्ने अवस्था थिएन। २०५६ सालमा सुनकोशी नदीको पानी ल्याउन भनी गलत सन्देश दिई निवेदहरूको जग्गा नापजाँच गरेका थिए। पछि ढल्केबरबाट प्रसारण लाईनको टावर गाड्दै आउँदा मात्र विद्युत् प्रसारण लाईनको लागि नापेको रहेछ भन्ने जानकारी पाए। यसबाट १०० वटा घर तथा अन्य १५० घरधुरी भएको गाउँवस्ती तथा जग्गा जमीन माथि प्रसारण लाईन निर्माण हुने अवस्था आएको थियो। त्यस्तै कमलामाई न.पा. वडा नं. ७ मा रहेको स्वीस बोर्डिङ स्कूल तथा अन्य धार्मिक स्थलहरू पनि प्रसारण लाईनमुनी पर्ने गरी परियोजना तत्कालीन श्री ५ को सरकार, जलस्रोत मन्त्रालय सचिवस्तरको मिति २०६०।०२।१९ को निर्णयले निर्माण गर्न लागिएको थियो।

**मागदावीः**

निवेदकहरूलाई प्रत्यक्ष असर पर्ने, उनीहरूको संविधान प्रदत्त सम्पत्तिको हक, सम्मानपूर्वक बाँच्न पाउने हकबाट बन्चित नगरी उक्त सचिवस्तरको निर्णय बदर गर्ने साथै प्रमुख जिल्ला अधिकारीबाट जग्गा रोक्का राख्ने भएको आदेशसमेत उत्प्रेषणको आदेश बदर गरी सम्मानित अदालतबाट परमादेश जारी गरिपाऊँ भन्ने माग रहेको थियो । साथै यस परियोजनाको पहिला गरिएको सर्वेक्षण अनुसार नै निर्माण गर्दा निवेदकहरूको सम्पत्तिको हक हनन् नहुने हुँदा पुरानो सर्वेक्षण अनुसार परियोजना निर्माण गर्ने माग गर्दै मुद्दा दायर गरियो ।

**फैसला तथा प्रतिपादित सिद्धान्तः**

राज्यले नागरिकको सर्वोपरी हितमा विकास निर्माणको कार्य गर्दा नागरिकको सम्पत्ति प्राप्त गर्नु पर्ने भएमा उचित क्षतिपूर्ति दिनु पर्ने तथा विकास निर्माणको कार्यमा स्थानीय बासिन्दा एवं नागरिकलाई समेत अपनत्व भएको महशूस हुने गरी सहभागी गराउने र उनीहरूले समेत त्यस्तो स्थानीय विकास निर्माणबाट लाभ प्राप्त गर्न सक्ने परिस्थितिको सिर्जना गर्नु पर्ने र आफ्नो व्यक्तिगत सम्पत्तिको उपभोग गर्न पाउने अधिकारलाई सुरक्षित गर्ने व्यवस्थासहितको कानून निर्माण गर्नू गराउनू भनी विपक्षीको नाममा देहायका निर्देशनसहितको निर्देशनात्मक आदेश जारी गरिदिएको छ ।

- नेपाल सरकारले गर्ने विकास निर्माणको कार्यबाट पुग्न सक्ने एवं पुग्न गएको स्थानीय बासिन्दाको सम्पत्तिको मूल्य त्यस्तो विकास निर्माणको कार्य गर्नुपूर्व कति पर्ने थियो ? आयोजना सम्पन्न भइसकेपछि त्यसबाट स्थानीय नागरिकले पाउने सुविधा र फाइदालाई पनि नागरिकको सम्पत्तिसंग जोडी सोको उचित मूल्याङ्कन गर्ने सम्बन्धमा उपयूक्त कानूनको निर्माण गर्नू गराउनू ।

- सडक, विद्युत, ढल, खानेपानी वा अन्य यस्तै प्रकृतिका विकाससंग सम्वन्धित कार्यहरू गर्दा त्यस ठाउँका नागरिकलाई पर्ने असर र उनीहरूले त्यसबाट प्राप्त गर्ने लाभ तथा नागरिकलाई हुन सक्ने क्षति एवं हानीको वारेमा व्यक्ति एवं संस्थालाई अलग-अलग रुपमा हेरी त्यसको उचित व्यवस्थापन गर्ने ।

- विकास निर्माणको लागि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा दिनु पर्ने क्षतिपूर्तिको प्रश्न उठेमा कस्तो-कस्तो अवस्थामा क्षतिपूर्ति पाउने र कस्तो-कस्तो अवस्थामा क्षतिपूर्ति नपाउने भन्ने सम्बन्धमा एवं क्षतिपूर्ति पनि अधिग्रहण गर्दासम्मको चल्तीको मूल्यमा निर्धारण गरी तुरुन्तै दिनु पर्ने र तुरुन्तै दिन नसकी तीन महिनाभन्दा ढिलो हुन गएमा क्षतिपूर्ति दिनेसम्मको चल्तीको मूल्यको आधारमा क्षतिपूर्ति दिनु पर्ने भनी यथेष्ट व्यवस्थासहितको कानून निर्माण गर्ने गराउने ।

- सार्वजनिक हितको लागि नागरिकको सम्पत्ति अधिग्रहण गर्दा व्यक्तिगत हितलाई पनि पूर्णतः उपेक्षा नगरी नागरिकको र सार्वजनिक दुवैको हितलाई समानान्तर एवं समन्वयात्मक दृष्टिकोणबाट सुनिश्चित गर्ने व्यवस्था गर्ने ।

- सार्वजनिक हितको लागि व्यक्तिको सम्पत्ति अधिग्रहण

गर्दा त्यस स्थानबाट विस्थापित हुनुपर्ने अवस्थाका बालबालिका, वृद्ध, सुत्केरी वा गर्भवती महिला तथा अशक्तको सर्वोत्तम हितलाई प्राथामिकता दिएर समयमै अथवा समय अगावै त्यस्ता वर्गको समुचित व्यवस्थापन गर्ने ।

- विकास निर्माणको लागि नागरिकको जग्गा एवं आवासलाई असर पर्ने अवस्था हुन गएमा भरसक आवासलाई सुरक्षा गर्नु पर्ने र कथंकदाचित् आवासलाई असर पर्न गएमा नागरिकको आवासको लागि वैकल्पिक जग्गा एवं आवास नभई दुःख कष्ट भोग्नु पर्ने अवस्थामा त्यस्ता नागरिकलाई आवास निर्माणको लागि वैकल्पिक घडेरीजग्गा एवं क्षतिपूर्ति वापत रकमकै व्यवस्था अनिवार्य रुपमा गर्नु पर्ने ।

- योजना छनौट गर्दा बृहत् रुपमा वातावरणीय प्रभाव मूल्याङ्कन गरी नागरिकलाई वातावरणीय दृष्टिकोणबाट कुनै पनि क्षति नहुने वैकल्पिक उपायको वारेमा अध्ययन विश्लेषण गरी त्यस सम्बन्धमा स्थानीय समुदायसंग पनि छलफल तथा प्रतिक्रिया लिई नागरिकको सम्पत्ति एवं स्वास्थ्यमा हानी नोक्सानी नहुने उपायहरू अवलम्बन गरी योजना तर्जूमा गर्नु पर्ने ।

- योजना तर्जूमा गर्दा सरोकार निकाय, दातृ निकाय एवं सम्बद्ध सरोकारवाला पक्षसंग परामर्श तथा समन्वय गरी योजना छनौट भएपछि मात्र उचित एवं पर्याप्त समय दिएर जग्गा तथा आवास अधिग्रहणको प्रक्रियामा अगाडि बढाउने र उक्त प्रक्रिया पारदर्शी हुनुपर्ने ।

- जग्गा वा आवास अधिग्रहण गर्दा गरिने निर्णय पक्षपातपूर्ण एवं पूर्वाग्रही भई त्यसमा चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णयलाई चुनौती दिन चाहेमा उपचार प्राप्त गर्ने कानूनी व्यवस्थाको सुनिश्चितता हुनु पर्ने ।

---

३. **विशेष, संरक्षित वा स्वायत्त क्षेत्र घोषणाका लागि निर्देशनात्मक आदेश निवेदन** (०७४-WO-०२३९)-

**तथ्यः**

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ बमोजिम सूचीकृत बराम जातिको आफ्नै साँस्कृतिक, सामाजिक, भाषिक तथा राजनीतिक मूल्य र मान्यताहरू रहेका छन् । बराम जातिको कूल जनसंख्या ८१४० रहेको छ । यस जातिको गोरखा जिल्लामा नै थुमी, आरुअर्बाङ, आरुचनौटे, आरुपोखरी, पाँचखुदा, देउराली, स्वाँरा, सौरापानी, ताकुमाझ, लाकुरीबोट, ताकुकोट, पान्द्रुङ, मसेल, बगुवा, च्याङ्ली, धुवाँकोट, फुजेल, नाम्जुङ, सिर्नाकोट, नारेश्वर, छोप्राक, थालाजुङ र गोरखा नगरपालिका गरी ६७७५ जनसंख्या रहेको छ । नेपालको संविधान (२०७२) को धारा ५६(५) संघीय कानून बमोजिम सामाजिक, साँस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिनेछ भन्ने उल्लेख छ । साथै धारा २९५(३) बमोजिम निर्माण हुने विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सीमाना निर्धारण गर्नका लागि नेपाल सरकारले एक आयोग गठन गर्नेछ । त्यस्तो आयोगले गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सीमानाको निर्धारण

नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम गर्नु पर्नेछ भन्ने उल्लेख गरिएको छ । उक्त आयोगले वराम जातिको बसोवासलाई स्थानीय तहको संरचना गर्दा तीनखण्डमा विभाजित गरिदिएको छ ।

**मागदावीः**

संविधानको धारा २९५(३) अनुसार गरिएको आयोग गठनले यसरी बराम जातिको बसोवासलाई स्थानीय तहको संरचना गर्दा तीनखण्डमा विभाजित गरिदिएको हुँदा उक्त निर्णयलाई उत्प्रेषणको आदेशले बदर गरी पाउँ भन्ने बुभनव बराम् र टेकबहादुर बराम्ले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेतलाई विपक्षी बनाई रीट निवेदन (मुद्दा नं.०७४-WO-०२३९) मिति २०७४।०६।२६ दर्ता गरेका थिए ।

**फैसला तथा प्रतिपादित सिद्धान्तः**

उक्त रीट निवेदनउपर मिति २०७५ पौष १६ गते माननीय न्यायधीश श्री केदारप्रसाद चालिसे र माननीय न्यायधीश पुरुषोत्तम भण्डारीको संयुक्त ईजलासले बराम जातिको लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र घोषणा नगर्दा बराम जातिको मौलिकता हराउने, संस्कृतिहरू लोप हुने देखिन आउँछ । त्यसैले बराम जातिको संरक्षणको लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको निर्माण गर्न आवश्यक कानून बनाउनू भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी गरिएको थियो ।

---

**४. सडक विस्तार र सम्पत्ति तथा आवासको हक (निर्णय नं. ९९८६)–**

**तथ्यः**

रीट निवेदकहरू कलंकीदेखि नागढुंगासम्मका सडक खण्डका दायाँ बायाँ पुस्तौंपुस्ता आफ्ना पिता पूर्खादेखि घरबास गरी बसेका स्थायी बासिन्दाहरू हुन् । केही व्यक्तिहरूले कानून बमोजिम घरजग्गा खरिद गरी आफ्ना नाममा जग्गाधनी प्रमाणपूर्जा लिई आफ्ना निजी स्वामित्वका जग्गामा घर निर्माण गरी बसोवास गरिआएका छन् । मिति २०७२।१०।०७ गतेका दिन एकाएक प्रहरीको सुरक्षा घेरा बनाई केही व्यक्तिहरूले उक्त सडक केन्द्र रेखाबाट ११।११ मिटर अर्थात् २२ मिटरको बाटो बनाउने भनी निवेदकहरूको घरघरमा चिन्ह लगाउँदै हिंडेका थिए । त्यसवारे निवेदकहरू अनभिज्ञ थिए । सोधी-खोजी गर्दा २०७१।०८।१५ मा नेपाल सरकार (सचिवस्तर)को निर्णय भएको जानकारी पाए । २०३० साल पौष ९ गते राजपत्रमा सूचना प्रकाशित गरी कालीमाटी, कलंकीदेखि थानकोटसम्म केन्द्ररेखाबाट दायाँ बायाँ ८/८ मिटर सडक फराकिलो पार्न जग्गाधनीहरूलाई कानून बमोजिम मुआब्जा वितरण गरी अधिग्रहण गरिसकेको अवस्था रहेछ ।

**मागदावीः**

सडक विस्तार गर्दा नेपालका प्रचलित कानूनले कानून बमोजिम जग्गा प्राप्त गर्नु पर्ने प्रावधान रहेको छ । निवेदकहरूको के कति जग्गा सडक विस्तारको लागि लिन खोजिएको हो, कुन-कुन कित्ता नम्बरबाट के कति क्षेत्रफल जग्गा, पर्खाल, घर, टहरा वा स्थायी संरचना प्राप्त गर्ने हो, नाप नक्शा गरी सम्पूर्ण विवरण खुलाई राजपत्रमा सूचना प्रकाशित गर्नु पर्ने र घरजग्गाधनीले के कुन हिसाबमा के कति रकम क्षतिपूर्ति पाउने हो यकिन गरिनु पर्ने, सो नगरी पत्रिकामा प्रकाशित सूचनाको आधारमा घरघरमा चिन्ह लगाउँदै हिंडेकाले सम्पत्तिको हक संरक्षणको लागि चन्द्रागिरी नगरपालिका वडा नं. ८ बस्ने

सानु श्रेष्ठसमेतले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेतलाई विपक्षी बनाई मिति २०७३।१०।०९ गते रीट निवेदन दर्ता गरेका थिए ।

**फैसला तथा प्रतिपादित सिद्धान्तः** यस निवेदनमा धेरै पटक बहशपश्चात् मिति २०७४।०६।०२ गते मा. न्या. श्री केदारप्रसाद चालिसे, मा.न्या. श्री हरिकृष्ण कार्की र मा.न्या. श्री पुरुषोत्तम भण्डारीको पूर्ण ईजलासले रीटको फैसला सुनाएको थियो, सो फैसलाबाट प्रतिपादित निम्न सिद्धान्तहरू (कानून पत्रिकाको २०७५ साल अंक ४ भाग ६० निर्णय नं ९९८६ मा) प्रकाशित भएको छ ।

- सम्पत्तिको अधिकार सम्बन्धी विधिशास्त्रीय मान्यतामा सार्वजनिक हितका लागि राष्ट्रिय सम्पत्तिउपर राज्यको पहिलो हक (Eminent domain) राज्यमा अन्तरनिहित रहने र सम्पत्ति प्राप्त गर्ने सन्दर्भमा राज्यलाई उक्त सिद्धान्त अन्तर्गत व्यक्तिको सम्पत्ति बृहत्तर राष्ट्रिय हितका लागि राज्यले नियन्त्रण, नियमन र अंकुश लगाउन सक्ने ।
- राज्यलाई सार्वजनिक हितका लागि नागरिकको सम्पत्ति आवश्यक परी अधिग्रहण गर्नु पर्ने भएमा कानूनले निर्धारण गरेको प्रक्रिया पुऱ्याएर मात्रै अधिग्रहण गर्न सकिने ।
- सडकको सीमा तोक्दैमा जग्गाधनीको हक, स्वामित्व समाप्त हुन सक्दैन र सरकारको उक्त सम्पत्तिमा हक स्थापना गरी भोगाधिकार प्राप्त हुन सक्ने र अधिकारको सिर्जना गरी कब्जा गर्न विशेष परिस्थितिमा बाहेक सक्ने देखिंदैन । नागरिकको निजी सम्पत्तिमाथि राज्यले अधिकार सिर्जना गर्नका लागि जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानून-जग्गा प्राप्ति ऐन, २०३४ अनुरूपको कार्य अनिवार्य रूपमा गर्नुपर्ने ।
- नियमित कार्यको रूपमा सम्पन्न गर्नु पर्ने विकास निर्माण र सोको पूर्वाधारको निर्माणको लागि जग्गा प्राप्त नगरी सरकारको अधिकार सिर्जना हुने वा प्राप्त जग्गाको मुआब्जा दिनु नपर्ने भन्ने कल्पनासम्म पनि गर्न सक्ने अवस्था नरहने ।
- सम्पत्तिको सुरक्षा प्रत्याभूत गर्ने संवैधानिक र कानूनी व्यवस्थाको प्रतिकूल कार्य गर्न सकिन्छ भनी मान्यता प्रदान गर्ने हो भने सरकार र मातहत निकाय वा पदाधिकारीको इच्छा र चाहनाले कानूनमाथि शासन गर्न पुग्दछ, जो सर्वथा कानूनी शासनको सिद्धान्तको प्रतिकूल हुन जाने ।
- वार्ताद्वारा जग्गा प्राप्त गर्दा जग्गा प्राप्ति ऐनले तोकेको अन्य प्रक्रियाहरू पूरा नगरी सरकारले जग्गामा हक स्थापित गर्न सक्नुको साथै नेपाल सरकारले प्राप्त गर्न चाहेको जग्गालाई वार्ताको माध्यमद्वारा स्वेच्छापूर्वक व्यक्तिलाई आफ्नो हक स्वामित्व छोडाई सरकारको हक स्वामित्व स्थापना गर्न सक्ने अधिकार अप्रत्यक्ष रूपमा प्रदान गरेको छ । यस्तो अपवादको अवस्थामा बाहेक अन्य अवस्थामा जग्गा प्राप्ति ऐनले तोकेको सम्पूर्ण पूर्वशर्तहरू पालना भएपश्चात् मात्र नागरिकको निजी सम्पत्तिमाथि हस्तक्षेप गर्न सक्ने ।
- सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र अन्य कारोबार गर्ने हक प्रदान गरी सो अनुरूप कानून बमोजिम आर्जित र सन्चित सम्पत्तिको

सुरक्षणको लागि क्षतिपूर्ति प्रदान गरी नागरिकको सम्पत्तिको हकको सुनिश्चितता प्रदान गर्ने मौलिक हकको प्रावधान राखेको संविधान र सो अन्तर्गत निर्मित कानूनको अक्षर, भावना र मर्मलाई आत्मसात् गरी प्रतिपादन भएको सिद्धान्तलाई अनुशरण गर्नुपर्ने ।

- निर्णय कार्यान्वयन प्रक्रियामा माथिल्लो तहबाट भएको निर्णयलाई असल नियतपूर्वक तल्लो तहबाट कार्यान्वयन गर्नु पर्नेमा सो नगरी माथिल्लो तहबाट भएको निर्णय विपरीत मुआब्जा नदिई सडक विस्तार गर्ने गरी सचिवस्तरबाट भएको निर्णय कानून बमोजिम नदेखिने ।
- कलंकी थानकोट सडक विस्तार सम्बन्धमा नेपाल सरकारले मिति २०३०।९।९ मा अधिग्रहण गर्नुपर्ने जग्गाको विस्तृत सूचना राजपत्रमा प्रकाशित गरी मुआब्जा वितरण गरिएको जग्गा मिति २०५२।८।२२ मा सूचना प्रकाशित गरी कलंकी थानकोट क्षेत्रको दायाँ बायाँ ८/८ मिटर सडक विस्तार भएको कुरा राजपत्रमा प्रकाशित सूचनाबाट देखिंदा पहिले सोही सडक विस्तार गर्दा क्षतिपूर्ति दिएको देखिएको हाल सोही क्षेत्रको सडक विस्तार गर्नका लागि प्राप्त गर्नुपर्ने थप ३/३ मिटर जग्गाको क्षतिपूर्ति दिनु नपर्ने भन्ने नेपाल सरकारको निर्णय समानताको सिद्धान्त विपरीत देखिने ।

---

**५. अपमानजनक शब्दार्थ, नेपाल खड्गी सेवा समिति (मुद्दा नं. ०७३–** WO–०१४०)–

**तथ्यः**

नेपाल खड्गी सेवा समिति (खड्गी समाज), आदिवासी जनजाति उत्थान प्रतिष्ठान ऐन, २०५८ को अनुसूची २ बमोजिम सूचिकृत ५९ आदिवासी जनजातिमध्येको नेवार जातिभित्रको एक समुदाय, खड्गी जाति हो । नेपाल खड्गी सेवा समिति नेवार आदिवासी भित्रको खड्गी समुदायको प्रतिनिधिमूलक संस्था हो । देशका विभिन्न भू-भागमा बसोवास गरिरहेका नायः, सिंह, शाही तथा खड्गी समुदायलाई गोलबद्ध गरी उनीहरूको उत्थान गर्ने उद्देश्यले वि. स. २०२६ सालदेखि संगठित भई संघसंस्था ऐन, २०३४ बमोजिम काठमाडौं जिल्ला प्रशासन कार्यालयमा मिति २०५६/१२/११ गते दर्ता भई संस्थाले कार्य गर्दै आएको छ ।

यस खड्गी जाति परम्परागत रुपमा फलफूल तथा माछामासुको व्यवसाय गरी आएका थिए । हाल विभिन्न पेशा व्यवसाय अपनाउदै आएका छन् भने अन्य समुदायले पनि माछामासुको व्यवसाय गरेको देखिन्छ । नेपालको इतिहासमा महिषपाल वंशी खड्गी जातिलाई नायः सिंह, शाही समेतले बुझाउने गरेको पाउँदछौं ।

भक्तपुरका नायः खड्गीहरूले जयस्थिति मल्लले आफैंलाई उत्तराधिकारी घोषित गरेको विषयलाई लिएर विरोध गरेका थिए । त्यसैले जयस्थिति मल्ल आफू राजा भएपछि बदलामा नायः खड्गीहरूलाई दमन गरेको थियो । पछि राणाकालमा जंगबहादुरले सत्ता चलाउनको लागि मुलुकी ऐन, १९१० निर्माण गरे, जसको पानी नचलन्या घटीबढी जातको महलमा पानी नचलन्या छोया छिटो हाल्नु नपर्न्या जात कसाही भनी उल्लेख गरेको छ, जसले जातीय विभेद्लाई प्रशय दिएको थियो । यसको प्रत्यक्ष असर नायः

खड्गी समाजलाई पर्न गयो । नायः खड्गी जातिलाई अपहेलित गर्ने गरी नायःलाई कसाई जातको रुपमा धारण गर्न बाध्य पारियो ।

यसरी पेशाको आधारमा जात नै छुट्याउने भए/गरेको ऐतिहासिक विभेद्लाई आजसम्म पनि निरन्तर भोगिरहनु परेको अवस्था विद्यमान छ । तर समयको परिवर्तनसंगै माछामासु तथा फलफूलको व्यवसाय मात्र खडगी समुदायले भन्दा अन्य जातिसमेतले गर्दै आईरहेको छ । ती समुदायलाई राज्यले प्रदान गर्ने नागरिकतालगायतको सरकारी कागजातमा कसाई भनी थर उल्लेख नगरिएको हुँदा खड्गी समुदायलाई मात्र यसरी होच्याउने किसिमको अपहेलित महशूस हुने खालको शब्दार्थ रहेको जातिको रुपमा कसाई भनी उल्लेख गरिरहेको अवस्था छ । सोही अनुसार राज्यले प्रदान गर्ने नागरिकता, निर्वाचन परिचयपत्र, पासपोर्ट, जग्गाधनी लालपूर्जा, पेन्सनपट्टा, शैक्षिक प्रमाणपत्र-लगायतका पहिचानजन्य कागजातमा कसाई थर लेखाइएको अवस्था रहेको छ । यस शब्दले समग्र खड्गी जातिप्रति मनोवैज्ञानिक रुपमा ग्लानी, अपहेलित अनुभूति गर्ने खालको शव्दहरूको कारण करीब ३०००० भन्दा बढी खड्गी समुदायलाई निरन्तर रुपमा नकारात्मक मानसिक, सामाजिक, तथा आर्थिक एवं वैयक्तिक विकासमा समेत प्रभाव पारिरहेको अवस्था छ, जुन पेशागतभन्दा पनि जातिगत पहिचान तथा थरको रुपमा स्थापित गराइएको अवस्था छ ।

**मागदावीः**

नेपालको संविधानको धारा १६ ले मौलिक हकको रुपमा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक/अधिकारको संरक्षण गर्न र धारा १८ बमोजिम विभेद् विरुद्धको समानताको हक सुनिश्चितताको लागि धारा १३३ (२) र (३) बमोजिम सार्वजनिक सरोकारको विषयले देहाय बमोजिमको जो चाहिने आज्ञा आदेशको माग गरिएको छ ।

- अपमानजनक शब्दार्थ रहेको जाति समुदाय जनाउने गरी राज्यबाट प्रदान गरिएको नागरिकतालगायत नागरिकतालाई आधार मानेर बनाइने पासपोर्ट, सवारी चालक अनुमति, जग्गाधनी प्रमाणपत्रलगायतको सरकारी कागजातहरूमा तीनपुस्ते वंशजको थर सच्याउन पाउने गरी छाता ऐन निर्माण गरी गराई कानून बमोजिम व्यवस्था मिलाउने गरी प्रत्यार्थीहरूको नाममा परमादेशयुक्त जो चाहिने आज्ञा आदेश जारी गरिपाऊँ ।
- जिल्ला प्रशासन कार्यालय नुवाकोटले गत मिति २०७३।०४।१० गतेको निर्णय भनी नागरिकताको पीठमा जातीय संकिर्णता, हिनताबोध भनी उल्लेख गरिएको तथा बुवा, बाजेको थर भने साविक कसाई नै थर राखी वितरण गरिएको नागरिकता प्रमाणपत्रमा समेत तीनपुस्ते बुवा, बाजेसमेतको थर सच्याउन सकिने गरी जहाँ जे जस्तो आवश्यक आज्ञा आदेश जारी गरिपाऊँ ।
- उमेर, नाम र जात सच्याउने नियमहरू, २०१७ को नियम ६(१) बमोजिम उमेर, नाम जात सच्याई माग्नेले आफ्नो नाम, जात र उमेर उल्लेख भएको प्रमाणपत्र पाएको मितिले ६ महिनाभित्र उक्त कुरा सच्याई पाउनको लागि दरखास्त दिनु पर्छ भनी मात्र ६ महिनाको दरखास्त दिने म्याद परिमार्जन गरी थर सच्याई पाऊँ ।

- जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिने नागरिकतामा बुबा, बाजेसमेत तीनपुस्ते वंशजको थर कसाईको सट्टामा आफनो सम्मान हुने थर राख्न पाउने गरी सम्बन्धित प्रत्यार्थीको नाममा निर्देशनात्मक आदेश जारी गरिपाऊँ ।
- शैक्षिक प्रमाणपत्र, निर्वाचन परिचयपत्र, सवारी चालक अनुमतिपत्र, पासपोर्ट, पेन्सनपट्टा, जग्गाधनी लालपूर्जा भवन निर्माण सम्पन्न प्रमाणपत्रलगायत जे जति सरकारी कागजातहरूमा होच्याउने अपहेलित महशूस हुने संर्किणता, हिनताबोध हुने कसाई, कसाही, साही, साई थरको सट्टामा आत्मसम्मान हुने थर नायः, सिंह, शाही, खड्गी थर राख्न पाउने गरी जो जे चाहिने आज्ञा आदेश जारी गरिपाऊँ ।
- नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित बृहत् शब्दकोशमा कसाईको शब्दार्थसंगै कसाई भनेको नेवारको एक जाति खड्गी भनी उल्लेख गरिएको हुँदा सो शब्द नै सो बृहत् शब्दकोशबाट हटाई न्याय दिलाई पाऊँ भनि माग गरिएको थियो ।

**फैसला तथा प्रतिपादित सिद्धान्तः**
खड्गी समुदायका व्यक्तिहरूलाई राज्यबाट प्रदान गरिएको नागरिकता, पासपोर्ट, शैक्षिक प्रमाणपत्र, सवारी चालक अनुमतिपत्र, जग्गाधनी प्रमाणपत्रलगायतको सरकारी कागजातहरूमा साविकमा प्रयुक्त थरुहरू कसाई, कसाही, साही, साईको सट्टामा आत्मसम्मानको बोध हुने थरुहरू नायः, सिंह, शाही, खड्गी कायम गराउन यथाशीघ्र आवश्यक कानूनी तथा अन्य व्यवस्थापकीय प्रबन्ध गरी कार्यान्वयन गर्नू भनी विपक्षीहरको नाउँमा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ भन्ने अदालतबाट आदेश भएको छ ।

---

**६. सम्पत्तिको हकः हेटौंडा बर्दघाट २२० के.भी. विद्युत प्रसारण लाईन परियोजना–**

**तथ्यः**
रीट निवेदकहरू नवलपरासी जिल्ला, साविक दुम्किबास गा.वि.स. वडा नं २ हाल परिवर्तित विनयी त्रिवेणी गा.पा. वडा नं २, सुनटाँडीमा बसोवास गरी आएका स्थायी बासिन्दा, दलित, आदिवासी, किसान तथा अन्य समुदाय हुन् । उनीहरू आफ्नो जीविकोपार्जनको लागि खेती किसानीमा नै निर्भर रही आफ्नो र परिवारको गुजारा गरी आएका छन् । यस स्थानभन्दा अन्यत्र निवेदकहरूको घरबास र जीविकोपार्जन गर्ने विकल्प छैन । सरकारले सर्वे रुट परिवर्तन गरी हेटौंडा बर्दघाट २२० के.भी. विद्युत प्रसारण लाईन परियोजनाले रीट निवेदकहरूको दर्ता श्रेस्ता कायम भई एकलौटी हकभोग रहेको घरजग्गाबाट जबरजस्ती तथा हचुवाको भरमा उच्च भोल्ट प्रवाह हुने प्रसारण लाईन लैजाने दुईवटा टावर (टावर नं. १९९ र टावर नं २००) गाड्ने योजना अनुसार काम अगाडि बढाएको छ । यस ठाउँमा घनावस्ती तथा मानिसहरू अत्यधिक मात्रामा आवतजावत हुने, खेती किसानी, बन्द व्यवसायको लागि अत्यन्तै धैरै मानव गतिविधि हुने स्थानबाट मानिस तथा पशुप्राणीको जीउज्यानलाई जोखिम पार्ने निश्चित भएकोले प्रत्यर्थीहरूलाई शुरु साविक रुट वा वैकल्पिक मार्ग प्रयोग गरी विद्युतको टावर गाड्ने र प्रसारण लाईन लैजान भनी हामीले २०६८ सालबाट नै निरन्तर रुपमा लिखित तथा मौखिक निवेदन गर्दै आएका थियौं । परियोजना साविकको रुटबाट वा वैकल्पिक सुरक्षित

स्थानबाट लैजाने भनी पटक-पटक अनुरोध गरे तापनि सो बमोजिम कुनै कामकारबाही नभएको, उल्टै अहिले आएर विद्युतीय तार लैजान र टावर गाड्न दिनुपर्छ अन्यथा प्रशासन लगाएर बलपूर्वक लैजाने भनी विपक्षीहरूले डर, धाक धम्की दिदै आएका छन् ।

**मागदावीः**

विनयी त्रिवेणी गा.पा. वडा नं १ को क्षेत्रभित्र पर्ने विनयीखोला बगर हुँदै विनय त्रिवेणी गा.पा. वडा नं. १ र २ मा पर्ने ज्यामिरे हुलाकी खोला–खोला हुँदै आवादी तथा घनाबस्ती नपर्ने गरी टावर ४४ ए पी कायम भएको शुरु रुटलाई परिवर्तन गरी हाम्रो घर बसोवास तथा जग्गा जमीन भएको स्थान, विनयी त्रिवेणी गा.पा.२ बाट लैजाने प्रत्यार्थीहरूले गरेका निर्णय र यस विषयमा अन्य कुनै निर्णय गरिएको भए उत्प्रेषणको आदेशले बदर गरी साविक शुरुको सर्वे रुट वा वैकल्पिक मार्ग (टावर नं. १९६ बाट विनयी त्रिवेणीखोला बगर पूर्व-उत्तर र मिभ्रुीङखोला पश्चिमबाट विद्युतको प्रसारण हाम्रो घरजग्गा र घना मानवबस्ती जोगाएर सुरक्षित स्थानबाट लैजानू भनी परमादेशलगायत उपयुक्त आज्ञा वा आदेश जारी गरिपाऊँ । स्वतन्त्र विज्ञहरू संलग्न रहने अध्ययन टोली गठन गरी विद्युत प्रसारणको टावर र लाईन घरजग्गा र बस्ती जोगाई सुरक्षित रुपमा लैजानको निम्ति विकल्प हेरी पीडितहरूको समस्याको समाधान हुने गरी प्रतिवेदन तयार गरी सम्मानित अदालतसमक्ष यथाशीघ्र पेश गर्न र गराउन प्रत्यर्थीहरूको नाममा आदेशसमेत जारी गरिपाऊँ भनी माग गरिएको थियो ।

**फैसला तथा प्रतिपादित सिद्धान्तः**

राज्यले व्यक्तिको निजी सम्पत्ति सार्वजनिक प्रयोजनका लागि प्राप्त गर्दा वा उपयोग गर्दा उचित/मनासिब क्षतिपूर्ति दिनु आवश्यक हुन्छ । उचित क्षतिपूर्ति प्रदान नगरी व्यक्तिको सम्पत्ति प्राप्त वा उपभोग गर्नु कानून अनुकूल हुँदैन । नेपालको संविधान, जग्गा प्राप्ति ऐन, २०३४ तथा विद्युत सम्बन्धी ऐन नियमहरूले पनि उचित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था गरेको देखिन्छ । उल्लिखित कानूनहरूको समुचित रुपमा अनुशरण/पालना गर्नु अनिवार्य नै छ । त्यसैले विवादित् आयोजनाको विद्युत प्रसारण लाईन, टावर आदि निर्माण गरिएको कारणबाट असर पर्ने व्यक्तिलाई उचित क्षतिपूर्ति प्रदान गर्नु अनिवार्य भएकोले रीट निवेदहरूलाई पुग्न गएको वा पुग्न जाने क्षतिको यथासक्य चाँडो विवेकपूर्ण तवरबाट मूल्याङ्कन गरी तथा कानून बमोजिम छिटोछरितो रुपमा क्षतिपूर्ति निर्धारण गरी वास्ताविक रुपमा प्रभावित निवेदकहरूलाई क्षतिपूर्ति उपलब्ध गराउनू भनी नेपाल विद्युत प्धिकरणसमेतका नाममा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ भन्ने अदालतबाट आदेश भएको छ ।

---

**७. समावेशीः राष्ट्रिय मानव अधिकार आयोगको पदाधिकारी नियुक्ति–**

(मुद्दा नं.०७१-WO-०३१५, रामकुमार राईसमेत
मुद्दा नं. ०७१-WO-०२३१, भिम राई)

**तथ्यः**

राष्ट्रिय मानव अधिकार आयोगमा मिति २०७१।०६।०२ गते संवैधानिक परिषद्ले अध्यक्षमा अनुपराज शर्मा तथा सदस्यहरूमा

प्रकाशचन्द्र शर्मा वस्ती, गोविन्द शर्मा पौडेल, सुदिप पाठक र मोहना अन्सारीको नाम सिफारिश गरिएको थियो । नेपालको अन्तरिम संविधान, २०६३ को धारा २१ र ३३ (च१) मा आदिवासी जनजाति, महिला, दलित... लाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हकको प्रत्याभूति गरिएको छ । संविधानको धारा १३१ तथा १३१ (२) मा राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष र सदस्यको नियुक्ति गर्दा महिलासहित विविधता कायम गर्नु पर्नेछ भन्ने व्यवस्था भएकोमा उल्लिखित मितिमा संवैधानिक परिषद्ले गरेको उक्त सिफारिशमा संवैधानिक प्रावधान विपरीत एकै समुदाय, एकै भाषा, संस्कृति, एकै धर्म र क्षेत्रको व्यक्तिहरूलाई नियुक्तिको लागि सिफारिश गरी नियुक्तिसमेत भएको अवस्था छ, जुन गैरसंवैधानिक, अन्यायपूर्ण, विभेद्पूर्ण रहेको छ भन्ने निवेदकहरूको ठहर छ ।

**मागदावीः**

संवैधानिक परिषद्बाट सिफारिश तथा राष्ट्रपतिद्वारा नियुक्ति गरिएका राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तथा सदस्यहरू संवैधानिक व्यवस्था तथा अन्तर्राष्ट्रिय मान्यतासमेत विपरीत भएको हुँदा उत्प्रेषणको आदेशद्वारा बदर गरी संविधानको प्रावधान बमोजिम विविधता कायम हुने गरी नेपालको संविधानको धारा २१ तथा १३१ अनुसारको समानुपातिक र समावेशी आधारमा राष्ट्रिय मानव अधिकार आयोगमा अध्यक्ष र सदस्यहरूको अर्को नामावली तत्काल सिफारिश गरी नियुक्ति गर्न परमादेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाऊँ भनी निवेदकहरूको मागदावी रहेको थियो ।

**फैसला तथा प्रतिपादित सिद्धान्तः**

राज्यको संरचनामा विविधता र समावेशिता कायम गरिनु पर्दछ भन्ने मान्यतालाई नेपालको अन्तरिम संविधान, २०६३ तथा वर्तमान नेपालको संविधान (२०७२)ले समेत आत्मसात् गरेको छ । राष्ट्रिय मानव अधिकार आयोगको गठन विधि यस कुराको अपवाद हुन सक्दैन । देशको अनेक जातजाति, वर्ग, क्षेत्र, लिङ्ग, धर्म, सम्प्रदाय, भाषा, संस्कृति आदि सबैको शासन व्यवस्थामा आधिकारिक सहभागिता कायम गरी न्याय र समानतामा आधारित समतामूलक समाजको निर्माण गर्नेतर्फ सिर्जनशील प्रयासहरू अगाडि बढाउनु बान्छनीय छ । तसर्थ अब गरिने मानव अधिकार आयोगका पदाधिकारीहरूको नियुक्तिका सन्दर्भमा उल्लिखित समग्र पक्षमा समुचित संवेदनशीलता अपनाउनेतर्फ थप ध्यानाकर्षण हुन र समावेशिता सम्बन्धी संवैधानिक प्रावधानको उद्देश्यलाई कार्यान्वयन गर्न विपक्षीहरको नाउँमा निर्देशनात्मक आदेश जारी गरिएको छ भन्ने अदालतबाट आदेश भएको छ ।

# २८ वर्ष



**अधिवक्ता शान्ति कुमारी राई**
**(अध्यक्ष-लाहुर्निप)**

**भूमिकाः**

शिक्षा आर्जन गर्ने उद्देश्यले २०३० सालमा काठमाडौं उपत्यका छिरेको, सोपश्चात् जिन्दगीको थुप्रै आरोह-अवरोह पार गर्दै मानविकी शास्त्रमा आई.ए., बी.ए. र एम.ए. डिग्री प्राप्त गरियो । त्यसपछि शिक्षा शास्त्रमा एकवर्षे बी.एड. डिग्री प्राप्त गरी कान्छो डिग्री कानून शास्त्रमा बी.एल (प्राइभेट) उत्तीर्ण गरियो ।

कानून मेरो लागि निक्कै राम्रो विषय प्रमाणित भयो । किनभने यो विषय मानिसको जीवनको हर-पाइलामा काम लाग्ने, राज्यसत्ताको गहिराई सजिलै बुझ्न सकिने, कानून बुझेपछि तार्किक, चेतनशील तथा मर्यादित हुने क्षमता हासिल हुने रहेछ । एक शब्दमा भन्ने हो भने मैले प्राप्त गरेको डिग्रीमध्ये कानून शास्त्रले मलाई धेरै कुरा सिकायो साथै मर्यादित स्थानमा पहुँच गरायो ।

जब २०४६ सालमा बी.एल. डिग्री उत्तीर्ण गर्ने सु-अवसर प्राप्त भयो, अनि मेरो संगत पनि कानूनचीहरूसंग हुन थाल्यो । यसै सन्दर्भमा बागबजारमा हामी एउटै घरमा डेरा गरी बस्ने ताप्लेजुङ, थेचम्बु निवासी अधिवक्ता श्री दुर्गाप्रसाद सुब्बा (लिम्बू) दाजुसंग चिनाजान (परिचय) भयो । वहाँको श्रीमती पुष्पलता सुब्बा (डिल्ली) संग हाम्रो सुमधुर सम्बन्ध कायम हुन पुग्यो वहाँ मिलनसार सचेत तथा social हुनुहुन्छ । यो सम्बन्ध अद्यापि कायम छँदैछ । त्यसताका दुर्गाप्रसाद सुब्बा दाजु नेपाल ल क्याम्पस, प्रदर्शनी मार्गमा शिक्षण गर्नुहुन्थ्यो । म पनि नोकरी गर्ने शिलशिलामा सोही क्याम्पसमा पुग्ने अवसर प्राप्त भयो । एउटै क्याम्पसमा कार्य गर्ने र एउटै घरमा डेरा गर्ने संयोग मिल्नु त छँदै थियो साथै वहाँको श्रीमतीसंग हाम्रो मन मिल्नु र सम्बन्ध कायम हुनु अर्को राम्रो संयोग पऱ्यो ।

**ल फर्म ज्वाईनः**

दुर्गाप्रसाद सुब्बा दाजु कानून व्यवसाय पनि गर्नु हुन्थ्यो । वहाँ बिहान, बेलुका ल फर्ममा अध्ययन/अनुसन्धान गर्नुहुन्थ्यो र दिउँसो क्लास नभएको बेला र क्लास सकिएपश्चात् अदालतमा बहश गर्न जानु हुन्थ्यो । ५/७ वर्षको बागबजारको संगै बसाईपछि काठमाडौं घट्टेकुलोमा वहाँहरूले आफ्नै घर निर्माण गरी स्थानान्तरण गर्नुभयो । त्यसपछि पनि डिल्ली बहिनीसंगको हाम्रो घनिष्टताको कारण हामीबीच बेला-बेलामा भेटघाट हुन्थ्यो । वहाँहरू घट्टेकुलो सरेपछि दुर्गाप्रसाद सुब्बा दाजुले आफ्नो ल फर्म पनि चारखाल डिल्ली बजारमा सार्नु भएछ ।

मैले २०४६ सालमा बी.एल उत्तीर्ण गरेपछि वकालत गर्ने लाईसेन्स प्राप्त भयो । त्यसपछि म शिक्षणतर्फ काजमा खटिएँ । अनि मलाई पनि वकालत गर्ने रहर जाग्यो र ल प्राक्टीस गर्न दुर्गाप्रसाद दाजुको ल फर्ममा पार्टनरको रुपमा ज्वाईन गरें । मेरो क्लास सकिएपछि म ल फर्ममा जान्थें, नजानेको/नबुझेको कानूनी

कुराहरू दाजुसंग सोध्थें/सिक्थें। यसरी ल फर्ममा संग-संगै कानूनी अभ्यास गर्ने क्रममा दाजुले लाहुर्निप स्थापना गर्ने धारणा (concept) ल्याउनु भयो र भन्नु भयो- "बहिनी ! हामी आदिवासी जनजातिहरू पछाडि परेका छौं साथै हाम्रो मानव अधिकार हनन् भएको अवस्था छ। त्यसकारण हामी आदिवासी जनजाति वकिलहरूको एउटा संस्था स्थापना गरौं।" यो कुरा सुनेर "हुन्छ दाजु !" मैले भनें।

**संस्थागत संलग्नताः**

त्यसपछि २०५१ साल पौष २३ गते काठमाडौं उपत्यकामा कानून व्यवसाय गर्ने आदिवासी जनजाति वकिलहरूको संस्था स्थापना गर्न नेपाल ल क्याम्पसमा एक भेलाको आयोजना गरियो। त्यो भेलाबाट अधिवक्ता दुर्गाप्रसाद सुब्बा अध्यक्ष, यो पक्तिकार उपाध्यक्ष, तेजबहादुर यक्सो लिम्बू सचिव, दिनेशकुमार घले कोषाध्यक्ष र भिम राई सह-सचिव रहने गरी १३ सदस्यीय नेपालका अदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) को तदर्थ समिति गठन गरियो। संस्था दर्ता ऐन, २०३४ बमोजिम विधिवत् संस्था दर्ता प्रयोजनार्थ संस्थाको एक विधान तयार गर्नुपर्ने नियमानुसार दुर्गाप्रसाद सुब्बा दाजुले संस्थाको विधान मस्यौदा गर्नु भयो, मस्यौदा गर्ने क्रममा सो उपर बीच-बीचमा छलफल तथा सल्लाह गर्दै विधानलाई पूर्णता दिइयो। त्यसपछि मिति २०५१/११/१८ मा काठमाडौं जिल्ला प्रशासन कार्यालय (दर्ता नं. ४०२/०५१/५२) मा विधिवत् रुपमा लाहुर्निपको स्थापना गरियो।

यो संस्था विधिवत् स्थापना भएदेखि नेपालका आदिवासीहरूको मानव अधिकार हनन्/उल्लंघनको विरुद्ध आवाज उठाउदै आदिवासी जनजाति समुदायमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी अधिकार सम्बन्धमा जनचेतना अभिवृद्धिको लागि आफ्नो स्रोतसाधन र क्षमताले भ्याएसम्म कार्य गर्दै आइयो। यसरी निकै लामो समयसम्म दुर्गाप्रसाद सुब्बा दाजुकै नेतृत्व/अध्यक्षतामा लाहुर्निप संचालन भयो।

**अध्यक्षताको जिम्मेवारी बहनः**

समय र परिस्थिति मानव नियन्त्रणमा नरहने हुँदा उपाध्यक्षलाई का.वा. अध्यक्षको जिम्मेवारी सुम्पेर २०६३ सालमा दाजु दुर्गाप्रसाद सुब्बा स-परिवार अमेरिका प्रस्थान गर्नुभयो। त्यसपछि सोही सालको चैत्रमा संस्थाको साधारणसभाबाट पंक्तिकारलाई अध्यक्षमा निर्विरोध सर्वसम्मत निर्वाचित गरियो। अध्यक्षताको जिम्मेवारी बहन गर्दै-गर्दा देशमा राजनीतिक रुपमा तीब्रगतिमा व्यवस्था परिवर्तनको माहोल सिर्जना भयो र राजतन्त्रको जरा उखेलियो। अब देशमा एउटा अन्तरिम संविधान निर्माण गर्नुपर्ने अवस्था आएको हुँदा यो पंत्तिकारलाई पनि त्यो मस्यौदा समितिमा **मस्यौदाकार**को रुपमा सहभागी बनाइयो र **नेपालको अन्तरिम संविधान, २०६३** निर्माण भयो। यो नेपालको अन्तरिम संविधान, २०६३ द्वारा व्यवस्थित प्रावधानको अधीनमा रही संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ तथा संविधानसभा सदस्य निर्वाचन नियमावली, २०६४ बमोजिम २०६४ साल चैत्र २८ गते संविधानसभा (पहिलो) को निर्वाचन सम्पन्न भयो।

**लाहुर्निपद्वारा अन्तरक्रिया कार्यक्रमहरू आयोजनाः**

पहिलो संविधानसभा गठन भइसकेपछि आदिवासी जनजाति

सभासद्हरूलाई लाहुर्निपद्वारा अन्तर्राष्ट्रिय सन्धि, महासन्धि र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनद्वारा प्रदत्त आदिवासी अधिकार सम्बन्धी विभिन्न गोष्ठी, छलफल सेमिनार, अन्तरक्रिया कार्यक्रमहरूको आयोजना गरी प्रशिक्षित गर्ने/गराउने कार्य गरियो । यति मात्र होइन, आदिवासी जनजाति **ककस**को समेत निर्माण गरी नयाँ संविधानमा आदिवासी अधिकार सुनिश्चित तथा लिपिबद्ध गर्न भरमग्दूर प्रयास गरियो । फलस्वरुप पहिलो संविधानसभाबाट केही आदिवासी अधिकार सुनिश्चित हुने पक्का भएपछि तत्कालीन ठूला दल भनिने दलका नेताहरू त्रसित भई पहिलो संविधानसभा नै विघटन गराउन पुगे । यस परिस्थितिमा नेपालको राजनीतिक अन्यौलताले उग्ररुप लियो । तर जसोतसो गरी २०७० साल मंसीरमा संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न भयो ।

यस निर्वाचनबाट निर्वाचित आदिवासी सभासद्हरू आदिवासी अधिकारको लागि संविधानसभामा आफ्नो आवाज बुलन्द गर्न पहिला भन्दा झन कमजोर देखिए । पार्टी पंक्तिबाट अनेक डर, धम्की, प्रलोभन देखाएर ह्वीप जारी गरी आदिवासी सभासद्हरूलाई 'चूप' बस्ने (निकम्मा) बनाइए । यति मात्र होइन, **आदिवासी ककस** बनाउन पनि बन्देज लगाइयो । यसको बावजूद लाहुर्निपले आदिवासी सभासद्हरूको लागि आदिवासी अधिकार स्थापित गर्न बल पुगोस् भनेर विभिन्न उच्चतह (High level) को गोष्ठी, सेमिनार र अन्तरक्रियाको आयोजना गरियो, सो कार्यक्रममा आमन्त्रित कतिपय आदिवासी सभासद्हरूले उपस्थित हुनसमेत असमर्थता देखाए उपस्थित भएकाहरूले पनि पहिलाको जस्तो प्रतिवद्धता जाहेर गर्न हिच्किचाए । यस्तो स्थिति र परिस्थितिमा २०७२ साल असोज ३ गते दोस्रो संविधानसभाबाट 'नेपालको संविधान' नाम तथा मिति बिनाको, आदिवासी अधिकार विनाको, एकल जात अधिकार भएको लङ्गडो संविधान जारी गरियो ।

नेपालको अन्तरिम संविधान, २०६३ मा लिपिबद्ध अधिकारहरू कटौती गरेर, जनताका आँखा छल गरी झट्ट हेर्दा अधिकारयुक्त देखिने, गहिरिएर हेर्दा नथिङ्ग (Nothing) देखिने अन्यौलपूर्ण प्रावधानहरू राखेर सीमित शीर्ष नेताहरूको चाहना र इच्छामा निर्मित संविधान जारी गरियो । "नखाऊँ भने दिन भरिको शिकार, खाऊँ भने कान्छा बावुको अनुहार" भने जस्तै ६०१ जना सभासद्द्वारा निर्मित, आकारमा ठूलो, भाषा क्लिष्ट, धूपछायाँ कपडा जस्तो । हेर्दा घरि कस्तो देखिने, घरि कस्तो देखिने ? संविधान ल्याइयो, जसको अधीनमा अहिले हामी बस्नु परेको छ ।

**प्राकृतिक प्रकोप तथा कथित विकासः**

२०७२ साल बैशाख १२ गते विनाशकारी महा-भूकम्प आयो । नेपालको विभिन्न ठाउँमा आदिवासी जनजातिलगायत अन्य समुदायहरू भूकम्पबाट पीडित हुन पुगे । पीडितहरूको लागि लाहुर्निपको आव्हानमा विदेशी आदिवासीहरूले थोरबहुत उपलब्ध गराएको राहत वितरण गर्न नेपालको विभिन्न जिल्ला (सिन्धुली, सिन्धुपाल्चोक, रसुवा आदि) मा व्यस्त हुन पर्‍यो ।

विगतदेखि नै देशको विभिन्न जिल्ला/स्थानमा सरकार तथा लगानीकर्ता कम्पनीहरूद्वारा विकासको नाउँमा आदिवासी

जनजातिहरू विस्थापन हुनेगरी कुनै ठाउँमा विद्युतलाईन, कुनै ठाउँमा जलविद्युत परियोजना, कुनै ठाउँमा राष्ट्रिय निकुन्ज र वन्यजन्तु आरक्ष क्षेत्रमा सैनिकीकरण आदि इत्यादि बहानामा परियोजनाहरू संचालन गरिएको र सो गर्दा आदिवासी जनजातिहरूको अस्तित्व र पहिचान नै धरापमा पर्न गएको छ। यसरी नै सडक विस्तारको नाममा काठमाडौं उपत्यकावासी आदिवासी स्थानीय नेवार समुदायको पहिचान मेट्ने/मेटाउने गरी सडक विस्तार गरियो।

यस्तैगरी नेपालको विभिन्न आदिवासी जनजातिको पुर्ख्यौली थातथलोबाट उनीहरूलाई उठीबास गराउन यस्ता अनेकौं बाधा व्यवधान सृजना गरी सम्बन्धित स्थानीय आदिवासी जनतालाई दुःख, पीडा दिएर हैरानी खेलाइयो। यी यस्ता दुःख पीडामा परेका थुप्रै जनसमुदाय लाहुर्निपसंग सहयोगको अपेक्षा गर्दै लाहुर्निपको ढोका ढक्ढकाउन आइपुग्थे।

सरकार भनेको जनताको अभिभावक हुनुपर्नेमा “रक्षक नै भक्षक” भने झैं सरकारसंग जनता रिसाउनु पर्ने, डराउनु पर्ने र मुकाबिला गर्नु पर्ने विडम्बना आइपर्दा पीडित जनता लाहुर्निपको आशा र भरोसामा बस्नु पर्ने स्थिति सिर्जना भयो। एक शब्दमा भन्ने हो भने लाहुर्निप आदिवासी जनजातिहरूको आशा र भरोसाको केन्द्र बनेको थियो र अहिले पनि छ। यस्तो स्थितिमा लाहुर्निपको बल-बुता र बुद्धि-विवेकले भ्याएसम्म, क्षमता र योग्यताले सकेसम्म के गर्न सक्थ्यो, गर्न प्रयास गऱ्यो, जसको परिणाम स्वरुप कुनै-कुनै ठाउँका पीडित जनसमुदायले भारी क्षतिपूर्ति प्राप्त गरेको पनि सुन्नमा आएको छ। माथि नै भनिसकियो कि लाहुर्निपले भ्याएसम्म र सकेसम्म पीडित जनसमुदायलाई सहयोग र राहत उपलब्ध गराएको छ, भन्दा अत्युक्ति नहोला !

**कानूनी उपचारको अवलम्बनः**
लाहुर्निपले कानूनी उपचारदेखि लिएर पीडितहरूका लागि सहयोगको आह्वान गरेकोले राष्ट्रिय मानव अधिकार आयोग, आदिवासी जनजाति पत्रकार महासंघलगायतले फिल्ड भिजीट/सर्वेक्षण तथा टीभी मिडिया (सगरमाथा टीभी, एबीसी टीभी) लगायतको सहयोगबाट पीडित जनतालाई राहत उपलब्ध गराइयो। यति मात्र होइन, संविधानसभामा आदिवासी जनजातिको प्रतिनिधित्वको लागि आई.एल.ओ. नं. १६९ तथा युएनड्रीपलगायतका अन्तर्राष्ट्रिय कानूनहरूद्वारा प्रदत्त एवं प्रत्याभूत आदिवासी अधिकार विपरीत संविधानसभा गठन भई संविधान निर्माण प्रक्रिया अगाडि बढाइएको विरुद्ध लाहुर्निपलगायत नेपालका २० वटा जातीय संघसंस्थाद्वारा संयुक्त रुपमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा दायर गरिएको थियो र सो उपर सम्मानित सर्वोच्च अदालतले निर्देशनात्मक आदेश दिएको थियो। तर सम्बन्धित पक्ष (सरकार) ले सो पालना गरेको देखिएन। यो आदेश जस्ताको तस्तै यहाँ उद्धृत गरिएको छ।

**सम्मानित सर्वोच्च अदालतद्वारा दिइएको निर्देशनात्मक आदेशको जस्ताको तस्तै अंश–**

“......................**२०६४ सालमा संविधानसभाको निर्वाचन भई नेपालको अन्तरिम संविधान**, **२०६३ अनुसार गठन भएको संविधानसभामा हुनुपर्ने प्रतिनिधित्वको विषयलाई लिएर**

**दायर भएकोमा निवेदन विचाराधीन रहेकै अवस्थामा २०६४ सालमा निर्वाचन भई गठन भएको संविधानसभा २०६९ जेष्ठ १४ गतेबाट निर्धारित कार्यकाल समाप्त भई विघटन भइसकेको हुँदा निवेदनमा माग भए अनुसार रीट जारी हुन सक्ने अवस्था नभएकोले प्रस्तुत रीट निवेदन प्रयोजनहीन भई खारेज हुन ठहर्छ । तर निवेदनमा उठाइएका संविधानसभामा हुनुपर्ने प्रतिनिधित्व सम्बन्धी प्रश्नहरू आगामी संविधानसभाको निर्वाचनको सन्दर्भमा समेत प्रासांगिक देखिएकाले अब गठन हुने संविधानसभामा आदिवासी/जनजातिलगायत आर्थिक, सामाजिक रुपले पछाडि परेको एवं सीमान्तकृत वर्ग वा समुदायको प्रतिनिधित्व के कसरी गर्दा सार्थक एवं प्रभावकारी हुन्छ, नेपाल समेत पक्ष रहेको नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी महासन्धि, १९६६, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार सम्बन्धी महासन्धि, १९६६, अन्तर्राष्ट्रिय श्रम संगठन महासंन्धि नं. १६९ लगायतका अन्तर्राष्ट्रिय कानून तथा सभ्य मुलुकहरूले प्रयोग गरी आएको स्थापित परम्परा समेतको अध्ययन अनुसन्धान गरी यसबाट प्रभावित विभिन्न पक्षहरूसंग छलफल, विचार विमर्श गरी नेपालको सन्दर्भमा अब गठन हुने संविधानसभामा संविधानले अंगिकार गरेको सिद्धान्त र भावना अनुसार आदिवासी जनजाति लगायत सीमान्तकृत तथा पीछडिएको वर्गको सार्थक एवं प्रभावकारी प्रतिनिधित्वका लागि के कस्तो व्यवस्था उपयुक्त हुन्छ । सो प्रयोजनका लागि संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४, संविधानसभा सदस्य निर्वाचन नियमावली, २०६४, संविधानसभा यिमावली, २०६५ लगायतका कानूनहरूमा के कस्तो संशोधन वा परिमार्जन आवश्यक पर्छ सोको निमित्त आवश्यक पहल गर्नू भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ । आदेश कार्यान्वयनको लागि विपक्षीहरूलाई जानकारी दिनुका साथै आदेश कार्यान्वयन अनुगमनको लागि प्रस्तुत आदेशको एकप्रति फैसला कार्यान्वयन निर्देशनालयलाई समेत पठाई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।"**

**NGO मा प्रवेश:**

लाहुर्निपमा प्रवेश भनेको मेरो लागि NGO मा पहिलो प्रवेश हो । यसभन्दा अगाडि मलाई NGO को विषयमा खासै जानकारी थिएन । तर जब NGO (लाहुर्निप) मा संलग्न हुन पुगियो, तब NGO के हो ? यसले कसरी ? कहाँ ? किन र के काम गर्दछ ? भन्ने जानकारी पाइयो साथै NGO संचालनकर्ताको मनसाय/नियत अनुसार संचालन हुने रहेछ । राम्रो, सकारात्मक र जनभलाई चाहनेले NGO बाट गहकिला, ठूल्ठूला कार्यहरू गर्न सकिन्छ र गरेको पनि देखियो । अर्कोतर्फ NGO को फेक रिपोर्टको भरमा NGO संचालनकर्ताले व्यक्तिगत फाइदा उठाएको पनि देखियो । जे होस्-NGO संचालनकर्ताले चाहेको खण्डमा सरकारद्वारा गरिने जनसरोकारका कार्यहरूभन्दा राम्रो, फलदायक र जनतालाई प्रत्यक्ष फाइदा पुग्ने काम गर्न सक्छ भन्ने उदाहरण पनि नेपालमा पाइन्छ । माथि नै उल्लेख भइसकेको छ कि अहिलेसम्म लाहुर्निपले आदिवासी तथा स्थानीय समुदायसंग सहकार्य गर्दै सकारात्मक कामहरू के कति गरेको छ ? लाहुर्निपद्वारा २८ वर्षको अवधिमा सम्पन्न गरिएका कार्यहरू बारे यस स्मारिकामा प्रकाशित विभिन्न आदिवासी अधिकार अभियन्ता तथा विद्वान व्यक्तित्वहरूको

लेख/रचनाबाट प्रष्ट हुने नै छ। यसभन्दा बढी यहाँ व्याख्या र विश्लेषण गरिरहन जरुरत परेन।

**लाहुर्निपमा- २८ वर्ष**

लाहुर्निपमा २८ वर्षसम्म एक व्यक्ति एक संस्थाको पदमा रहन परेको रहर वा बाध्यता वारे स्पष्ट पार्नै पर्ने पंक्तिकारलाई महशूस भयो। किनभने आफ्नै मान्यता र सिद्धान्त विपरीत यति लामो अवधिसम्म पदभार सम्हाली बस्न पर्दा पंक्तिकारलाई लज्जाबोध भएको छ। तर के गर्ने ? एक व्यक्तिलाई सार्वजनिक व्यक्तित्वको रुपमा ग्रहण गरेपछि आफ्नो इच्छा, चाहनाले मात्र नहुने रहेछ। समाज, संस्था तथा जनचाहनाकै अधीन र आवश्यकतामा बाँधिनु पर्ने हुँदो रहेछ। यो पंक्तिकारलाई पनि यहीं वाध्यताले जकड्याएर २८ वर्षसम्म लाहुर्निपमा बिताउन परेको हो। यस्तो अवस्था र परिस्थिति पर्नुको कारण निम्नानुसार प्रस्तुत गरिन्छ।

- ♣ तत्कालीन अध्यक्ष व्यक्तिगत वाध्यताले विदेश प्रस्थान गर्नु र रोलक्रमले उपाध्यक्षले नै का.बा. अध्यक्षको जिम्मेवारी लिनु परेको।

- ♣ तत्कालीन कार्यसमितिको कार्यावधि समाप्तिपश्चात् साधारणसभाले एक कार्यकाल अध्यक्षको रुपमा संस्थामा रहनै पर्ने बाध्य बनाएको।

- ♣ माथि उल्लिखित कार्यकाल समाप्ति नहुँदै देशमा संविधानसभाको निर्वाचन आएको र सो निर्वाचनबाट निर्वाचित आदिवासी जनजाति सभासद्हरूलाई आदिवासी अधिकार तथा आदिवासी मानव अधिकार वारे प्रशिक्षित गराउन लाहुर्निपले आफ्नो दायित्वबोध गरेर अझ एक कार्यकाल बस्नै पर्ने बाध्य बनाएको।

- ♣ संविधानसभाद्वारा तोकिएको कार्यकालमा आफ्नो लक्ष्य/उद्देश्य पूरा गर्न असमर्थ भएपछि संविधानसभा (पहिलो) विघटन हुन पुग्यो त्यसपछि पुनः संविधानसभाको दोस्रो निर्वाचन हुने भयो र सो निर्वाचनपश्चात् मात्र पदमूक्त हुने गरी पुनः सोही पदमा बस्न बाध्य हुनेगरी साधारणसभाबाट पदीय जिम्मेवारी सुम्पिएको।

- ♣ संविधानको दोस्रो निर्वाचन भएपश्चात् पुनः आदिवासी सभासद्हरूलाई आदिवासी अधिकार नयाँ संविधानमा लिपिबद्ध र सुनिश्चित गर्न लाहुर्निपद्वारा पहलकदमी गर्न पर्ने अवस्थामा पदीय जिम्मेवारी छोड्न नपाइने भनी साधारणसभाबाट यथावत् यथापदमा रही जिम्मेवारी पूरा गर्न पर्ने जिम्मेवारी दिइएको।

- ♣ सोही समयावधिमा विनाशकारी महाभूकम्पको प्रकोप आई परेको र अधिकांश आदिवासी जनजातिहरू पीडित हुन पुगेको हुँदा लाहुर्निपद्वारा देश-विदेशका विभिन्न सहयोगी हातहरूबाट राहतको लागि आह्वान र अपील गर्नुपर्ने अवस्था र प्राप्त राहतको उचित वितरणको व्यवस्था गर्नु पर्ने स्थितिमा पदमूक्त भई उन्मुक्ति लिन नपाइने बाध्यता आइपरेको।

- ♣ २०७२ साल असोज ३ गत नेपालको नयाँ संविधान जारी भएपश्चात् आदिवासी

जनजाति अधिकार सुनिश्चित नभएको हुँदा सम्बन्धित सरोकारवालाहरूलाई सो वारे सुसूचित गर्नु/गराउनु पर्ने र त्यो नयाँ संविधानमा आदिवासी अधिकार विरुद्ध के कति प्रावधानहरू छन् तथा राज्यले नै अनुमोदन तथा सहमति गरिसकेको अन्तर्राष्ट्रिय कानूनहरूद्वारा प्रत्याभूत आदिवासी अधिकारको उल्लघंन कहाँ कसरी भएको छ ? भन्ने सम्बन्धमा आदिवासी जनजाति जनतालाई सूचित गर्न पर्ने अवस्था आइपरेको ।

- माथि उल्लिखित विविध कारण तथा बाध्यताले यति लामो समय लाहुर्निपमा बस्नु परेको, तत्कालीन कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूले पदमूक्त हुन नपाइने गरी उक्त कार्य समितिलाई नै साधारणसभाबाट निरन्तरता दिइएको ।

- २०७६ सालमा विश्व महामारी (pendamic) कोभिड-१९ (कोरोना)को संक्रमणले विश्वलाई नै थला पर्ने गरी आतंकित पार्दै संसारभरिका लाखौंलाख व्यक्तिहरूको ज्यान लिएको अवस्थामा नेपालमा पनि यस प्रकोपले गर्दा लकडाउनको कारण सभा, सम्मेलन, भेटघाट गर्न नपाइने अवस्था सिर्जना भई वार्षिक साधारणसभा पनि भर्चुअल माध्यमबाट सम्पन्न गर्नु परेको ।

- अब भने कोभिड -१९ पनि थोरै साम्य भएको अवस्था तथा यहीं २०७९ सालमा वर्तमान कार्यसमितिको अवधि समाप्त हुन लागेको हुँदा आगामी साधारण सभाबाट नयाँ कार्यसमितिमा नयाँ अनुहार, नयाँ जोश-जाँगर भएका, आदिवासी जनताप्रति बफादार, अधिकारमा इमान्दार र आदिवासी जनजाति मानव अधिकार उल्लंघनमा सचेत, सक्रिय र जुझारु आदिवासी जनजाति कानून व्यवसायी, गैरपार्टी नेता/कार्यकर्ताको लाहुर्निपको पवित्र घरभित्र प्रवेश होस् र लाहुर्निपले आर्जन गरेको अहिलेसम्मको छवि, इज्जत, जनसमुदायबाट प्राप्त मानसम्मान र लोकप्रियतालाई कायम राख्दै अझ अगाडि बढेर राम्रो काम गर्न सकोस् भन्ने लाहुर्निपको नयाँ कार्य समितिलाई अग्रीम बधाई तथा शुभकामना व्यक्त गर्दछु । जय लाहुर्निप !

# खण्ड–ख

# लाहुर्निप–परिचय

– शाकुरा (अधिवक्ता)

**पृष्ठभूमिः**

लाहुर्निप (LAHURNIP-Lawyers' Association for Human Rights of Nepaless Indigenous Peoples) यस्तो संस्था हो, जसले नेपालका आदिवासी जनजातिहरूको जातीय/सामुदायिक अधिकारको हनन् विरुद्धमा आवाज बुलन्द गर्दै आएको छ। यति मात्र होइन, नेपालका आदिवासीहरूको सामुहिक अधिकार उल्लंघन विरुद्धमा कानूनी लडाई (अदालती मुद्दा) गर्ने देखि जनसमुदायको पीरमर्कामा परामर्श तथा सहयोग पुऱ्याउन यथासक्य प्रयास गर्दै आएको छ।

नेपाल सरकार/राज्यले संयुक्त राष्ट्र संघको एक सदस्यको हैसियतले विभिन्न अन्तर्राष्ट्रिय महासन्धि, अनुबन्ध, घोषणापत्र लगायतका सन्धि सम्झौताहरूमा हस्ताक्षर गरी अनुमोदन तथा सहमति गरिसकेको सबैमा विदितै छ। राज्यले अनुमोदन तथा सहमति गरिसकेको सो सन्धि सम्झौता पालना गर्नै पर्ने दायित्व राज्यको हुन्छ। नेपालले अनुमोदन गरेको तथा सहमति जनाएको अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि संख्या १६९ (ILO-International Labour Organization Convention No. 169) तथा आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र, २००७ (UNDRIP-United Nations Declaration on the Rights of Indigenous Peoples, 2007) द्वारा प्रदत्त तथा प्रत्याभूत आदिवासी अधिकारहरू कार्यान्वयन गर्ने तथा कार्यान्वयन गर्न सम्बन्धित समुदायलाई ठोस तथा प्रभावकारी सहयोग उपलब्ध गराउन पर्नेमा राज्य उल्टै आदिवासी जनजातिहरूको अधिकार प्राप्तिमा विरोधीको रुपमा प्रस्तुत हुने गरेको सम्बन्धित सबैमा जानकारी नै छ।

अन्तर्राष्ट्रिय कानून ILO. 169 तथा UNDRIP, 2007 बमोजिम कुनै पनि विकासको कार्य गर्दा सम्बन्धित आदिवासी/स्थानीय समुदायको स्वतन्त्र अग्रीम सुसूचित सहमति/मन्जुरी (Free Prior Informed Consent-FPIC) लिनु पर्दछ। तर सरकार वा ठेकेदार कम्पनीहरूले सम्बन्धित सरोकारवाला समुदायको FPIC नगरी विकासको नाममा हाइड्रोपावर, विद्युतीय हाईभोल्टेज लाईनहरू तथा सडक विस्तारलगायतका कार्य गर्दा आदिवसीहरूको उठीबास भई विस्थापन हुने अवस्था आउछ र विस्थापन भइरहेको अवस्था पनि छ। यसले गर्दा उनीहरूको अस्तित्व र पहिचानको विनाश हुनुको साथै उनीहरूको मानव अधिकार हनन् भइरहेको छ। यस सम्बन्धमा लाहुर्निपले आफ्नो बल-बुता र बुद्धि-विवेकले भ्यायसम्म आदिवासीहरूको मानव अधिकारको प्रतिरक्षा गर्दै आइरहेको छ। यसको लागि राष्ट्रिय, क्षेत्रीय र जिल्लास्तरीय आदिवासी मानव अधिकार प्रतिरक्षकहरू तथा आदिवासी मानव अधिकार प्रतिरक्षकहरूको व्यवस्था गरिएको छ। साथै कानूनी उपचारको लागि अड्डा-अदालतमा मुद्दा दायर गर्नेदेखि अन्तर्राष्ट्रिय अदालतमा समेत पुगेको अवस्था छ।

**लाहुर्निपको गठन तथा विधिवत् स्थापनाः**

माथि उल्लिखित आदिवासी मानव अधिकारको प्रतिरक्षार्थ संस्थागत प्रयासको आवश्यकता महशूस

गरी काठमाडौं उपत्यकामा कानूनी पेशाा/व्यवसाय अवलम्बन गर्दै बसेका कानून व्यवसायीहरूलाई संगठित बनाई **लाहुर्निप** नामक संस्था स्थापना गर्न पुगिएको हो ।

२०५१ साल पुस २३ गते काठमाडौंमा रहने, बस्ने कानून व्यावसायीहरूको समूहले आदिवासीहरूको मानव अधिकार सम्बन्धी विषयमा छलफल गर्न नेपाल ल क्याम्पस, प्रदर्शनी मार्ग (भृकुटी मण्डप) मा एक भेलाको आयोजना गऱ्यो । यस भेलामा तपसीलका कानून व्यवसायी (वकिल) हरूको उपस्थिति रहेको थियो ।

१. अधिवक्ता दुर्गा प्रसाद सुब्बा
२. " शान्ति कुमारी राई
३. " विक्रम राई
४. अभिवक्ता उमेश थापा (मगर)
५. " शंकर सुब्बा (लिम्बू)
६. " थाइन्द्र आङबुहाङ
७. अधिवक्ता भगवान् गुरुङ
८. " उत्तरमसिंह आङदेन
९. अभिवक्ता देवान खालिङ
१०. " रामकुमार राई
११. " जिता मुकारुङ
१२. " देवराज राई
१३. " भिम राई (राजेश)
१४. " दिनेशकुमार घले
१५. " धनकुमार राई
१६. " नवीन लिङदेन
१७. अधिवक्ता राजकुमार श्रेष्ठ
१८. अभिवक्ता गजेन्द्रराज आङदेम्बे
१९. अधिवक्ता टंकबहादुर राई
२०. अभिवक्ता विषण राई
२१. " जोरवीर राई
२२. " ललितकुमार राई
२३. " शिवकुमार श्रेष्ठ
२४. " एन.एस. फागो
२५. " दिनेश राई (दिवंगत)
२६. अधिवक्ता नगेन्द्रकुमार राई (दिवंगत)
२७. अभिवक्ता हर्कजित लामा (दिवंगत)
२८. " खड्गबहादुर आङदेम्बे
२९. अधिवक्ता तेजबहादुर यक्सो लिम्बू
३०. अभिवक्ता रिपुधन राई

उक्त भेलाको छलफलबाट नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह गठन गर्न सहमति भयो । यसको लागि निम्नानुसार एक **तदर्थ समिति** गठन गरियो ।

अधिवक्ता दुर्गाप्रसाद सुब्बा- अध्यक्ष
अधिवक्ता शान्ति कुमारी राई- उपाध्यक्ष
अधिवक्ता तेजबहादुर यक्सो लिम्बू- सचिव
अभिवक्ता भिम राई (राजेश)- सह-सचिव
अभिवक्ता दिनेशकुमार घले- कोषाध्यक्ष
अभिवक्ता हर्कजित लामा (दिवंगत)- सदस्य
अधिवक्ता राजकुमार श्रेष्ठ- "
अभिवक्ता रामकुमार राई- "
अधिवक्ता उत्तमसिंह थाङदेन- "
अभिवक्ता उमेश थापा- सदस्य

यस तदर्थ समितिको पहिलो बैठक २०५१/०९/२९) बाट पूर्णबहादुर राना मगर, शारदा सुब्बा र गजेन्द्रराज आङदेम्बेलाई सदस्यमा थप गरी १३ सदस्यीय तदर्थ समिति गठन गरियो ।

तत्पश्चात् संस्था दर्ता ऐन, २०३४ बमोजिम विधिवत् संस्था दर्ता प्रयोजनार्थ संस्थाको एक विधान तयार गर्नुपर्ने नियमानुसार दुर्गाप्रसाद सुब्बा दाजुले संस्थाको विधान मस्यौदा गर्नु भयो । मस्यौदा गर्ने क्रममा सो मस्यौदा उपर बीच-बीचमा छलफल तथा सल्लाह गर्दै विधानलाई पूर्णता दिइयो र मिति २०५१/११/१८ मा काठमाडौं जिल्ला कार्यालयमा दर्ता नं.४०२/०५१/५२ मा विधिवत् रुपमा लाहुर्निपको स्थापना गरियो ।

**लाहुर्निपको उद्देश्यहरू (Objectives):**

१. नेपालका आदिवासीहरूको मानव अधिकार

सुनिश्चितता, संरक्षण र सम्वर्द्धन गर्ने ।

२. नेपाका आदिवासीहरूसंग सम्बन्धित विभिन्न इथ्नोग्राफिक अध्ययन, अनुसन्धान गर्ने ।

३. आदिवासीहरूको अधिकार, कल्याण र मौलिक स्वतन्त्रता बारे उनीहरूलाई अझ सजग, संवेदनशील बनाउने ।

४. नेपालका आदिवासीहरूको सम्बन्धमा स्रोत केन्द्रको स्थापना गर्ने र उनीहरूको मानव अधिकार बारे विस्तृत सूचना प्रदान गर्ने ।

५. आदिवासी क्षेत्रहरूमा विभिन्न तहको कार्यशाला, अन्तरक्रिया, सेमिनार र बैठकहरूको आयोजना गर्ने ।

६. आदिवासीहरूको आधारभूत मानव अधिकार प्रतिरक्षा, सुनिश्चितता र सम्वर्द्धनका लागि राष्ट्रिय दवाब समूहको रुपमा काम गर्ने ।

७. आदिवासी अधिकारका सवालमा सूचना संकलन, प्रशोधन, विश्लेषण र वितरण गर्ने ।

८. कानूनी तथा मानव अधिकार हननका सवालमा निःशुल्क कानूनी सहायता प्रदान गर्ने ।

९. आदिवासी अधिकारका सवालसंग सम्बन्धित विषयमा विभिन्न परियोजनाहरू संचालन गर्ने ।

१०. नेपालका आदिवासीहरूको आर्थिक, सामाजिक उत्थानमा द्रूतगति दिनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयासहरूको समर्थन तथा ऐक्यवद्धता अभियानहरू संचालन गर्ने ।

११. शान्ति तथा द्वन्द्व व्यवस्थापनको क्षेत्रमा काम गर्ने र योगदान गर्ने ।

१२. जातीय विभेद् र लैंगीक असमानताका विरुद्ध वकालत गर्ने ।

१३. विभिन्न तहमा आदिवासीहरूको मानव अधिकार र मौलिक स्वतन्त्रता प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय मानव अधिकार संगठनहरूसंग समन्वय र सहकार्य गर्ने ।

**लाहुर्निपको दूरदृष्टि तथा ध्येयः**

**● दूरदृष्टि (Vision):**

लाहुर्निप पूर्ण मानव आत्मसम्मान, दिगो विकास र शान्तिको परिकल्पना गर्दछ, जुन मानव अधिकार र मौलिक स्वतन्त्रता तथा सामुहिक अधिकारको सम्मान र सुनिश्चितताबिना हासिल गर्न असम्भव छ ।

**● ध्येय (Mission):**

लाहुर्निप नेपालका आदिवासीहरूको अधिकार, मानव अधिकार र सवालहरूमा सहयोग र योगदान पुऱ्याउन स्थापना भएको हो ।

यो संस्था विधिवत् स्थापना भएदेखि नेपालका आदिवासीहरूको मानव अधिकार हनन्/उल्लंघनको विरुद्ध आवाज उठाउदै आदिवासी जनजाति समुदायमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी अधिकार सम्बन्धमा जनचेतना अभिवृद्धिको लागि आफ्नो स्रोतसाधन र क्षमताले भ्याएसम्म कार्य गर्दै आइयो । यसरी निकै लामो समयसम्म दुर्गाप्रसाद सुब्बा दाजुकै नेतृत्व/अध्यक्षतामा लाहुर्निप संचालन भयो ।

लाहुर्निपको लक्ष्य तथा उद्देश्य पूरा गर्न र कार्य संचालनमा सहजताको लागि संस्था मातहत विभिन्न विषयगत निम्न समितिहरूको गठन गरिएको छ । साथ-साथै आदिवासी मानव अधिकार प्रतिरक्षार्थ लाहुर्निप मातहत विभिन्न प्रतिरक्षकहरूको व्यवस्था पनि गरिएको छ ।

**विषयगत समितिहरूः**

- आदिवासी जनजाति महिला मामिला समितिः
  अधिवक्ता लक्ष्मी राई (दिवंगत)-संयोजक
- कानूनी परामर्श तथा सहायता समितिः
  अधिवक्ता चेतबहादुर आले-संयोजक
- जनसम्पर्क समितिः
  अधिवक्ता सन्तोस राना मगर-संयोजक
- प्रचार प्रसार समितिः
  अधिवक्ता रामहरि श्रेष्ठ-संयोजक

**आदिवासी मानव अधिकार प्रतिरक्षकहरूः**

❖ **राष्ट्रिय आदिवासी मानव अधिकार प्रतिरक्षक-लाहुर्निपः**

संयोजक- अधिवक्ता भिम राई

❖ **क्षेत्रीय आदिवासी मानव अधिकार प्रतिरक्षकहरूः**

अधिवक्ता जुनाकुमारी गुरुङ-कास्की
अधिवक्ता मकवान सुब्बा-झापा
अधिवक्ता सन्तोस राना मगर-काठमाडौं
श्री देवराज चौधरी-मोरङ
श्री गोपाल देवान-सुनसरी

❖ **जिल्ला आदिवासी मानव अधिकार प्रतिरक्षकहरू (वर्तमान):**

अधिवक्ता लक्ष्मी राई (दिवंगत)-काठमाडौं
अधिवक्ता निना डंगोल-काठमाडौं
अग्निमाया मेचे-झापा
बिनादेवी तामाङ-सुनसरी
धनकुमारी सुनुवार-सिन्धुली
अधिवक्ता काशीराम चौधरी-बर्दिया
अधिवक्ता रामहरि श्रेष्ठ-काठमाडौं
अधिवक्ता यामप्रसाद लिम्बू-इलाम
बिर्खबहादुर वाइबा तामाङ-पाँचथर
दलबहादुर घर्ती मगर-कैलाली
दिलबहादुर थेबे-मोरङ
कार्साङ तेम्बा तामाङ-रसुवा
खगेन्द्रबहादुर पुन मगर-दैलेख
खेमजंग गुरुङ-लमजुङ
अधिवक्ता किरण मुखिया- इलाम
प्रेमराज घिसिङ-झापा
अधिवक्ता राजकुमार राजवंशी-मोरङ
अधिवक्ता सर्जुप्रसाद चौधरी-कैलाली
गोबिन्द छन्त्याल-बाग्लुङ
नरबहादुर गुरुङ-गोर्खा
निरन्ती तुम्बापो-पाँचथर
संगीता थामी-इलाम
मीरा राजभण्डारी-काठमाडौं
भुवनकुमारी गुरुङ-दोलखा
सुमी दर्लामी मगर-रामेछाप
बविता तामाङ-ललितपुर
आश गुरुङ-लमजुङ
चन्द्रकला सुब्बा-झापा
जानकी चौधरी-मोरङ
झुमा चौधरी-सुनसरी
कृष्ण आले -लमजुङ
मनोज बाँस्के-मोरङ
नुर्बु शेर्पा-संखुवासभा
पाण्डपलाल चौधरी-झापा
पारशमणि राई-झापा
प्रबिना राई-इलाम
रिन्जी शेर्पा-पाँचथर
रुकमिणी धिमाल-मोरङ
सावित्री चौधरी- सुनसरी
शकुन्तला माझी-काभ्रेपलान्चोक
शान्ता तामाङ- मोरङ
शिब राई-मोरङ
सोमकुमारी थारु-बर्दिया
सुशन बम्जन-इलाम
अधिवक्ता सुष्मिता राई-मोरङ
तेजमान कन्दङवा-तेह्रथुम
उषा तामाङ-मोरङ
गमबहादुर थापा-पाल्पा
सरिता राई-खोटाङ
सरस्वती कुलुङ-सोलुखुम्बू
सीता राई-सुनसरी
अर्जुन कुलुङ-सोलुखुम्बू
शम्भू थापा मगर-झापा
लक्ष्मीकुमारी चौधरी-मोरङ
लाक्पा तामाङ-रसुवा
लक्ष्मीकुमारी गुरुङ-रसुवा
पूजा तामाङ-सिन्धुपाल्चोक

जिज्ञाशा तामाङ (गोले) -इलाम
भोटराज राई-उदयपुर
गोकुल भूजेल-सिन्धुली
महेश्वरी महर्जन-काठमाडौं
सत्यनारायण डंगोल-काठमाडौं
रामभोला महर्जन-काठमाडौं
बुद्ध लामा-मकवानपुर
रिनोज डंगोल-ललितपुर
महेन्द्र दुरा-चितवन
नवीन घले-भोजपुर
प्रकाश घले-ललितपुर
भूमिचन्द्र नाछिरिङ-खोटाङ
चन्द्रकला राई-भोजपुर
अनिल थोकर-रामेछाप
शर्मिला थापामगर-नुवाकोट
टंककुमारी थापामगर-रामेछाप
भगवान रानामगर-नुवाकोट
टासी (ह्योल्मो)-सिन्धुपाल्चोक
सन्तोषी राई-भोजपुर
सूर्य आठपहरिया-धनकुटा

**विगतदेखि वर्तमानसम्म कार्यरत सचिवालय (कर्मचारी) नामावली–**

- **विगतका कर्मचारी नामावली:**

हेमन्त राजी-कार्यालय सहयोगी
सुरेन्द्र श्रेष्ठ-लेखापाल
सुजिन्द्र राई (लोहोरुङ)-कार्यक्रम संयोजक
दिलिपसिंह राई (कुलुङ) कार्यालय सहायक
भेषकुमार तामाङ (दिवंगत)-कार्यक्रम सहायक
रामबहादुर माझी-कार्यक्रम संयोजक
विनोददास गुरुङ- कार्यक्रम संयोजक
बागमान राई (कुलुङ)-प्रशासन तथा वित्त अधिकृत
रञ्जना कर्मचार्य- प्रशासन तथा वित्त सहायक
देवकुमार सुनुवार-कार्यक्रम संयोजक
इन्द्रबहादुर कुलुङ (दिवंगत)-कार्यक्रम संयोजक
प्रविन्द्र शाक्य-कार्यक्रम संयोजक
साङमो योन्जन तामाङ-कार्यक्रम सहायक
पूर्णलक्षी राई 'बोम्बोलाम्मा' (दिवंगत)-सहयोगी
मेनका राई (दिवंगत)-कार्यालय सहयोगी
निर्मलकुमार राई-कार्यक्रम सहायक
अमिता राई-कार्यक्रम सहायक

द्रष्टव्य: पुरानो कुनै कर्मचारीको नाम छुट्न गएमा संयोग मात्र हुनेछ ।

- **वर्तमान (कर्मचारी) नामावली:**

टहलबहादुर थामी-निर्देशक
दुर्गामणि राई (याम्फू)-कार्यक्रम संयोजक
असीम सुनुवार-प्रशासन तथा लेखा अधिकृत
मनोज राई (आठपहरीया)-कार्यक्रम अधिकृत
अन्जना श्रेष्ठ-प्रशासन तथा लेखा सहायक
विष्णुकुमार राई (कुलुङ)-कार्यालय सहायक
सुनिताकुमारी चौधरी-कार्यालय सहयोगी

**लाहुर्निपमा आएका देशी/ विदेशी स्वयं सेवकहरूको– नामावली:**

- → रेखा घले-भोजपुर
- → भावना राई-खोटाङ
- → Anne Besson - France
- → Aisha Concha- America
- → Amenda Cats Baril-America
- → Caitlin Daniel-USA
- → ...... Srilanka

**लाहुर्निपका शुभेच्छुक विद्वत् व्यक्तित्वहरू:**

- ➢ डा. अशोक गुरुङ (हाल-अमेरिका)
- ➢ श्री अमृत योन्जन तामाङ (भाषाविज्ञ)
- ➢ डा. ओम गुरुङ (दिवंगत) (नेफिन-पूर्वमहासचिव)
- ➢ डा. बलबहादुर मुखिया
- ➢ श्री बालकृष्ण माबोहाङ
- ➢ डा. चैतन्य सुब्बा (दिवंगत)
- ➢ डा. चुन्दा बज्राचार्य (निफ-संस्थापक सचिव)

- डा. डम्बर चेम्जोङ
- डा. गोपाल दहित (पूर्वमन्त्री)
- डा. कृष्णबहादुर भट्टचन (आदिवासी-विज्ञ)
- डा. कृष्ण हाछेथु
- श्री मल्ल के. सुन्दर (आदिवासी अधिकारकर्मी)
- डा. मुक्तासिंह लामा तामाङ
- डा. नवीन के. राई
- डा. नवोलकिशोर राई
- श्री नन्द कन्दङवा (आदिवासी अधिकारकर्मी)
- श्री आर.के. खम्बू (पूर्वसभासद्)
- डा. सुमाया कुमारी राई (कि.रा. यायोक्खा-पूर्वअध्यक्ष)
- डा. सुमित्रा मानन्धर (गुरुङ)
- अधिवक्ता टंकबहादुर राई (किरात विद्वान)
- डा. युवराज लिम्बू

**Well Wishers of LAHURNIP:**

- Mr. Anirudha Nagar-Australia
- Ms. Anouska Perron-Denmark
- Ms. Antti Kakivl-Finland
- Ms. Beverly Sakongan L. Longid- Philippines
- Mr. Christian Erni-Switzerland
- Ms. Chandra Roy-Banglaldesh
- Ms. Chon Chon-North–East India
- Ms. Christina Nilsson-Dewnmark
- Ms. Dalee Sangbodorough-USA
- Mr. Devasish Roy-Bangladesh
- Ms. Elsa Samboy-Greece
- Mr. Fergus Macey-New Zealand
- Mr. Francisco Cali Tzay-Guatemala
- Mr. Gam A Shimray-North-East India
- Ms. Helen Tugendhat-Australia
- Mr. James Anaya-USA
- Mr. Jason Pan-Taiwan
- Mr. Julian Berger-UK
- Ms. Jannie Lasimbang-Malaysia
- Ms. Joan Carling-Philippines
- Ms. Joji Cariño-Philippines
- Mr. Kenneth Deerkenneth-Canada
- Mr. Kim Remitz-Finland
- Ms. Lola Garcia-Alix-Denmark
- Ms.Leyla Tegmo Reddy-India
- Mr. Marian Jenson-Danish-Greenland
- Mr. Martin Olez- ......
- Ms. Melany Clerk- ......
- Mr. Rodolfo Stavenhagen-Mexico
- Mr. Siddharth Akali-Australia
- Mr. Signe Leth-Denmark
- Ms. Samia Slimane-Geneva
- Ms. Sille Stidsen-Denmark
- Mr. Tim Whyte-Denmark
- Ms. Victoria Tauli-Corpuz-Philippines
- Komala Rama Chandra-USA

**लाहुर्निपका शुभचिन्तक महानुभावहरू:**

- श्री बमकुमारी बुढामगर (पूर्व रापंस/निफ- संस्थापक सदस्य)
- श्री विश्वराम राई (सहायक प्र.अ.-बलम्ता)
- श्री भूपेन्द्रसिंह राई (पूर्व प्र.अ.-बलम्ता)
- श्री चिनीमाया माझी (निफ-अध्यक्ष)
- श्री डण्ड गुरुङ (पत्रकार)
- श्री डम्मर लोहोरुङ
- श्री डम्बर तेम्बे

- अधिवक्ता दिपेन्द्र राई
- श्री गणेशमान गुरुङ (पत्रकार)
- श्री जुनिता राई (शान्ति देवान) (निफ-महासचिव)
- श्री कुसुम भट्टचन (पूर्वअध्यक्ष-आ.ज. महिला सहकारी संस्था)
- श्री कविराज थामी
- श्री मंगला कारंजित (पूर्वअध्यक्ष-नेवाः मिसा खल)
- श्री पद्मरत्न तुलाधर (दिवंगत) (बरिष्ठ मानव अधिकारकर्मी)
- श्री शम्भू राई (प्रशिक्षक)
- शुभ घले (अनुसन्धानकर्ता)
- श्री सोमा राई (निफ-पूर्वअध्यक्ष)
- श्रद्धा घले (अनुसन्धानकर्ता)
- श्री उत्तम सुनुवार क्वाइँच
- यमबहादुर कुलुङ (पूर्वअध्यक्ष-एन.जि.ओ. फोनिन)
- श्री यशोकान्ति भट्टचन (निफ-संस्थापक कोषाध्यक्ष)

**शुभचिन्तक संवैधानिक अंग/संघसंस्थाहरूः**

- आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान (NFDIN)
- आदिवासी जनजाति युवा महासंघ (YFIN)
- आदिवासी जनजाति विद्यार्थी महासंघ
- आदिवासी जनजाति पत्रकार महासंघ (FONIJ)
- आदिवासी जनजाति आयोग
- आदिवासी विद्यार्थी समाज (आ.वि.स.)
- आदिवासी महिला कानूनी सचेतना समूह (INWOLAG)
- ABC Television
- Indigenous Media Foundation
- Indigenous Film Archive (IFA)
- Indigenous Television
- नेपाल आदिवासी जनजाति महासंघ (NEFIN)
- Nepal Indigenous Disabled Association (NIDA)
- Nepal Indigenous Disabled Women Association-Nepal (NIDWAN)
- राष्ट्रिय मानव अधिकार आयोग (NHRC)
- राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (NIWF)
- सगरमाथा टेलिभीजन
- थारु आयोग

**सार-संक्षेपः**

नेपालका आदिवासीहरूको मानव अधिकार, जातीय/सामुदायिक अधिकार, आदिवासीहरूको सामुहिक अधिकार प्राप्तिको लागि लाहुर्निप २०५१ सालदेखि हालसम्म निरन्तर रुपमा लागि परेको व्यहोरा सबैमा जगजाहेरै छ।

लाहुर्निपले जनसमुदायको विश्वास जितेको अवस्थाले गर्दा अधिकार प्राप्तिबाट बञ्चीत, कथित विकासको नाममा विभिन्न परियोजनाबाट पीडित आदिवासी तथा स्थानीयवासीहरूको लागि लाहुर्निप आशाको केन्द्र बनेको छ। लाहुर्निपले निस्वार्थ रुपमा कार्य गरिरहेको हुँदा लाहुर्निपलाई अझ राम्ररी र प्रभावकारी रुपमा आदिवासी अधिकार प्राप्तिमा सहयोग पुऱ्याउन लाहुर्निपमा विभिन्न विद्वत् व्यक्तित्वहरूको सल्लाह, सुझाव तथा शुभेच्छा प्राप्त भइरहेको छ। आगामी दिनहरूमा पनि वहाँहरूबाट यस्तै शुभेच्छा, सल्लाह, सुझाव तथा साथ-सहयोग प्राप्त भइरहोस् भन्ने लाहुर्निपको आग्रह, कामना र अपेक्षा छ।

